# नेपाली साहित्यमा नौलो राँको पत्रिकाको योगदान

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
**नारायणदत्त पौडेल**
शैक्षिक सत्र २०६५-२०६७
त्रि.वि.दर्ता क्रमाङ्क १७५८५-८९

**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०७०/२०१३

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र नारायणदत्त पौडेलले **नेपाली साहित्यमा नौलो राँको पत्रिकाको योगदान** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७०/०५/०४
२० अगस्त २०१३

**मुरलीधर घिमिरे**
उपप्राध्यापक
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन


वि. सं. २०२६ देखि प्रकाशित हुन थालेको **नौलो राँको** चितवनको प्रगतिशील साहित्यिक फाँटको अग्रणी पत्रिका हो । यसले नेपाली साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याएको भए तापनि यस सम्बन्धमा  विस्तृत अध्ययन हुन सकेको थिएन । त्यसैले यसको साहित्यिक गरिमामाथि प्रकाश पार्ने उद्देश्यले **नेपाली साहित्यमा नौलो राँको पत्रिकाको योगदान** शीर्षकमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभाग, भरतपुर चितवनको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि यो शोधपत्र तयार पारिएको हो । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा आफ्नो अमूल्य समय खर्चेर सुझाउ र निर्देशन दिई सहयोग गर्नुहुने मेरा शोध निर्देशक आदरणीय गुरु उपप्राध्यापक श्री मुरलीधर घिमिरेप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोध प्रस्तावलाई विभागीय स्वीकृति दिई शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागका विभागीय प्रमुख तथा आदरणीय गुरु प्रा.डा.नारायणप्रसाद खनाल र नेपाली विभाग परिवारप्रति म कृतज्ञ छु ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा सामग्री सङ्कलनदेखि लिएर अन्य विविध सहयोग पुऱ्याउनु हुने आदरणीय दाजु श्री डी. आर. पोखरेल र **नौलो राँको** पत्रिकाका केही अङ्कहरू उपलब्ध गराई शोध लेख्न हौसला बढाइदिनु हुने आदरणीय गुरु सहप्राध्यापक श्री भवनाथ सडौलाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । त्यसै गरी सामग्री सङ्कलनमा सहयोग पुऱ्याउनु हुने श्री प्रेमविनोद नन्दन, श्री दिव्य जोशी तथा **नौलो राँको** पत्रिकाको ऐतिहासिक पृष्ठभूमि एवम् अन्य विविध जानकारी उपलब्ध गराउनु हुने श्रद्धेय श्री हरिहर खनाल, श्री सोमनाथ घिमिरे, श्री बाबुराम पाण्डे, श्री रविकिरण निर्जीव, श्री रामहरि श्रेष्ठलगायतका महानुभावहरूलाई पनि मुरीमुरी धन्यवाद दिन चाहन्छु । जस जसका पुस्तक तथा लेख रचनाहरूबाट यो शोध तयार पार्न सम्भव भयो, ती सम्पूर्ण लेखक विद्वान्हरूप्रति म ऋणी छु ।

समयमै काम सम्पन्न गर्न हरबखत घचघच्याउँदै सजग गराउनुहुने ममतामयी माता लक्ष्मी उपाध्यायी एवं घरायसी वातावरण अनुकूल बनाई शोधपत्र तयार पार्न सहयोग पुऱ्याउने प्रिय जीवन सँगिनी देवी सुवेदी, छोरीहरू सदीक्षा र प्रतीक्षा, छोरा प्रवेश तथा समस्त परिवारजनप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । प्रस्तुत शोधपत्रलाई छिटोछरितो रूपमा टङ्कण गरी सहयोग पुऱ्याउने कालिका कम्प्युटर सर्भिस, नारायणगढका श्री महेश पौडेल पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरसमक्ष पेस गर्दछु ।


मिति : २०७०/०५/०४
२० अगस्त २०१३

-----------------


**नारायणदत्त पौडेल**

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अनु. | अनुवाद |
| इ.सं. | इस्वी संवत् |
| क्र.सं. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ने.भा.प्र.स. | नेपाली भाषा प्रकाशिनी समिति |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| मा.वि. | माध्यमिक विद्यालय |
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| वि.सं. | विक्रम संवत् |
| सं. | संस्करण/सङ्ख्या |
| सम्पा. | सम्पादक |
| स्व. | स्वर्गीय |

# विषयसूची


**परिच्छेद : एक**

**शोधपरिचय**

१. विषय परिचय १
१.२ समस्याकथन २
१.३ शोधकार्यका उद्देश्यहरू २
१.४ पूर्वकार्यको विवरण र समीक्षा ३
१.५ शोधकार्यको औचित्य र महत्त्व ५
१.६ शोधकार्यको सीमाङ्कन ५
१.७ सामग्री सङ्कलन विधि ५
१.८ शोधविधि ६
१.९ शोधपत्रको रूपरेखा ६
१.१० निष्कर्ष ६

**परिच्छेद : दुई**

**चितवनका साहित्यिक पत्रपत्रिकाहरूको विवरण**

२.१ विषय परिचय ७
२.२ चितवनका साहित्यिक सङ्घसंस्थाहरू ८
२.३ चितवनमा साहित्यिक पत्रपत्रिकाको प्रकाशन र गतिविधि ९
२.४ निष्कर्ष १३

**परिच्छेद : तिन**

**नौलो राँको पत्रिकाका रचनाहरूको विधागत विवरण**

३.१ विषय परिचय १५
३.२ **नौलो राँको**मा प्रकाशित सामग्रीको अनुक्रमणिका १५
३.२.१ कविता १६
३.२.२ कथा र लघुकथा २१
३.२.३ लघु उपन्यास २२

३.२.४ लेख तथा निबन्धहरू २३
३.२.५ एकाङ्की २५
३.२.६ समालोचना/समीक्षा/पुस्तक परिचय २६
३.२.७ विविध २७
३.२.८ **नौलो राँको**का अङ्क एकदेखि अङ्क नौसम्म प्रकाशित सम्पूर्ण रचनाहरूको तालिका २८
३.२.९ **नौलो राँको**का प्रकाशक/सम्पादकहरूको विवरणात्मक सूची २९
३.२.१० निष्कर्ष ३०

**परिच्छेद : चार**

**नौलो राँकोमा प्रकाशित रचनाहरूको विश्लेषण**

४.१ विषय परिचय ३२
४.२ **नौलो राँको**मा प्रकाशित कविता ३२
४.२.१ कविताको वस्तुविश्लेषण ३५
४.२.२ कविताको भाषाशैलीय विश्लेषण ५४
४.२.३ निष्कर्ष ६०
४.३ **नौलो राँको**मा प्रकाशित कथा ६१
४.३.१ कथाको वस्तुविश्लेषण ६२
४.३.२ कथाको भाषाशैलीय विश्लेषण ६५
४.३.३ निष्कर्ष ६८
४.४ **नौलो राँको**मा प्रकाशित लघुउपन्यास ६८
४.४.१ 'औँसीको रातपछि' लघुउपन्यासको वस्तुविश्लेषण ६९
४.४.२ 'औँसीको रातपछि' लघुउपन्यासको भाषाशैलीय विश्लेषण ७०
४.४.३ निष्कर्ष ७०
४.५. **नौलो राँको**मा प्रकाशित लेख तथा निबन्ध ७१
४.५.१ लेख तथा निबन्धहरूको वस्तुविश्लेषण ७२
४.५.२ लेख तथा निबन्धहरूको भाषाशैलीय विश्लेषण ८०
४.५.३ निष्कर्ष ८१

४.६ **नौलो राँको**मा प्रकाशित एकाङ्की ८२
४.६.१ एकाङ्कीको वस्तुविश्लेषण ८३
४.६.२ एकाङ्कीको भाषाशैलीय विश्लेषण ८३
४.६.३ निष्कर्ष ८४
४.७ **नौलो राँको**मा प्रकाशित समालोचना ८५
४.७.१ **नौलो राँको**मा प्रकाशित समालोचनाहरूको विश्लेषण ८६
४.७.२ निष्कर्ष ९०
४.८ विविध ९१
४.८.१ लेख रचनाहरूको विश्लेषण ९१
४.८.२ निष्कर्ष ९६
४.९ **नौलो राँको**को अप्राप्त पाँचौँ अङ्कका रचनाहरूका सम्बन्धमा ९७

**परिच्छेद : पाँच**

**नेपाली साहित्यमा नौलो राँको पत्रिकाको योगदान**

५.१ विषय परिचय ९९
५.२ **नौलो राँको** पत्रिका प्रकाशनको पृष्ठभूमि ९९
५.३ नेपाली साहित्यमा **नौलो राँको** पत्रिकाको योगदान १००
५.४ निष्कर्ष १०२

**परिच्छेद : छ**

**उपसंहार** १०४

**सन्दर्भग्रन्थ सूची** १०७

# तालिकासूची


तालिका सं. १ - चितवनका प्रमुख साहित्यिक सङ्घसंस्थाहरू ८

तालिका सं. २ - चितवनबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरू १०

तालिका सं. ३ - **नौलो राँको**का अङ्क १-९ मा प्रकाशित कविताहरू १६

तालिका सं. ४ - **नौलो राँको**का अङ्क १-९ मा प्रकाशित कथाहरू २२

तालिका सं. ५ - **नौलो राँको**मा प्रकाशित लघुउपन्यास २३

तालिका सं. ६ - **नौलो राँको**मा प्रकाशित लेख तथा निबन्धहरू २३

तालिका सं. ७ - **नौलो राँको**मा प्रकाशित एकाङ्कीहरू २६

तालिका सं. ८ - **नौलो राँको**मा प्रकाशित समालोचना २६

तालिका सं. ९ - विविध अन्तर्गतका रचनाहरू २७

तालिका सं.१० - **नौलो राँको**का अङ्क १-९ मा प्रकाशित कुल रचननाहरू २८

तालिका सं. ११ - **नौलो राँको** अङ्क १-९ को प्रकाशन विवरण २९

# परिच्छेद : एक
# शोधपरिचय

# परिच्छेद : एक

# सृजना परिचय

## १.१ विषय परिचय

भाषा मानव सञ्चारको महत्त्वपूर्ण साधन हो । भाषाको विशिष्ट प्रयोगबाट साहित्य सिर्जना हुन्छ । भाषा र साहित्यलाई समृद्ध बनाउन पत्रपत्रिकाहरूको उल्लेख्य योगदान रहेको पाइन्छ । नेपाली साहित्यको उत्थान र विकासमा पनि विभिन्न पत्रपत्रिकाहरूको योगदान महत्त्वपूर्ण रहँदै आएको छ । राष्ट्रिय स्तरमा प्रकाशित पत्रपत्रिकाका साथै स्थानीय तहमा प्रकाशित हुने पत्रपत्रिकाले पनि वर्तमान अवस्थामा आ-आफ्नो क्षेत्रबाट नेपाली भाषा र साहित्यलाई थप समृद्ध तुल्याउने कार्य गरिरहेका छन् । यसै सन्दर्भमा नेपाली भाषा र साहित्यको समुत्थानमा चितवन जिल्लाको भूमिका उल्लेखनीय रहेको कुरा स्पष्ट भइसकेको छ । चितवन जिल्लाबाट प्रकाशित हुने विभिन्न साहित्यिक पत्रपत्रिकाहरूको लहरमा **नौलो राँको** नामक पत्रिकाको आफ्नै प्रकारको ऐतिहासिक गरिमा रहेको पाइन्छ । हाल साहित्य सङ्गम चितवनको मुखपत्रको रूपमा प्रकाशित हुने **नौलो राँको** चितवनका साहित्यिक पत्रिकाहरूमध्ये अग्रपङ्क्तिको पत्रिका हो । वि.सं. २०२६ मा बाबुराम पाण्डेय, पशुपति वाग्ले र ऋद्धिनारायण पियाको प्रकाशकत्व तथा मुरारीमोहन जोशी, हरिहर खनाल र प्रभातकुमार जोशीको सम्पादकत्वमा प्रथम पटक प्रकाशित **नौलो राँको** २०३० सम्म जम्मा पाँचवटा अङ्क प्रकाशित भई प्रशासनिक हस्तक्षेप तथा अन्य कारणले विभिन्न समयमा अवरुद्ध हुँदै २०६६ सालसम्म यसका एक विशेषाङ्कसहित जम्मा ९ अङ्क प्रकाशित भएका छन् । वि.सं. २०४७ सालदेखि साहित्य सङ्गम चितवनको मुखपत्रका रूपमा प्रकाशित हुन थालेको **नौलो राँको** मूलतः चितवनका प्रगतिवादी स्रष्टा तथा द्रष्टाहरूको साझा चौतारीको रूपमा रहेको छ । यसको पछिल्लो नवौँ अङ्क स्व. मदनमोहन जोशी विशेषाङ्कका रूपमा प्रकाशित भएको छ । कविता, गीत, गजल, कथा, एकाङ्की, निबन्ध, समालोचना लगायतका साहित्यका विविध विधा तथा उपविधाहरूलाई यसले समेट्ने गरेको छ । हालसम्म यस पत्रिकाका प्रमुख सम्पादकहरूमा मुरारीमोहन जोशी, हरिहर खनाल, प्रभातकुमार जोशी,

रविकिरण निर्जीव, सोमनाथ घिमिरे, घनश्याम पौडेल, प्रकाश चापागाईं, गुणराज लोहनी, पूर्णबहादुर अधिकारी, होमनाथ सापकोटा, भवनाथ सडौला, इन्द्रप्रसाद रेग्मी, रामहरि श्रेष्ठ पोषराज पौडेल, रमेश प्रभात देवराज पौडेल र द्वारिका नेपाल रहेका छन् । हाल यसको प्रकाशक साहित्य सङ्गम चितवन रहेको छ । यस पत्रिकाका प्रथम अङ्क (२०२६) देखि नवौं अङ्क (२०६६) सम्म आइपुग्दा एउटा विशेषाङ्कसमेत प्रकाशित भइसकेकाले यो पत्रिका अनुसन्धेय रहेको छ । त्यसैले नेपाली साहित्यको विकासमा यस पत्रिकाले पुऱ्याएको योगदानमाथि प्रकाश पार्ने उद्देश्यले यो शोधपत्र तयार पारिएको हो ।

## १.२ समस्याकथन

प्रस्तुत शोधपत्रमा नेपाली साहित्यको विकासमा संलग्न चितवनका साहित्यिक पत्र-पत्रिकाहरूबारे सामान्य चर्चा गर्नु र नेपाली साहित्यमा **नौलो राँको** पत्रिकाको योगदानबारे अध्ययन विश्लेषण गर्नु यसको प्रमुख समस्या रहेको छ । यसै मूल समस्यासँग सम्बन्धित अन्य समस्याहरू निम्नलिखित रहेका छन् :

क) चितवनबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरूको अवस्था के-कस्तो रहेको छ ?

ख) **नौलो राँको** पत्रिकामा साहित्यका कुन-कुन विधाका के-कति र कस्ता रचनाहरू प्रकाशित छन् ?

ग) **नौलो राँको**मा प्रकाशित प्रमुख साहित्यिक रचनाहरूको विधागत विश्लेषण के-कसरी गर्न सकिन्छ ?

घ) नेपाली साहित्यको विकासमा **नौलो राँको** पत्रिकाको योगदान कस्तो छ ?

यिनै प्रमुख समस्याहरूको समाधानतर्फ यो शोधकार्य उन्मुख रहेको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

नेपाली साहित्यको विकासमा **नौलो राँको** पत्रिकाले पुऱ्याएको योगदानबारे प्रकाश पार्नु यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । **नौलो राँको** पत्रिकामा प्रकाशित विभिन्न विधागत रचनाहरू र तिनले नेपाली साहित्यको उत्थानमा खेलेको भूमिकाको निक्र्यौल गर्नु यस शोधपत्रको अर्को उद्देश्य हो । यसका साथै नेपाली साहित्यसँग सम्बन्धित चितवनका

साहित्यिक पत्रिकाहरूबारे सामान्य चर्चा गर्नु पनि यस शोधकार्यको उद्देश्य रहेको छ । बुँदागत रूपमा यस शोधकार्यका मुख्य उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) चितवन जिल्लाबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरूको अवस्थाबारे अध्ययन गर्नु ।

ख) **नौलो राँको** पत्रिकामा प्रकाशित विविध विधाका रचनाहरूको विवरण दिनु र वर्गीकरण गर्नु ।

ग) **नौलो राँको** पत्रिकामा प्रकाशित प्रमुख साहित्यिक रचनाहरूको विधागत विश्लेषण गर्नु ।

घ) **नौलो राँको** पत्रिकाले नेपाली साहित्यमा पुऱ्याएको योगदानमाथि प्रकाश पार्नु ।

## १.४ पूर्वकार्यहरूको विवरण

क लक्ष्मणप्रसाद गौतमद्वारा लिखित **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण** (२०५२) नामक कृतिको पृष्ठ १२६ मा चितवनका साहित्यिक पत्रपत्रिकाको परिचय दिने क्रममा प्रकाशनका दृष्टिले **नौलो राँको** चितवनको दोस्रो साहित्यिक पत्रिका रहेको र प्रगतिशील साहित्यको विकास गर्ने उद्देश्यले प्रकाशित यस पत्रिकाका सबै अङ्कका सम्पादकहरू प्रगतिवादी साहित्यकारका रूपमा चिनिने कुरा उल्लेख गरिएको छ ।

ख) रामकला कोइरालाद्वारा तयार पारिएको **चितवन जिल्लाबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरूको विवरणात्मक अध्ययन** शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०६१)मा **नौलो राँको**का प्रथम अङ्कदेखि सातौँ अङ्कसम्म प्रकाशित रचनाहरूको विधागत विवरण दिँदै सङ्क्षिप्त टिप्पणी गर्ने कार्य गरिएको छ ।

ग) डी.आर. पोखरेलको *चितवनको साहित्यिक पत्रकारिताको सङ्क्षिप्त रूपरेखा* **चितवन महोत्सव स्मारिका** २०६७, पृष्ठ ५९ मा **नौलो राँको**लाई प्रकाशनका दृष्टिले चितवनको पाँचौं साहित्यिक पत्रिकाको रूपमा उल्लेख गर्दै यो प्रगतिवादी धारको पत्रिका भएको र यसको पाँचौं अङ्क तत्कालीन प्रशासनले प्रेसबाटै जफत गरी लगेको तथा चौथो अङ्क पनि केही मात्रामा

जफत भएको यसका प्रकाशक सम्पादकहरूबाट ज्ञात भएको उल्लेख गरिएको छ ।

घ) निर्मलादेवी सापकोटाद्वारा तयार पारिएको **चितवनको साहित्यिक विकासमा साहित्य सङ्गम चितवनको योगदान** (२०६७) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा साहित्य सङ्गम चितवनले वैधानिकता पाएदेखि नै **नौलो राँको**लाई आफ्नो मुखपत्रस्वरूप निरन्तरता दिँदै आउनु औचित्यपूर्ण भएको उल्लेख गरिएको छ । साथै **नौलो राँको**का विभिन्न चार अङ्कहरू क्रमशः जनआन्दोलन कविता अङ्क, सामयिक भेट, सामयिक सङ्कलन र मदनमोहन जोशी विशेषाङ्कका रूपमा प्रकाशित हुनु र राष्ट्रिय तथा स्थानीय स्तरका स्रष्टाहरूका रचना समेटी पुस्तकाकार रूप दिनु मननीय रहेको टिप्पणी गरिएको छ ।

ङ) सरिता अधिकारीको **नेपाली साहित्यमा मधूलिका पत्रिकाको योगदान** नामक अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०६६) मा **नौलो राँको** पत्रिकालाई चितवनका पुराना पत्रिकाहरूको सूचीमा समावेश गरिएको छ ।

च) समालोचक डी.आर. पोखरेलको **हाम्रो सिर्जना** नामक अनुसन्धानमूलक साहित्यिक पत्रिकाको संयुक्त अङ्क (८ र ९, २०६६) मा प्रकाशित *चितवनका साहित्यिक पत्रकारिताको सङ्क्षिप्त रूपरेखा* लेखमा **दोभान**कै विकसित रूप बनेर निजी क्षेत्रबाट **नौलो राँको** (२०२६) प्रगतिवादी साहित्यिक धाराको अग्रणी साहित्यिक पत्रिका बनेर देखापरेको उल्लेख गरिएको छ ।

उल्लिखित पूर्ववर्तीहरूबाट **नौलो राँको**लाई चितवनको प्रगतिवादी साहित्यिक धाराको पहिलो पत्रिकाको रूपमा सूचीकृत गर्ने र यसको पहिलोदेखि सातौँ अङ्कसम्मका लेखरचनाहरूको विवरण दिई सङ्क्षेपमा टिप्पणी गर्ने कार्य भएको छ । **नौलो राँको** पत्रिकाका विषयमा गरिएका उपर्युक्त कार्यहरूबाट मात्र नेपाली साहित्यको विकासमा यसको योगदानका बारेमा प्रकाश पार्न समर्थ नभएकाले नेपाली भाषा र साहित्यको गरिमा बढाउने कार्यमा **नौलो राँको** पत्रिकाको भूमिकाबारे साङ्गोपाङ्ग निरूपण गर्नका लागि यो शोधपत्र तयार पारिएको हो ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

स्रष्टाका फुटकर रचनाहरूलाई एकैचोटि कृतिका रूपमा प्रकाशित गर्न सम्भव हुँदैन । धेरैजना प्रतिभाका प्रयासहरूलाई स्थान दिई पाठकसमक्ष पुऱ्याउने तथा उत्कृष्ट रचनाहरू प्रकाशित गरी राष्ट्रिय साहित्य निर्माणमा सहयोग पुऱ्याउने माध्यम पत्रिका नै हो । २०२६ सालदेखि हालसम्म एक विशेषाङ्कसहित ९ वटा अङ्क प्रकाशित **नौलो राँको** पत्रिका पनि नेपाली साहित्यको श्रीवृद्धि गर्न सक्षम छ । चितवनका साहित्यिक पत्रिकाहरूमध्ये **नौलो राँको**को एकातिर विशेष ऐतिहासिक महत्त्व छ भने अर्कोतर्फ चितवनका प्रगतिवादी स्रष्टाहरूको साझा चौतारीको रूपमा रहेको संस्था **साहित्य सङ्गम चितवन**को मुखपत्रको रूपमा यसको छुट्टै गरिमा रहेको छ । यसरी चितवनबाट प्रकाशित भई नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका खेल्न सफल यस साहित्यिक पत्रिकाको बारेमा अनुसन्धान गर्नु वाञ्छनीय देखिन्छ । यस शोधकार्यबाट अन्य शोधकर्ता तथा **नौलो राँको**का विविध पक्षमा जानकारी लिन चाहने जोसुकैका निम्ति पनि मार्ग प्रशस्त हुने हुँदा प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य नेपाली साहित्यमा **नौलो राँको** पत्रिकाको योगदानसम्बन्धी मूल समस्यामा केन्द्रित छ । यस शोधपत्रमा चितवनका साहित्यिक पत्रिकाहरूको विवरण प्रस्तुत गरी **नौलो राँको**का अङ्क एकदेखि अङ्क नौसम्म प्रकाशित रचनाहरूको विधागत वर्गीकरण गर्दै तिनको अध्ययन गरी निष्कर्ष निकालिएको छ । यो शोधकार्य **नौलो राँको** पत्रिकाको अध्ययनमा केन्द्रित रहेकाले अन्य कुराको अध्ययन यहाँ गरिएको छैन ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि आवश्यक पर्ने सामग्रीहरूको सङ्कलन गर्न मुख्य रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । **नौलो राँको** पत्रिकाको अध्ययन गर्ने क्रममा यस पत्रिकासँग सम्बन्धित प्रकाशक, सम्पादक एवं पाठकहरूसँग सोधपुछ गरी सामग्री सङ्कलन गरिएको छ ।

## १.८ शोधविधि

सङ्कलित सामग्रीको वर्गीकरण र विश्लेषण गर्ने क्रममा वर्णनात्मक र केही विश्लेषणात्मक पद्धतिलाई अपनाइएको छ । तथ्यहरूको विश्लेषण गर्दा आगमनात्मक विधि अपनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सुगठित रूप दिनका लागि निम्नलिखित विभिन्न परिच्छेदहरूमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : चितवनका साहित्यिक पत्रपत्रिकाहरूको सङ्क्षिप्त विवरण

परिच्छेद तिन : नौलो राँको पत्रिकाका रचनाहरूको विधागत विवरण

परिच्छेद चार : नौलो राँको पत्रिकामा प्रकाशित रचनाहरूको विधागत विश्लेषण

परिच्छेद पाँच : नेपाली साहित्यमा नौलो राँको पत्रिकाको योगदान

परिच्छेद छ : उपसंहार

अन्त्यमा शोधपत्रको अग्रभागमा आवश्यक पर्ने सामग्रीहरूको यथोचित समायोजन गर्दै शोधको मुख्य भागलाई परिपुष्ट गराउने सन्दर्भग्रन्थ सूचीसमेत समावेश गरी साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

## १.१० निष्कर्ष

भााषा तथा साहित्यको विकासका निम्ति पत्रपत्रिकाको प्रकाशन हुनु अपरिहार्य मानिन्छ । **नौलो राँको** पत्रिका पनि प्रगतिशील नेपाली साहित्यलाई समृद्ध तुल्याउने उद्देश्यले वि.स. २०२६ देखि चितवनबाट प्रकाशित हुन थालेको हो । २०६६ सम्म यसका एक विशेषाङ्कसहित जम्मा नौवटा अङ्क प्रकाशित भइसकेका छन् र यो पत्रिका अनुसन्धेय पनि छ । **नौलो राँको**का लेखरचनाहरूलाई विधागत रूपमा विश्लेषण गर्नु र यसले नेपाली साहित्यको उत्थानमा पुऱ्याएको योगदानको लेखाजोखा गर्नु यस शोधको प्रमुख उद्देश्य हो । यहाँ मुख्यतः पुस्तकालय विधिबाट सामग्री सङ्कलन गरी जम्मा छवटा परिच्छेदमा **नौलो राँको**को साहित्यिक महत्तामाथि प्रकाश पार्ने उद्देश्य राखिएको छ ।

# परिच्छेद : दुई

# चितवनका साहित्यिक पत्रपत्रिकाहरूको विवरण

# परिच्छेद : दुई

# चितवनका साहित्यिक पत्रपत्रिकाहरूको विवरण

## २.१ विषय परिचय

यस परिच्छेदमा आधुनिक चितवनको विकासको प्रारम्भमा भएका शैक्षिक गतिविधिहरू र त्यसैक्रममा खुलेका साहित्यिक सङ्घसंस्थाहरूका बारेमा सामान्य चर्चा गर्दै चितवनका पत्रपत्रिकाहरूको प्रकाशन क्रमअनुसारको विवरण र हाल चितवनका साहित्यिक पत्रपत्रिकाहरूबारे सामान्य चर्चा गरिएको छ ।

भौगोलिक बनोटका दृष्टिले चितवन नेपालको करिब मध्यभागमा पर्ने भित्री मधेशको जिल्ला हो । "वि.सं. २०१०/०११ मा राप्ती दून विकास योजनाको थालनी नहुँदासम्म चितवनमा औलोको प्रकोप थियो ।"[१] त्यति बेलासम्म चितवनको मैदानी भागमा आदिबासी थारू, दनुवार, दरै र पहाडी भागमा चेपाङ जातिको बसोबास थियो भन्ने उल्लेख पाइन्छ । थारू र चेपाङलगायतका आदिबासीहरूको लोकसाहित्य भए पनि त्यति बेलासम्म चितवनमा लिखित साहित्यको विकास भएको तथ्य फेला पर्दैन । राप्ती दून विकास योजना लागु भएपछि चितवनमा औलो नियन्त्रण प्रयास भएकाले पहाडी भेगका विभिन्न जिल्लाबाट मानिसहरू बसाइँ सरी आउने क्रम सुरु भयो । पहाडतिरबाट आएका केही प्रतिभावान् व्यक्तिहरूको प्रयासबाट चितवनमा विस्तारै शैक्षिक गतिविधिहरू सञ्चालन हुन थाले । चितवनमा नारायणी पुस्तकालय, नारायणी कला मन्दिर, वीरेन्द्र इन्टर कलेज, चितवन हाइस्कुल आदि स्थापना भएपछि शैक्षिक गतिविधिहरूमा तीव्रता आउन थाल्यो । यसै क्रममा चितवनमा छापाखानाहरूको पनि स्थापना भएको पाइन्छ । वि.सं. २०२० पछि चितवनमा केही साहित्यिक क्रियाकलापहरू सञ्चालन हुन थालेको देखिन्छ । २०२२ सालमा रामपुर क्याम्पसमा भएको राष्ट्रिय साहित्य गोष्ठी तथा २०२४ मा आयोजना भएको चितवन

---

[१] डी.आर. पोखरेल, *चितवनको साहित्यिक पत्रकारिताको सङ्क्षिप्त रूपरेखा,* **हाम्रो सिर्जना,** वर्ष ४, पूर्णाङ्क ८ र ९, २०६६ असोज, पृ. ५ ।

जिल्लास्तरीय साहित्यिक गोष्ठीले यस जिल्लाको साहित्यिक उन्नयनमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसै पृष्ठभूमिमा चितवनमा साहित्यिक पत्रपत्रिकाहरू प्रकाशित हुने वातावरण सिर्जना भएको देखिन्छ ।

## २.२ चितवनका साहित्यिक सङ्घसंस्थाहरू

चितवनको साहित्यिक क्षेत्रमा सामूहिक तथा संस्थागत प्रयासबाट नेपाली साहित्यको विकासका लागि विभिन्न गतिविधिहरू सञ्चालन भएका पाइन्छन् । चितवनमा सृजनात्मक गतिविधिहरू बढ्न थालेपछि साहित्यिक संङ्घसंस्थाहरू पनि स्थापना हुन थालेको देखिन्छ । "वि.सं. २०२२ मा राष्ट्रियस्तरको औपचारिक साहित्यिक गोष्ठी सम्पन्न हुनुअगावै चितवनमा २०१६ सालदेखि नै संस्थागत रूपमा साहित्यिक भेटघाटका कार्यक्रमहरू हुने गरेको पाइन्छ ।"[२] तिनै विभिन्न सङ्घसंस्थाहरूबाट पछि गएर साहित्यिक पत्र-पत्रिकाहरूको प्रकाशन गर्न थालियो । यसरी साहित्यिक पत्रिका प्रकाशित गरेर र साहित्यिक गतिविधिहरू सञ्चालन गरी नेपाली साहित्यको उत्थानमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका केही साहित्यिक सङ्घसंस्थाहरू यसप्रकार रहेका छन् :

**चितवनका प्रमुख साहित्यिक सङ्घसंस्थाहरू**

**तालिका सं. - १**

| क.सं. | सङ्घसंस्थाहरूको नाम | स्थापना वर्ष |
|---|---|---|
| १ | नारायणी पुस्तकालय | २०१६ |
| २ | नारायणी कला मन्दिर | २०१८ |
| ३ | चितवन साहित्य समिति | २०३९ |
| ४ | साहित्य सङ्गम चितवन | २०४४ |
| ५ | चितवन साहित्य परिषद् | २०४५ |
| ६ | चितवन वाङ्मय प्रतिष्ठान | २०५१ |
| ७ | पल्लव साहित्य प्रतिष्ठान | २०५२ |

[२] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण**, चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२, पृ.१२१ ।

| | | |
|---|---|---|
| ८ | बाल्मीकि साहित्य सदन | २०५६ |
| ९ | हाम्रो मझेरी साहित्य प्रतिष्ठान | २०५६ |
| १० | मध्यक्षितिज वाङ्मय प्रतिष्ठान | २०६३ |
| ११ | सौराहा सामुदायिक पुस्तकालय | २०६८ |
| १२ | बलराम वाङ्मय प्रतिष्ठान | २०६७ |
| १३ | भैरव वाङ्मय प्रतिष्ठान | २०६८ |

विभिन्न साहित्यिक गतिविधिहरू सञ्चालन गर्ने यस्ता सङ्घसंस्थाहरू चितवनमा अरू पनि प्रशस्तै छन् र नयाँ नयाँ खुल्ने क्रम पनि जारी नै छ । यिनै सङ्घसंस्थाहरूको एकल वा संयुक्त प्रयासमा चितवनमा साहित्यिक पत्रपत्रिकाहरू प्रकाशित हुने गरेका छन् ।

## २.३ चितवनमा साहित्यिक पत्रपत्रिकाको प्रकाशन र गतिविधि

चितवनमा साहित्यिक क्रियाकलापको प्रारम्भ र पत्रपत्रिकाहरूको प्रकाशन एकै समयमा भएको देखिन्छ । चितवनका साहित्यिक पत्रपत्रिकाका सम्बन्धमा "साहित्यिक पत्रकारिताको क्षेत्रमा चितवन हाइस्कुलका विद्यार्थीहरूको सङ्कलनको रूपमा **चितवनको चिनो** (२०२१) प्रकाशित भयो र यो नै चितवनको पहिलो साहित्यिक पत्रिका बन्यो"[३] भनिएको छ । त्यसपछि **दोभान** (२०२५), **प्रकाशपुञ्ज** (२०२५), **वेणी** (२०२६), **नौलो राँको** (२०२६), **रात्रि प्रकाश** (२०२६), लगायत हालसम्म पचासौँको सङ्ख्यामा चितवनबाट साहित्यिक पत्रपत्रिकाहरू प्रकाशित भएका देखिन्छन् । ती मध्ये कतिपय पत्रपत्रिकाहरू एक वा केही अङ्क प्रकाशित भई बन्द भएका छन् भने कतिपय हालसम्म नै सक्रिय रहेका पाइन्छन् । त्यतिकै सङ्ख्यामा चितवनबाट गैरसाहित्यिक पत्रपत्रिकाहरू पनि प्रकाशित भएका छन् र तिनीहरूले पनि आंशिक रूपमा साहित्यिक रचनाहरूलाई स्थान दिने गरेका छन् । विभिन्न सङ्घसंस्था, क्याम्पस र विद्यालयहरूले मुखपत्रको रूपमा पत्रिकाहरू प्रकाशित गर्ने र तिनमा सबैभन्दा बढी साहित्यिक लेख रचनाहरूलाई समावेश गर्ने गरेको पाइन्छ । "वि.सं. २०५१ देखि आयोजना हुँदै आएको चितवन महोत्सवले २०६६ सम्म जम्मा आठवटा

---

[३] डी. आर. पोखरेल, *चितवनको साहित्यिक पत्रकारिताको सङ्क्षिप्त रूपरेखा,* **हाम्रो सिर्जना,** पूर्ववत्, पृ. ५ ।

स्मारिकाहरू प्रकाशित गरिसकेको छ र साहित्यिक रचनाहरूलाई यसले विशेष महत्त्व दिँदै आएको छ"[४] भन्ने भनाइले पनि उपर्युक्त कुराकै पुष्टि गर्दछ ।

चितवन जिल्लामा पत्रकारिताको प्रारम्भ पनि साहित्यिक पत्रकारिताबाटै भएको देखिन्छ । यसरी चितवन जिल्लाबाट प्रकाशित भई नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विशुद्ध साहित्यिक पत्रिकाहरूमा दर्ता गरिएका मध्ये **सम्प्रेषण, मधूलिका, हाम्रो मझेरी, पल्लवी सन्देश, हाम्रो सिर्जना, अभिव्यञ्जना, पल्लव, स्रष्टा, सञ्जीवनी** आदि महत्त्वपूर्ण छन् । दर्ता नभई आजसम्म संस्थागत रूपमै सक्रिय रहेका पत्रिकाहरूमा **बागीश्वरी, वेणी, मारुनी, नौलो राँको, चितवनको चिनो, छहरो, प्रलेस चितवन** आदि प्रमुख छन् । वि.सं. २०२१ को **चितवनको चिनो**देखि हालसम्म चितवन जिल्लाबाट प्रकाशित साहित्यिक पत्रिकाहरू यसप्रकार रहेका छन् :

**चितवनबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरू**

**तालिका सं. - २**

| क्र.सं | पत्रिकाको नाम | प्रथम प्रकाशन वर्ष | अवधि | प्रकाशक | सम्पादक |
|---|---|---|---|---|---|
| १ | चितवनको चिनो | २०२१ | सामयिक | चितवन हाइस्कुल | गोविन्दप्रसाद भट्टराई |
| २ | दोभान | २०२५ | सामयिक | सम्पादक मण्डल स्वयम् | प्रेमविनोद नन्दन, श्याम थापा, हरिहर खनाल, प्रभात कुमार जोशी, रविकिरण निर्जीव, रामकृष्ण रेग्मी, तिलक बहादुर गुरुङ, जगन्नाथ पौडेल र घनश्याम उपाध्याय |

[४] ऐजन ।

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | प्रकाश पुञ्ज | २०२५ | सामयिक | वीरेन्द्र कलेज विद्यार्थी सङ्घ | प्रभातकुमार जोशी |
| ४ | वेणी | २०२६ | मुखपत्र | चितवन हाइस्कुल | चिजकुमार मित्र |
| ५ | नौलो राँको | २०२६ | मुखपत्र/ सामयिक | बाबुराम पाण्डे, पशुपति वाग्ले र ऋद्धिनारायण पिया | मुरारीमोहन जोशी, हरिहर खनाल र प्रभातकुमार जोशी |
| ६ | रात्री प्रकाश | २०२६ | - | रात्री हाइस्कुल भरतपुर | पुष्कलनाथ भट्टराई, सूर्यबहादुर प्रेमी र डोलनाथ अकेला |
| ७ | नयाँ गोरेटो | २०२७ | सामयिक | चितवन युवा क्लव | सीता राई, गीता थापा र दीपक ढकाल |
| ८ | छहरो | २०२७ | सामयिक /मुखपत्र | जनज्योति पुस्तकालय | गणेशचन्द्र अधिकारी |
| ९ | तिर्सना | २०२७ | - | नारायणी पुस्तकालय | सुवासचन्द्र पिया |
| १० | मारुनी | २०२८ | मुखपत्र | नारायणी कला मन्दिर | प्रेमविनोद नन्दन |
| ११ | नयाँ जोश | २०३० | सामयिक | पद्मपाणी कोइराला | प्रेम सुवेदी |
| १२ | बालकुमारी | २०३२ | मुखपत्र | बालकुमारी मा.वि. | घनश्याम पौड्याल |
| १३ | भृकुटी | २०३४ | सामयिक | नमुना व्यावसायिक मा.वि. भरतपुर | रामनाथ अकेला, कमला गुरुङ र नवराज शाह |
| १४ | जाँगर | २०३६ | सामयिक | हरिहर खनाल | हरिहर खनाल |
| १५ | इन्द्रकमल | २०३७ | सामयिक | चिरञ्जीवी कोइराला | चिरञ्जीवी कोइराला |
| १६ | नौलो समाज | २०३७ | सामयिक | दियालो परिवार | - |
| १७ | आरन | २०३७ | - | दिलीप कार्की | रेशम विरही घिमिरे |
| १८ | ऋचा | २०३८ | सामयिक | गंगाराम श्रेष्ठ | गंगाराम श्रेष्ठ |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | गोधूली | २०४० | सामयिक | प्रेमविनोद नन्दन | प्रेमविनोद नन्दन र अनिल सिग्देल |
| २० | सेरोफेरो | २०४४ | सामयिक | सुरेश आलेमगर | सुरेश आलेमगर |
| २१ | वागीश्वरी | २०४७ | मुखपत्र | चितवन साहित्य परिषद | केदारनाथ खनाल |
| २२ | सम्प्रेषण | २०४७ | त्रैमासिक | बाल्मीकि साहित्य सदन | रामबाबु घिमिरे |
| २३ | जनसाहित्य | २०४७ | त्रैमासिक | हरिहर खनाल | हरिहर खनाल |
| २४ | पाइला र प्रवाह | २०४८ | - | सगरमाथा साहित्य समाज | - |
| २५ | प्रेरणा | २०५० | सामयिक | वीरेन्द्र बहुमुखी क्याम्पस पत्रकारिता समूह | खोमकान्त रेग्मी |
| २६ | मधूलिका | २०५१ | मुखपत्र | लीलामणि भट्टराई | हरिहर पौडेल |
| २७ | सुनगाभा/ मृगतृष्णा | २०५० | - | गणशेखर शर्मा | गोविन्दराज विनोदी |
| २८ | पल्लव/पल्लव साहित्यिक पत्रिका | २०५२/ २०६० | त्रैमासिक | सीताराम कोइराला | भरतप्रसाद लामिछाने |
| २९ | समाज दर्पण | २०५२ | - | देव आदर्श युवा क्लब | - |
| ३० | समुन्नत | २०५२ | - | द रेडक्रस नेपाल | - |
| ३१ | सिर्जना | २०५२ | त्रैमासिक | पर्यावरणीय सेवा केन्द्र, चितवन अध्ययन केन्द्र | डी.आर. पोखरेल |
| ३२ | युवाशय | २०५५ | त्रैमासिक | युवा क्लव, नारायणगढ | हेरम्बकुमार श्रेष्ठ |
| ३३ | सप्तगण्डकी | २०५५ | मुखपत्र | सप्तगण्डकी बहुमुखी क्याम्पस | भवनाथ सडौला |
| ३४ | हाम्रो मझरी | २०५७ | - | पुष्प अधिकारी ‘अञ्जली’ | महेन्द्रप्रसाद अधिकारी |
| ३५ | अभिव्यञ्जना | २०५९ | - | रमेशकुमर श्रेष्ठ | रमेशकुमार श्रेष्ठ |
| ३६ | पल्लवी सन्देश | २०५९ | त्रैमासिक | हरि बरुवाल | धर्मराज भुर्तेल |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | हाम्रो सिर्जना | २०६१ | त्रैमासिक | डी.आर. पोखरेल | गणेश खराल र डी.आर. पोखरेल |
| ३८ | स्रष्टा | २०६१ | चौमासिक | मदनमोहन जोशी | मदनमोहन जोशी र पूर्णबहादुर अधिकारी |
| ३९ | सरोजिनी | २०६२ | अर्धवार्षिक | वेदप्रकाश सापकोटा | सीतादेवी शर्मा |
| ४० | सिराइचुली | २०६३ | त्रैमासिक | हरिप्रसाद तिवारी | दुर्गा नारायण भुसाल |
| ४१ | सञ्जीवनी | २०६४ | - | भरतपुर अस्पताल | - |
| ४२ | प्रलेस चितवन | २०६४ | - | प्रगतिशील लेखक सङ्घ, चितवन | - |
| ४३ | गणतान्त्रिक कविता | २०६५ | सामयिक | गणतन्त्र महोत्सव समिति, चितवन | - |
| ४४ | मध्यक्षितिज | २०६५ | सामयिक | मध्य क्षितिज साहित्य प्रतिष्ठान | विमलप्रकाश देवकोटा |
| ४५ | सिराइचुली सेरोफेरो | २०६६ | त्रैमासिक | हरिप्रसाद दुवाल | रोषन कोजु |
| ४६ | चरैवेति | २०६७ | त्रैमासिक | लालबहादुर क्षेत्री रमेशकुमार श्रेष्ठ गणेशप्रसाद शर्मा | १२ जना साहित्यकार |
| ४७ | भरतपुर | २०६९ | मासिक | रेशम बिरही घिमिरे | ध्रुवकिरण रेग्मी |

उपर्युक्त पत्रपत्रिकाहरूमध्ये कतिपय एक वा केही अङ्क प्रकाशित भई बन्द भइसकेका छन् भने कतिपय चाहिँ हालसम्म निरन्तर प्रकाशित भइरहेका छन् । नयाँ-नयाँ पत्रिका सञ्चालन गर्ने क्रम जारी नै छ ।

## २.४ निष्कर्ष

साहित्यको विकास कार्यमा पत्रपत्रिकाले महत्त्वपूर्ण योगदान दिएका छन् । नेपाली साहित्यको उत्थानका लागि वि.सं. १९४३ मा मोतीराम भट्टले बनारसबाट प्रकाशित गरेको

**गोर्खा-भारत जीवन** (अप्राप्य) देखि **सुधासागर** (१९५५), **गोर्खापत्र** (१९५८), **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्रिका** (१९७२), **शारदा** (१९९१) लगायत हालसम्म स्वदेश तथा विदेशबाट हजारौँ पत्रपत्रिका प्रकाशित भएका छन् र तिनीहरूले नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । चितवनको पहिलो पत्रिका **चितवनको चिनो** (२०२१), **दोभान** (२०२५) देखि हालसम्म प्रकाशित भएका दर्जनौँ साहित्यिक तथा अर्धसाहित्यिक पत्रपत्रिकाहरूले नेपाली साहित्यको उत्थानमा सह्रानीलायक कार्य गरेका छन् । हाल चितवन जिल्लामा पत्रपत्रिकाको सङ्ख्यात्मक र गुणात्मक दुबै दृष्टिले बढोत्तरी भएको देखिन्छ । साहित्यिक र गैर साहित्यिक पत्रपत्रिका तथा स्मारिकाहरूको सङ्ख्या चितवनमा २५० जति पुगिसकेको छ । तीमध्ये विशुद्ध साहित्यिक पत्रिकाको सङ्ख्या नै पचासको हाराहारी रहेको पाइन्छ । उपर्युक्तमध्ये सबै पत्रिका हाल चालु अवस्थामा छैनन् । निरन्तर क्रियाशील रहेर नेपाली भाषा र साहित्यको सेवामा प्रयासरत केही प्रमुख पत्रिकाहरूमा **सम्प्रेषण, मधूलिका, हाम्रो मझेरी, पल्लवी सन्देश, हाम्रो सिर्जना, नौलो राँको, वेणी, वागीश्वरी, मारुनी, छहरो, प्रलेस चितवन** आदि उल्लेखनीय छन् । उल्लिखित पत्रिकाहरूको बिचमा **नौलो राँको**ले स्थापना कालदेखि नै चितवनका प्रगतिशील स्रष्टाहरूको साझा चौतारीको रूपमा आफ्नो गरिमालाई उच्च राखेको छ ।

# परिच्छेद : तिन

# नौलो राँको पत्रिकाका रचनाहरूको विधागत विवरण

# परिच्छेद : तिन

# 'नौलो राँको' पत्रिकाका रचनाहरूको विधागत विवरण

## ३.१ विषय परिचय

यस परिच्छेदमा **नौलो राँको** पत्रिकाका अङ्क एकदेखि अङ्क नौसम्म प्रकाशित भएका सम्पूर्ण लेखरचनाहरूलाई लेखकका नामको आधारमा अनुक्रम मिलाई प्रकाशित रचनाको विधा र उपविधासमेत वर्गीकरण गरी सूचीबद्ध गरिएको छ ।

वि.सं. २०२६ देखि प्रकाशित हुन थालेको **नौलो राँको** चितवनको ऐतिहासिक महत्त्व बोकेको साहित्यिक पत्रिका मानिन्छ । विभिन्न व्यवधानका कारण नियमित प्रकाशन हुन नसकेको भए पनि हालसम्म यसका एक विशेषाङ्कसहित जम्मा नौ अङ्क प्रकाशित भइसकेका छन् । पत्रपत्रिकाहरूको प्रकाशन तथा प्रसारणमा अनुदार मानिने पञ्चायती शासनकालमा यस पत्रिकामाथि वक्रदृष्टि परेकाले यसको २०२८ मा प्रकाशित चौथो अङ्कका केही प्रति तथा २०३० सालमा प्रकाशित पाँचौं अङ्कका प्रायः सबै प्रतिहरू जफत गरी तत्कालीन प्रशासनले नष्ट गरिदिएको कुरा यस पत्रिकासँग सम्बन्धित व्यक्तिहरूबाट विभिन्न सन्दर्भमा व्यक्त गरिएको छ । मूलतः प्रगतिवादी धारलाई अङ्गीकार गरेको यस पत्रिकाले विभिन्न विधाका लेख रचनाहरूलाई पाठकहरूसमक्ष पुऱ्याउने कार्य गरेको छ । यस परिच्छेदमा **नौलो राँको**का अङ्क एकदेखि अङ्क नौसम्म प्रकाशित विभिन्न विधाका लेखरचनाहरूलाई विधागत वर्गीकरण गरी लेखकका नामको वर्णानुक्रमअनुसार लेखकको नाम, रचनाको शीर्षक, वर्ष/अङ्क, प्रकाशन वर्ष र पृष्ठसङ्ख्यासमेत राखेर देखाइएको छ । **नौलो राँको**मा प्रकाशित रचनाहरूमा कविता, कथा, उपन्यास, लेख, निबन्ध, संस्मरण, एकाङ्की, लोक साहित्य, पुस्तक समीक्षा, अनुवाद साहित्य आदि रहेका छन् ।

## ३.२ 'नौलो राँको' मा प्रकाशित सामग्रीको अनुक्रमणिका

प्रस्तुत अनुक्रमणिका तयार पार्दा लेखकको नामको वर्णानुक्रमलाई नै मूल आधार बनाइएको छ । एउटै लेखकका धेरै रचना प्रकाशित भएकोमा प्रकाशनक्रमलाई आधार बनाइएको छ ।

### ३.२.१ कविता

**नौलो राँको** पत्रिकाको अङ्क एकदेखि अङ्क नौसम्म प्रकाशित कविता, गीत र गजलहरूको सूची यसप्रकार रहेको छ :

**नौलो राँकोका अङ्क १-९ मा प्रकाशित कविताहरू**

**तालिका सं.- ३**

| क्र. सं. | कविको नाम | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | अथाहसागर तीर्थमान | गजल | ३९/८ | २०६४ | ५६ |
| २ | अलका अधिकारी | तीन हाइकु | ३१/७ | २०५६ | ७४ |
| ३ | अविरल मुस्कान | विजयको होली मनाउनेहरू | ३९/८ | २०६४ | ११२ |
| ४ | आनन्ददेव भट्ट | हामी बौलाहाहरू | १/१ | २०२६ | ५३ |
| ५ | आर.के. रेग्मी | शहीदको सम्झना | २२/६ | २०४७ | ६९ |
| ६ | आर.बी. थाहँजु | एउटा कथा एउटा दीक्षा | ३/४ | २०२८ | २९ |
| ७ | आसान सुमानी | गणतन्त्र नयाँ नेपाल | ३९/८ | २०६४ | १२५ |
| ८ | आहुती | भविष्यको चिन्ता | २२/६ | २०४७ | ६१ |
| ९ | इन्द्रप्रसाद रेग्मी | नयाँ नेता | २२/६ | २०४७ | १४ |
| १० | इन्द्रप्रसाद रेग्मी | सांसद-मन्त्री संवाद | २२/७ | २०५६ | २७ |
| ११ | ईश्वर श्रेष्ठ | यहाँ यस्तै छ ......। | २२/६ | २०४७ | ६२ |
| १२ | ईश्वरचन्द्र ज्ञवाली | कामरेड | ३१/७ | २०५६ | ६१ |
| १३ | ईश्वरीप्रसाद दाहाल | लठारो | १/२ | २०२६ | ४९ |
| १४ | ऋद्धिनारायण पिया | पामर | १/२ | २०२६ | ६० |
| १५ | कपिल अज्ञात | शहीद | २२/६ | २०४७ | ३३ |
| १६ | किरण भट्टराई | आमा ! मलाइ जान दिनुहोस् क्रान्ति गर्नलाई | २२/६ | २०४७ | २७ |
| १७ | किसान प्रेमी | कवि मदनमोहन जोशीका सम्झनामा | ४१/९ | २०६६ | १११ |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | कृष्ण पोखरेल | हामी जुलुस हुन व्यग्र भईरहेछौँ | १/२ | २०२६ | १० |
| १९ | कृष्ण सुदामा | गजल | ३९/८ | २०६४ | ८२ |
| २० | केदार लुइँटेल | शहीद | ३१/७ | २०५६ | ६५ |
| २१ | केशवराज सुवेदी | गणतन्त्र एक अपपिरहार्य मार्ग | ३९/८ | २०६४ | ६२ |
| २२ | गंगादत्त बराल | गाउँफर्क | १/१ | २०२६ | ६ |
| २३ | गंगाराज राई 'हतुवाली' | नववर्षको शुभकामना | १/३ | २०२७ | १४ |
| २४ | गोपीलाल देवकोटा | मेरो राष्ट्रियता बिक्रीमा छ | ३१/७ | २०५६ | ९४ |
| २५ | गोरखराज भारो | इन्क्लाब जिन्दावाद | २२/६ | २०४७ | ४८ |
| २६ | गोविन्द भट्ट | पुराना चिठीहरू हेर्दा | १/१ | २०२६ | ३७ |
| २७ | गोविन्द भट्ट | हुस्सु मान्छे | १/१ | २०२६ | ३७ |
| २८ | गोविन्दबाबु तिवारी | मेरो वर्तमान (२) | २२/६ | २०४७ | ७१ |
| २९ | घनश्याम पौड्याल | सामयिक सन्दर्भ | २२/६ | २०४७ | ७ |
| ३० | चन्द्रप्रकाश विवेकी | अन्त्येष्टि | ३१/७ | २०५६ | ७३ |
| ३१ | चन्द्रराज भुर्त्याल | नयाँ युवक नौलो राँको | १/१ | २०२६ | ६६ |
| ३२ | चूडा ढकाल | हुरी मान्छेहरूको कथा | ३९/८ | २०६४ | २६ |
| ३३ | चेतकान्त चापागाईं | फूल नौलो सजाऊँ | ३१/७ | २०५६ | १ |
| ३४ | चेतकान्त चापागाईं | प्रश्नै प्रश्न | ३९/८ | २०६४ | २० |
| ३५ | चेतकान्त चापागाईं | फुल्दै लाली मदन उठ | ४१/९ | २०६६ | १०४ |
| ३६ | चेतोनाथ अधिकारी | अल्मलिएको साथीसँग | १/२ | २०२६ | ३८ |
| ३७ | जगत श्रेष्ठ | गणतन्त्र के हो ? | ३९/८ | २०६६ | १२७ |
| ३८ | जगतराज पौडेल | आशातीत मुस्कान बाँकी नै छ | २२/६ | २०४७ | ३० |
| ३९ | जगतराज पौडेल | प्रातः स्मरणीय दाजु मदनमोहन जोशी | ४१/९ | २०६६ | ११६ |
| ४० | टंकप्रसाद बराकोटी | पर्छ | २२/६ | २०४७ | ३५ |
| ४१ | टी.आर. विश्वकर्मा | दिन-दिनभर मानिस यहाँ सुत्छन् | १/१ | २०२६ | ४८ |
| ४२ | टी.आर. विश्वकर्मा | हामी पानी हौँ | १/२ | २०२६ | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३ | ठाकुरप्रसाद सिग्देल | पर्दैन धम्क्याउन | ३९/८ | २०६४ | ५० |
| ४४ | डिल्ली घिमिरे | मेरो प्रिय सङ्गम चोक | २२/६ | २०४७ | २० |
| ४५ | तपोनिधि शर्मा | हाँसेर माला गुँथ | १/२ | २०२६ | ३६ |
| ४६ | तिलक गुरुङ | बसाइँ | १/१ | २०२६ | ४६ |
| ४७ | तीर्थराज मरहट्टा | प्रतिज्ञा | १/२ | २०२६ | ३७ |
| ४८ | तेजप्रकाश श्रेष्ठ | यो नौलो राँको | १/२ | २०२६ | ९ |
| ४९ | तेजराज सुवेदी | राम्रो लाग्छ | १/१ | २०२६ | ८ |
| ५० | तेजराज सुवेदी | सम्झना पुष्पकमलको | ३९/८ | २०५६ | ३९ |
| ५१ | दीक्षा सापकोटा | म र मेरो शहर | ३१/७ | २०५६ | ५१ |
| ५२ | दुर्गाप्रसाद पोखरेल | चोटहरूभित्रको देश | ३१/७ | २०५६ | ३८ |
| ५३ | धनेश्वर भट्टराई | घाइते मन | ३९/८ | २०६४ | १०३ |
| ५४ | ध्रुवकिरण रेग्मी | यात्रा | ३१/७ | २०५६ | ९६ |
| ५५ | नमुना शर्मा | सगरमाथा फेरि झुक्ला है | ३९/८ | २०६४ | १९ |
| ५६ | नारायणप्रसाद खनाल | विश्वासको गीत गाउनु पर्छ | २२/६ | २०४७ | १९ |
| ५७ | निराधार | खबरदार | २२/६ | २०४७ | ३ |
| ५८ | निर्मोही व्यास | एकै ढिक्का भई जुटौँ | २२/६ | २०४७ | ५६ |
| ५९ | निर्मोही व्यास | हत्यारा हो ! तिमीलाई थुक्ने छ इतिहासले | २२/६ | २०४७ | ५५ |
| ६० | नीलम थापा | क्याक्टसको बिरुवा झैँ बाँचिरहने छौँ | २/३ | २०२७ | ३४ |
| ६१ | पद्मपाणि विरक्ति | यौटा असैह्यता | १/२ | २०२६ | ४८ |
| ६२ | पद्मपाणि विरक्ति | निर्दल बहुदल व्यवस्था | २२/६ | २०४७ | ४९ |
| ६३ | पद्मपाणि विरक्ति | वेग मारेर आऊ | ३१/७ | २०५६ | ५४ |
| ६४ | पद्मपाणि विरक्ति | हाम्रो छ सत स्वागत | ३९/८ | २०६४ | ४९ |
| ६५ | पशुपति वाग्ले | सुस्ता मेरै हो | १/१ | २०२६ | २६ |
| ६६ | पशुपति वाग्ले | मैले प्रवेश गर्नु छ .... | १/२ | २०२६ | ५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६७ | पाखिन | अनेकोटको गीत | ३१/७ | २०५६ | ७२ |
| ६८ | पार्वती अधिकारी र अञ्जना सापकोटा | किसानको गीत | २२/६ | २०४७ | ७२ |
| ६९ | पुण्य रेग्मी दैलेखी | पढेलेखेका मूर्खलाई | २२/६ | २०४७ | ४७ |
| ७० | पोषराज पौडेल | शहीदकी आमा ! नरोऊ तिमी | २२/६ | २०४७ | १ |
| ७१ | पोषराज पौडेल | लु सुन यै भन्दथे | ३१/७ | २०५६ | १६ |
| ७२ | प्रकाश चापागाईं | किन किन आजभोलि | २२/६ | २०४७ | ४६ |
| ७३ | प्रेम पण्डित | गणतन्त्र घोषणा गर | ३९/८ | २०६४ | ९३ |
| ७४ | प्रेमविनोद नन्दन | शहीद वन्दना | २२/६ | २०४७ | ४ |
| ७५ | बन्धु पौड्याल | गाईजात्रा र मेरो देश | २२/६ | २०४७ | १६ |
| ७६ | बाबुराम पाण्डेय | गरिब भन्छ | १/२ | २०२६ | ४५ |
| ७७ | बाबुराम पाण्डे | नौलो राँको विगत र वर्तमान | ३९/८ | २०६४ | ११७ |
| ७८ | भट्ट उराठ | तिमी आऊ | २२/६ | २०४७ | ४० |
| ७९ | भानुप्रकाश जोशी | मेरो जुँगा | १/२ | २०२६ | १६ |
| ८० | भानुभक्त पौडेल | श्रद्धाञ्जलि तिमीलाई | २२/६ | २०६६ | १०९ |
| ८१ | भुवन अधिकारी | जीवन क्रान्तिको धारा हो | १/२ | २०२६ | ६० |
| ८२ | भुवन अधिकारी | विश्वमानवका हाराहारीमा | २२/६ | २०४७ | ३४ |
| ८३ | भूपिन व्याकुल | ईश्वरको मलामी | ३९/८ | २०६४ | ४१ |
| ८४ | मदनमोहन जोशी | संकेत | १/२ | २०२६ | २४ |
| ८५ | मदनमोहन जाशी | शहीदको सपना विपना हुनेछ | २२/६ | २०४७ | २५ |
| ८६ | माधवप्रसाद पोखरेल | मै मन्त्री भा'कै छु | २२/६ | २०४७ | २८ |
| ८७ | माधव रेग्मी | आशीर्वाद लिएर | ३१/७ | २०५६ | ९६ |
| ८८ | मिजला भट्टराई | मेरा पथप्रदर्शक | ४१/९ | २०६६ | ३५ |
| ८९ | मीनप्रसाद सहाय | नयाँ वर्ष २०४७ | २२/६ | २०४७ | १२ |
| ९० | मीनप्रसाद सहाय | अमर जुनकिरी | ४१/९ | २०६६ | ८० |
| ९१ | मुकुन्द पौडेल | गणतन्त्रमा भोट | ३९/८ | २०६४ | १२४ |
| ९२ | मुरलीधर घिमिरे | नेपाल मेरो घर | ३९/८ | २०६४ | १०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९३ | मोदनाथ मरहट्टा | बालुवाटार तिमी कति पानीमा छौ | ३९/८ | २०६४ | ४० |
| ९४ | मोहन दुवाल | गणतन्त्र | ३९/८ | २०६४ | ९ |
| ९५ | योगेन्द्रकुमार गर्ग | हामीले सर्वहारा बन्नु परेको छ | २/३ | २०२७ | ८ |
| ९६ | रत्नलक्ष्मी श्रेष्ठ | बुज्रुगे नीति बीचका आजका मानिस | २/३ | २०२७ | १९ |
| ९७ | रमेश हरिलट्ठक | परदेशी र परिवर्तित देश | ३१/७ | २०५६ | ७५ |
| ९८ | रविकिरण निर्जीव | रगत मुछिएको माटो : मेरो बाटो | २२/६ | २०४७ | ५१ |
| ९९ | रविकिरण निर्जीव | गणतन्त्रको पुकार | ३९/८ | २०६४ | २२ |
| १०० | रविकिरण पौडेल | अभिवादन शहीद | २२/६ | २०४७ | ५४ |
| १०१ | राजेन्द्र घायल | गजल | ३९/८ | २०६४ | ८३ |
| १०२ | राधा पौडेल | सांसद | ३१/८ | २०५६ | ८५ |
| १०३ | रामकिरण रेग्मी | केही हाइकु | ३९/८ | २०६४ | १०५ |
| १०४ | रामकृष्ण प्रसाद चौधरी र टीकाराम प्रसाद महतो | चैतावर गीत | १/१ | २०२६ | ६८ |
| १०५ | राम विनय | सपनाका जपनाहरू | ३९/८ | २०६४ | १ |
| १०६ | रामबहादुर भण्डारी | नभन्दै ऊ आँधी भएर आयो | २२/६ | २०४७ | ६५ |
| १०७ | रामहरि श्रेष्ठ | त्यो युवक फेरि आउने छ | २२/६ | २०४७ | १० |
| १०८ | रामहरि श्रेष्ठ | होसियार ! | ३९/८ | २०६४ | ४८ |
| १०९ | रुद्र पोखरेल | वर्तमान र हाम्रो दायित्व | ३९/८ | २०६४ | ९५ |
| ११० | रुद्र शर्मा 'कर्तव्य' | ठिक्क र दिक्क | ३१/७ | २०५६ | ४६ |
| १११ | लकाश पौडेल | नयाँ नेपाल र मेरो सपना | ३९/८ | २०६४ | १०५ |
| ११२ | लीलानाथ रेग्मी | गणतन्त्र बिम्ब र प्रतिबिम्ब | ३९/८ | २०६४ | ६४ |
| ११३ | विद्याधर पोखरेल | गणतन्त्र | ३९/८ | २०६४ | १११ |
| ११४ | विवेकी | सारङ्गी र सपनाहरू | ३९/८ | २०६४ | ९१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११५ | विष्णु छिमेकी | त्यो कसरी आउँछ ? | २२/६ | २०४७ | ५८ |
| ११६ | शरद परासर | ....... र अब नानीहरू | २२/६ | २०४७ | ४४ |
| ११७ | शरद परासर | नारायणी निरन्तर बगिरहन्छ | ३१/७ | २०५६ | ६ |
| ११८ | शारदा चौलागाई 'अश्रु' | गजल | ३९/८ | २०६४ | ५६ |
| ११९ | शारदा श्रेष्ठ | वीरगति पाएको खबर सुन्दै छु | ३१/७ | २०५६ | १९ |
| १२० | शैलेन्द्र कुमार | आहुति | १/१ | २०२६ | ३९ |
| १२१ | सरस्वती रिजाल | शहीदको आत्माभिव्यक्ति | २२/६ | २०४७ | १७ |
| १२२ | सरिता तिवारी | रङ्हरूको जुलुस | ३९/८ | २०६४ | ५७ |
| १२३ | सिन्धु पन्त | मदन दाइको सम्झनामा | ४१/९ | २०६६ | ११२ |
| १२४ | सिर्जन अविरल | देश दुखेको दिन | ३१/७ | २०५६ | ७७ |
| १२५ | सुनारी प्रसाद चौधरी | थारू लोकल बुझोल पेहनी | १/२ | २०२६ | ५९ |
| १२६ | सुनिल खनाल | अझै बाँकी छ | २२/६ | २०४७ | ३७ |
| १२७ | सुरेन्द्र अस्तफल | आजको नेपाली कविता | ३१/७ | २०५६ | ७६ |
| १२८ | सूर्य जमरकटेल | तीन कविता | २२/६ | २०४७ | ५३ |
| १२९ | सूर्य पुष्कर | गजल | ३१/७ | २०५६ | ९६ |
| १३० | हरिप्रसाद 'पथिक' | प्यारको ऐना | १/२ | २०२६ | ३६ |
| १३१ | हरिहर खनाल | आजको कविता | २२/६ | २०४७ | २२ |
| १३२ | हरिहर खनाल | एकदिन अचानक | ३९/८ | २०६४ | १४ |
| १३३ | हरिहर सविता | मेरा ज्यूँदा शहीद मित्रलाई पत्र | २२/६ | २०४७ | ३९ |
| १३४ | हिमांशु ढकाल | गणतन्त्र | ३९/८ | २०६४ | ६३ |
| १३५ | होमनाथ सापकोटा | परिवर्तनको धुन | २२/६ | २०४७ | ५ |
| १३६ | होमनाथ सापकोटा | बिर्सन नमिल्ने नाम | ४१/९ | २०६६ | ६७ |

## ३.२.२ कथा र लघुकथा

**नौलो राँको**का अङ्क एकदेखि अङ्क नौसम्म चौधजना कथाकारका सत्रवटा कथा र लघुकथाहरू प्रकाशित भएका छन् :

**नौलो राँकोका अङ्क १-९ मा प्रकाशित कथाहरू**

**तालिका सं.- ४**

| क्र. सं. | कथाकारको नाम | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ऋद्धिनारायण पिया | प्रतिज्ञा | १/१ | २०२६ | १ |
| २ | दीपक पाठक | अक्कलप्रसाद ..... | ३१/७ | २०५६ | ३९ |
| ३ | दीपेन्द्र पाठक (पुष्पराज) | मृत्युको भयानक छायामा | ३१/७ | २०५६ | ६३ |
| ४ | देवी सुवेदी | पुराना पात नयाँ पालुवा | २/३ | २०२७ | १ |
| ५ | पोषराज पौडेल | उसकी प्रिय सान्त्वना | ३९/८ | २०६४ | ४२ |
| ६ | बाबुकाजी मल्ल | अदालतको फैसला र उसको मोड | १/२ | २०२६ | २८ |
| ७ | मदन हिमाक्षी | परिवर्तन | २/३ | २०२७ | २५ |
| ८ | मदनमोहन जोशी | च्यातिएर फ्याँकिएको कथा | ३१/७ | २०५६ | ८७ |
| ९ | रमेश प्रभात | श्रमिक न्याय | ३१/७ | २०५६ | १८ |
| १० | रविन शाँ पुष्प | गायक | १/२ | २०२६ | १० |
| ११ | शैलेन्द्र कुमार | प्रतिभा कता ? | १/२ | २०२६ | ३९ |
| १२ | सोमनाथ घिमिरे | सुस्केरा | १/२ | २०२६ | १२ |
| १३ | सोमनाथ घिमिरे | निमा | ३/४ | २०२८ | ४८ |
| १४ | हरिहर खनाल | अनि हुन थाल्छ मिर्मिरे उज्यालो | १/१ | २०२६ | ४१ |
| १५ | हरिहर खनाल | सन्त्रास | ३१/७ | २०५६ | ४७ |
| १६ | हरिहर सविता | तपाइँको घर कहाँ ? | ३१/७ | २०५६ | २० |
| १७ | हरिहर सविता | गणतान्त्रिक झोला | ३९/८ | २०६४ | ९& |

## ३.३.३ लघुउपन्यास

**नौलो राँको**मा प्रकाशित लघुउपन्यासको सूचीलाई यसप्रकार देखाइन्छ :

**नौलो राँकोमा प्रकाशित लघुउपन्यास**

**तालिका सं. - ५**

| क्र.सं. | लेखक | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ज्योत्स्ना भट्ट | औंसीको रातपछि | १/२ | २०२६ | ५४ |
| २ | ज्योत्स्ना भट्ट | औंसीको रातपछि | २/३ | २०२७ | ३५ |

## ३.२.४ लेख तथा निबन्धहरू

**नौलो राँको** पत्रिकाको पहिलोदेखि नवौं अङ्कसम्म विभिन्न निबन्धकारका निम्नलिखित लेख, निबन्ध तथा संस्मरणहरू प्रकाशित भएका छन् :

**नौलो राँकोमा प्रकाशित लेख तथा निबन्धहरू**

**तालिका सं. - ६**

| क्र. सं. | लेखकको नाम | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | अनिल शर्मा'विरही' | सम्झनाको तरेलीमा मदनमोहन जोशी | ४१/९ | २०६६ | ६४ |
| २ | आनन्ददेव भट्ट | लोकतान्त्रिक गणतन्त्र उन्मुख नेपाल | ३९/८ | २०६४ | १ |
| ३ | इन्द्रप्रसाद रेग्मी | गणतन्त्र र स्रष्टाहरू | ३९/८ | २०६४ | १०६ |
| ४ | इन्द्रप्रसाद रेग्मी | चोलानाथ अर्थात् मदनमोहन जोशी | ४१/९ | २०६६ | ५२ |
| ५ | ईश्वर पिया | सिर्जनाको स्रोत आँखा | १/१ | २०२६ | ४९ |
| ६ | कपिल अज्ञात | सभ्य हुने धुनमा | ३९/८ | २०६४ | ५१ |
| ७ | कृष्ण थापा | चितवन : एक छोटो सिंहावलोकन | ३/४ | २०२८ | ३३ |
| ८ | कृष्णप्रसाद पण्डित | मदनमोहन जोशीलाई सम्झँदा | ४१/९ | २०६६ | १०५ |
| ९ | गुणराज लोहनी | आफ्नै देशमा विदेशीबाट पिटिएको क्षण | ३१/७ | २०५६ | ७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | चन्द्रविक्रम बुढाथोकी | दरबारी षड्यन्त्र र राणावंशको उदय | १/१ | २०२६ | १३ |
| ११ | जगत श्रेष्ठ | नीति | १/१ | २०२६ | १८ |
| १२ | जगतबहादुर श्रेष्ठ | जोशीजीलाई सम्झिँदा | ४१/९ | २०६६ | ८९ |
| १३ | जनकराज सापकोटा | आकाशको कुनै भर छैन | ३९/८ | २०६४ | १२९ |
| १४ | डी.आर. पोखरेल | समाजवादी साहित्य सिर्जनामा गणतन्त्रको प्रसङ्ग | ३९/८ | २०६४ | १६ |
| १५ | नारायणप्रसाद खनाल | आफूले कम सङ्गत गरेका गम्भीर व्यक्ति मदनमोहन जोशी | ४१/९ | २०६६ | ६० |
| १६ | नौलो राँको प्रकाशन | चितवको साहित्य : अति सङ्क्षिप्त परिचय | ३/४ | २०२८ | ३ |
| १७ | पूर्णबहादुर अधिकारी | गणतन्त्र, नातिनी उषा र तोरीको साग | ३९/८ | २०६४ | ८५ |
| १८ | पोषराज पौडेल | मदनदाइ मेरो सम्झनामा | ४१/९ | २०६६ | ४८ |
| १९ | बाबुराम पाण्डे | कर्मयोगी मदनमोहन जोशीप्रतिका सम्झनाहरू | ४१/९ | २०६६ | ९७ |
| २० | मदनमोहन जोशी | 'स्तालिन' प्रारम्भिक जीवन | १/१ | २०२६ | ५९ |
| २१ | मदनमोहन जोशी | चितवनका तन्देरीहरू | ३/४ | २०२८ | ५५ |
| २२ | मरुभूमिका लेखक | चितवन | ३/४ | २०२८ | २० |
| २३ | मोहनबहादुर कायस्थ | सिद्धान्तका प्रतिपादक हुन् क. मदनमोहन जोशी | ४१/९ | २०६६ | ७६ |
| २४ | म्याक्सिम गोर्की (अनु. मुमोजो र देप्रपौ) | मैले कसरी लेख्न सिकेँ | १/१ | २०२६ | २७ |
| २५ | रणेन्द्र बराली | मार्क्सवाद र मदनमोहन जोशी | ४१/९ | २०६६ | ९३ |
| २६ | रविकिरण निर्जीव | राष्ट्रको उत्थानमा विद्यार्थी वर्गको भूमिका | १/२ | २०२६ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | रविकिरण निर्जीव | बाढीले खाएको चितवन | ३/४ | २०२८ | ३९ |
| २८ | रविकिरण निर्जीव | अतीतले गिज्याएको वर्तमान | ३१/७ | २०५६ | २ |
| २९ | रविकिरण निर्जीव | मरेर बाँचेको मदन दाइ | ४१/९ | २०६६ | ५६ |
| ३० | रह शर्मा | मनको तरेलीमा हुस्टनको यात्रा | ३९/८ | २०६४ | ५८ |
| ३१ | रह शर्मा | विज्ञापन प्रति ल्याएपछि रकम लगे हुन्न ? | ४१/९ | २०६६ | १०७ |
| ३२ | राजेन्द्र सुवेदी | जामाता  दशमो ग्रहः | ३१/७ | २०५६ | ६६ |
| ३३ | लक्ष्मण श्रेष्ठ 'प्रतीक' | मैले चिनेको मदनमोहन | ४१/९ | २०६६ | ९१ |
| ३४ | विद्या श्रेष्ठ | मदन दाइ एक स्मृति | ४१/९ | २०६६ | ९१ |
| ३५ | शक्ति लम्साल | मेरो चिन्तनमा आजको रुस | २/३ | २०२८ | २१ |
| ३६ | सरिता तिवारी | स्मृति बिम्बमा जोशीज्यू | ४१/९ | २०६६ | ८३ |
| ३७ | सी.एम. अपील 'चितौने' | आदिवासी थारू समुदायमा प्रगतिशील लेखलाहरसभक काम (थारू भाषामा) | ३९/८ | २०६४ | ९२ |
| ३८ | सीताराम कोइराला | अनुशासनले कोर्ने गणतन्त्रको चित्र | ३९/८ | २०६४ | १२१ |
| ३९ | हरिबहादुर अधिकारी | सबै गणतन्त्रतिरै | ३९/८ | २०६४ | ११५ |
| ४० | हरिहर खनाल | आजका नेपाली युवाहरूको बाटो | १/२ | २०२६ | १८ |
| ४१ | हरिहर खनाल | स्मृति बिम्बमा मदनमोहन जोशी | ४१/९ | २०६६ | ३६ |
| ४२ | हरिहर सविता | म मर्दिन भन्ने पनि मऱ्यो बा ! | ४१/९ | २०६६ | ६९ |

## ३.२.५ एकाङ्की

**नौलो राँको** पत्रिकाको पहिलो अङ्कदेखि नवौँ अङ्कसम्म प्रकाशित एकाङ्कीहरूको सूची यसप्रकार रहेको छ :

**नौलो राँकोमा प्रकाशित एकाङ्कीहरू**

**तालिका सं. - ७**

| क्र. सं. | एकाङ्कीकारको नाम | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | प्रकाश चापागाईं | बस्तीपुर जागिसकेको छ | ३१/७ | २०५६ | २९ |
| २ | प्रकाश चापागाईं | जन आन्दोलनभित्रका मोडहरू | ३९/८ | २०६४ | ६५ |

## ३.२.६ समालोचना/समीक्षा/पुस्तक परिचय

**नौलो राँको** पत्रिकाको पहिलो अङ्कदेखि नवौँ अङ्कसम्म प्रकाशित समालोचना/ समीक्षा/पुस्तक परिचय आदिको सूची यसप्रकार रहेको छ :

**नौलो राँकोमा प्रकाशित समालोचना**

**तालिका सं. - ८**

| क्र. सं. | समालोचकको नाम | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | डी.आर. पोखरेल | भरियाको कथाको कथ्यगत संसार | ४१/९ | २०६६ | ४१ |
| २ | ताराकान्त पाण्डेय | उदात्तको पतनः सन्दर्भ समकालीन सिर्जना (१) | ३१/७ | २०५६ | ७ |
| ३ | द्वारिका नेपाल | मनदमोहन जोशी र उनका राजनीतिक तीन पुस्तक | ४१/९ | २०६६ | ११३ |
| ४ | धनेश्वर भट्टराई | हो चि मिन्हभित्रका मदनमोहन | ४१/९ | २०६६ | ८६ |
| ५ | पूर्णबहादुर अधिकारी | अनुवादक मदनमोहन जोशी र वहाँको 'जनताको सेवा गर' पुस्तकबारे एक छोटो टिप्पणी | ४१/९ | २०६६ | ११० |
| ६ | भागवतशरण न्यौपाने | विसङ्गत समाजलाई सुसङ्गत पार्ने असफल प्रयत्न | ३१/७ | २०५६ | ५२ |
| ७ | विष्णुप्रसाद सापकोटा | यात्रा मुक्ति शिखरको कविता सङ्ग्रहमा एक क्षण | ३१/७ | २०५६ | ५५ |
| ८ | होमनाथ सापकोटा | देवराज पौडेलको गीति सङ्ग्रह 'गणतन्त्र जिन्दावाद' को अन्तर्वस्तु विश्लेषण | ३९/८ | २०६४ | २९ |

## ३.२.७ विविध

**नौलो राँको** पत्रिकाको पहिलो अङ्कदेखि नवौँ अङ्कसम्म प्रकाशित अन्तको साहित्य, इतिहास, चिठी, व्यक्तित्व चर्चा आदिलाई विविधअन्तर्गत राखेर त्यसको सूचीलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

**विविध अन्तर्गतका रचनाहरू**

**तालिका सं. - ९**

| क्र. सं. | लेखकको नाम | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | कपिल अज्ञात | वर्गीय चरित्र मूर्धन्य व्यक्ति : मदनमोहन जोशी (ज्योतिष) | ४१/९ | २०६६ | २३ |
| २ | नारायण सापकोटा | मदनमोहन जोशी : व्यक्ति एक व्यक्तित्व अनेक (व्यक्तित्व चर्चा) | ४१/९ | २०६६ | २८ |
| ३ | निकोलाई ओस्त्रोब्स्की (अनु. खगेन्द्र सङ्ग्रौला) | मेरा सपनाहरू (अन्तको साहित्य) | २/३ | २०२७ | ११ |
| ४ | प्रबोधसिंह थारू र अन्य | पाठक भेटवार्ता | १/२ | २०२६ | ६१ |
| ५ | भवनाथ सडौला | साहित्य सङ्गम चितवन र मदनमोहन जोशीको सम्बन्ध (आलेख) | ४१/९ | २०६६ | ११७ |
| ६ | मदनमोहन जोशी | नौलो राँको र साहित्य सङ्गम चितवनको सम्बन्ध (इतिहास) | ३९/८ | २०६४ | १३१ |
| ७ | मदनमोहन जोशी | चितवनको सङ्क्षिप्त इतिहास (साहित्यिक इतिहास) | ४१/९ | २०६६ | १ |
| ८ | रामप्रसाद पोखरेल | पाठक प्रतिक्रिया | १/२ | २०२६ | ६६ |
| ९ | रामहरि श्रेष्ठ | मदनमोहन जोशीको सङ्क्षिप्त परिचय (व्यक्तित्व चर्चा) | ४१/९ | २०६६ | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | श्रीभक्त अच्युत वाग्ले | मदनमोहन जोशीको सम्झनामा दुई चार शब्द (चिठी) | ४१/९ | २०६६ | ६३ |
| ११ | साहित्य सङ्गम चितवन | नौलो राँको र साहित्य सङ्गम चितवनको जन्म (इतिहासको उत्खनन) | ३१/७ | २०५६ | १०० |

## ३.२.८ 'नौलो राँको' का अङ्क एकदेखि अङ्क नौसम्म प्रकाशित रचनाहरू

**नौलो राँको** पत्रिकाको अङ्क एकदेखि अङ्क नौसम्म प्रकाशित साहित्यका विभिन्न विधा तथा उपविधाका सम्पूर्ण रचनाहरूलाई यसप्रकार देखाउन सकिन्छ :

**नौलो राँकोका अङ्क १-९ मा प्रकाशित कुल रचननाहरू**

**तालिका सं. - १०**

| क्र. स. | वर्ष/ अङ्क | विधा/उपविधा | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कविता/ गीत गजल/ हाइकु | कथा/ लघुकथा | लेख/ निबन्ध/ संस्मरण | एकाङ्की | लघु-उपन्यास | समालोचना/ समीक्षा | विविध | जम्मा |
| १ | १/१ २०२६ | कविता-९ गीत-१ | कथा-३ | लेख-४ निबन्ध-१ | - | - | - | - | १८ |
| २ | १/२ (०२६) | कविता-१६ | कथा-३ | निबन्ध-२ | - | १ | - | २ | २४ |
| ३ | २/३ (०२७) | कविता-४ | कथा-२ | लेख-१ | - | १ | - | १ | ९ |
| ४ | ३/४ (०२८) | कविता-१ | कथा-१ | निबन्ध-३ लेख-२ | - | - | - | - | ७ |
| ५ | ५/५ (०३०) | अप्राप्य | - | - | - | - | - | - | |
| ६ | २२/६ (०४७) | कविता-४० | - | - | - | - | - | - | ४० |
| ७ | ३१/७ (०५६) | कविता-२१ गजल-१ हाइकु-३ | कथा-४ लघुकथा-२ | निबन्ध-२ संस्मरण-१ | १ | - | समालोचना-३ | विविध-१ | ३९ |
| ८ | ३९/८ (०६४) | कविता-२८ गीत-२ गजल-३ हाइकु-४ | कथा-२ | निबन्ध-६ लेख-३ संस्मरण-१ | १ | - | समालोचना-१ | १ | ५२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | ४१/९ (०६६) | कविता-८<br>गजल-१ | - | संस्मरण-१६ | - | - | समीक्षा-४ | ६ | ३५ |
| जम्मा | | कविता-१२७<br>गीत-३<br>हाइकु-७<br>गजल-५ | कथा-१५<br>लघुकथा-२ | निबन्ध-१४<br>लेख-१०<br>संस्मरण-१८ | | | समालोचना-४<br>समीक्षा-४ | ११ | २२४ |
| | | १४२ | १७ | ४२ | २ | १ | ८ | ११ | २२४ |

## ३.२.९ 'नौलो राँको' का प्रकाशक/सम्पादकहरूको विवरणात्मक सूची

**नौलो राँको** हाल साहित्य सङ्गम चितवनको मुखपत्रको रूपमा प्रकाशित हुने गरेको छ । यसको पहिलो अङ्क सामयिक भेटको रूपमा २०२६ सालमा प्रकाशित भएको थियो भने यसको नवौँ अङ्क २०६६ सालमा मदनमोहन जोशी विशेषाङ्कका रूपमा प्रकाशित भएको छ । यसका प्रकाशक तथा सम्पादकका रूपमा विभिन्न व्यक्तित्वहरूले जिम्मेवारी पूरा गरेका छन् । **नौलो राँको** का प्रकाशक तथा सम्पादकहरूको विवरणात्मक सूचीलाई प्रकाशन क्रमअनुसार यसप्रकार प्रस्तुत गरिएको छ :

**नौलो राँको अङ्क १-९ को प्रकाशन विवरण**

**तालिका सं. - ११**

| क्र. सं. | वर्ष/ अङ्क | प्रकाशन वर्ष | प्रकाशक | सम्पादक |
|---|---|---|---|---|
| १ | १/१ | २०२६ (असार) | बाबुराम पाण्डे<br>पशुपति वाग्ले<br>ऋद्धिनारायण पिया | मुरारीमोहन जोशी<br>हरिहर खनाल<br>प्रभातकुमार जोशी |
| २ | १/२ | २०२६ (माघ) | नौलो राँको प्रकाशन चितवन | मुरारीमोहन जोशी<br>हरिहर खनाल<br>रविकिरण निर्जीव |
| ३ | २/३ | २०२७ (कात्तिक) | नौलो राँको प्रकाशन चितवन | मुरारीमोहन जोशी<br>हरिहर खनाल<br>रविकिरण निर्जीव |
| ४ | ३/४ | २०२८ (माघ) | नौलो राँको प्रकाशन चितवन | सोमनाथ घिमिरे |

| | | | | |
|---|---|---|---|---|
| ५ | ५/५ | २०३० | नौला राँको प्रकशन | सोमनाथ घिमिरे |
| ६ | २२/६ | २०४७ (असोज) | साहित्य सङ्गम चितवन | हरिहर खनाल<br>रविकिरण निर्जीव<br>घनश्याम पौड्याल |
| ७ | ३१/७ | २०५६ (कात्तिक) | साहित्य सङ्गम चितवन | सम्पादक मण्डल<br>रविकिरण निर्जीव<br>प्रकाश चापागाईं<br>गुणराज लोहनी<br>सम्पादन सहयोगी<br>पोषराज पौडेल |
| ८ | ३९/८ | २०६४ (कात्तिक) | साहित्य सङ्गम चितवन | प्रधान सम्पादक<br>पूर्णबहादुर अधिकारी<br>सम्पादक<br>रविकिरण निर्जीव<br>होमनाथ सापकोटा |
| ९ | ४१/९ | २०६६ (मङ्सिर) | साहित्य सङ्गम चितवन<br>प्रकाशन समिति<br>संयोजक - भवनाथ सडौला<br>सदस्य - डी.आर. पोखरेल<br>सदस्य - इन्द्रप्रसाद रेग्मी<br>सदस्य - रामहरि श्रेष्ठ | प्रधान सम्पादक<br>भवनाथ सडौला<br>सम्पादक<br>द्वारिका नेपाल<br>रमेश प्रभात<br>पूर्णबहादुर अधिकारी<br>देवराज पौडेल |

## ३.२.१० निष्कर्ष

**नौलो राँको** पत्रिकाको पहिलोदेखि नवौँ अङ्कसम्म विभिन्न स्थापित र नवप्रतिभा लेखक तथा साहित्यकारद्वारा रचिएका विभिन्न साहित्यिक विधा तथा उपविधाका रचनाहरू प्रकाशित भएका छन् । **नौलो राँको**को अप्राप्य पाँचौ अङ्कबाहेक अन्य आठवटा अङ्कहरूमा

जम्मा एक सय अठासीजना लेखक तथा साहित्यकारहरूका दुईसय चौबिसवटा लेख रचनाहरू प्रकाशित भएका छन् । तीमध्ये एकसय बाह्रजना कविका एकसय तिसवटा कविता, पाँचजना गजलकारका पाँचवटा गजलहरू, दुईजना हाइकुकारका सातवटा हाइकुहरू र तिनजना गीतकारका तिनवटा गीत प्रकाशित भएका छन् । त्यसै गरी चौधजना कथाकारका सत्रवटा कथा र लघुकथाहरू, एक उपन्यासकारको एउटा लघुउपन्यास, चौतिस जना निबन्धकारका बयालिसवटा लेखनिबन्धहरू, एकजना एकाङ्कीकारका दुईवटा एकाङ्कीहरू र आठजना समालोचकका आठवटा समालोचना प्रकाशित भएका छन् । यसै गरी **नौलो राँको**का विभिन्न अङ्कहरूमा चिठी, पाठक प्रतिक्रिया व्यक्तित्व चर्चा, इतिहास लगायतका विविध शीर्षकअन्तर्गत आठजना लेखकका आठैवटा लेखहरू प्रकाशित भएका छन् । उपर्युक्त लेखरचनाहरूका अतिरिक्त यसका विभिन्न अङ्कहरूमा समसामयिक सन्दर्भमा केन्द्रित भई लेखिएका सम्पादकीय र प्रकाशकीय लेखहरू पनि छापिएका छन् ।

पत्रपत्रिकाको प्रकाशन तथा विचार अभिव्यक्तिको स्वतन्त्रता नभएको पञ्चायतकालीन प्रतिकूल अवस्थामा पनि विभिन्न चुनौतीहरूको सामना गर्दै प्रकाशित हुन थालेको **नौलो राँको**ले मूलतः शोषित पीडित जनताको आवाजको प्रतिनिधित्व गर्ने गरेको पाइन्छ । २०४६ सालको जनआन्दोलनको सेरोफेरोका जनआवाजहरू र तत्पश्चात्को बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा देखिएका विकृति तथा विसङ्गतिहरूलाई समेटेर लेखिएका रचनाहरूलाई **नौलो राँको**मा मुख्य स्थान दिइएको छ । २०६४ मा प्रकाशित यसको आठौँ अङ्कमा २०६२/०६३ को जनआन्दोलन २ र गणतान्त्रिक नव नेपालको निर्माणसम्बन्धी जन आवाजहरू समेटिएका छन् भने यसको नवौँ अङ्कलाई साहित्य सङ्गम चितवनका संस्थापक अध्यक्ष मनदमोहन जोशीको स्मृतिमा जोशी विशेषाङ्कका रूपमा प्रकाशित गरिएको छ ।

# परिच्छेद : चार

# नौलो राँकोमा प्रकाशित रचनाहरूको विश्लेषण

## परिच्छेद : चार

# 'नौलो राँको' मा प्रकाशित रचनाहरूको विश्लेषण

### ४.१ विषय परिचय

यस परिच्छेदमा **नौलो राँको** पत्रिकामा प्रकाशित विभिन्न विधाका रचनाहरूको विश्लेषण गरी निष्कर्षसमेत दिने कार्य गरिएको छ । प्रथमतः कविता विधाको सामान्य परिचय, कविताहरूको वस्तुविश्लेषण, भाषशैलीय विश्लेषण र निष्कर्ष दिइएको छ । त्यसै गरी कथा विधाको सामान्य परिचय, कथाको वस्तुविश्लेषण तथा भाषशैलीय विश्लेषण र निष्कर्ष, उपन्यास विधाको परिचय, लघुउपन्यासको विश्लेषण र निष्कर्ष, निबन्ध विधाको परिचय, **नौलो राँको**मा प्रकाशित निबन्धहरूको वस्तुविश्लेषण, भाषाशैलीय विश्लेषण र निष्कर्ष, एकाङ्की विधाको परिचय, सम्बन्धित एकाङ्कीहरूको वस्तुविश्लेषण, भाषशैलीय विश्लेषण र निष्कर्ष, समलोचना विधाको परिचय, सम्बन्धित समालोचनाको विश्लेषण र निष्कर्ष तथा विविध शीर्षकअन्तर्गतका लेखरचनाहरूको विश्लेषण र निष्कर्ष दिइएको छ ।

### ४.२ 'नौलो राँको' मा प्रकाशित कविता

नेपाली भाषामा प्रयोग हुने 'कविता' तत्सम शब्द हो । 'कवि' शब्दमा 'ता' प्रत्यय लागेर कविता शब्द बनेको र कविता शब्दको अर्थ कविद्वारा रचित रचना भन्ने बुझिन्छ । कवितालाई कविको कर्म भन्ने अर्थमा पनि लिने गरेको पाइन्छ । "कविको भाव (गुणधर्म) वा कर्म नै कविता हो ।"[१] कविता भावनात्मक वा बौद्धिक कथ्यको पद्यलयात्मक रचना पनि हो । संस्कृत साहित्यमा काव्य शब्दको प्रयोग अत्यधिक हुने गरेको पाइन्छ र काव्यलाई समग्र साहित्यकै पर्यायका रूपमा पनि लिइन्छ । संस्कृत साहित्यको विकासक्रमको उत्तरवर्ती चरणमा भने काव्यलाई श्रव्यकाव्य र दृश्यकाव्य गरी दुई भागमा विभाजन गरेर कवितालाई श्रव्यकाव्यको भेदमा राखिएको पाइन्छ । हिमांशु थापाका अनुसार आजको सन्दर्भमा कविता

---

[१] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ५, ललितपुर : साझा प्रकाशन, २०४८, पृ. २४७ ।

भन्नाले कुनै भाव वा अनुभूतिविशेषलाई लिएर लेखिएको कुनै फुटकर रचना हो भन्ने बुझिन्छ ।[२]

पूर्वीय साहित्यमा सर्वप्रथम भरतमुनिले कविताको परिभाषा दिएका छन् । उनका अनुसार "कोमल र सुन्दर पदविन्यास, गूढ शब्दार्थहीनता, सुबोधता, युक्तिपूर्णता, सङ्गीतात्मक र रसात्मकता भएको रचना काव्य हो ।"[३] विश्वनाथले "रसात्मक वाक्य नै काव्य हो"[४] भनेका छन् ।

पाश्चात्य साहित्यमा एरिस्टोटलले कवितालाई "भाषाका माध्यमबाट अभिव्यक्त हुने अनुकरणात्मक कला हो"[५] भनेका छन् । डब्लु. एच. हड्सनका अनुसार "कल्पना र संवेगद्वारा गरिएको जीवनको व्याख्या नै कविता हो ।"[६] नेपाली साहित्यमा पनि कवितालाई परिभाषित गर्ने प्रयास गरिएको छ । "कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनाहरूलाई छन्द वा लयमा उनिएको कृति वा रचनालाई कविता भनिन्छ ।"[७] त्यस्तै तारानाथ शर्माका अनुसार "कविता भित्री मनको आवाज हो । यो मुटुको ढुकढुकीसितै लयबद्ध भएर मूलबाट पानी फुटे झैँ कलकलाउँदै उम्लन्छ ।"[८]

कवितालाई साहित्यका अन्य विधाबाट अलग स्वरूप प्रदान गर्ने मुख्य तत्त्व लयात्मकता हो । कविता बद्ध वा मुक्तमध्ये कुनै एक लयमा आबद्ध हुन्छ । गेय-रम्य साङ्गीतिकताले कवितालाई श्रुतिमधुर बनाउनुका साथै आख्यान, निबन्ध आदि साहित्यका अन्य विधाको व्यतिरेकमा उभ्याउँछ । विधागत आयाम विस्तारका दृष्टिले कविताका द्विपदी, त्रिपदी र चतुष्पदी न्यूनतम ढाँचादेखि लिएर फुटकर कविता, खण्डकाव्य हुँदै महाकाव्य जस्ता बृहत् र बृहत्तर रूपसम्म फैलन सक्ने अवस्था रहेको पाइन्छ । कविताका लघु रूपका मुक्तक र फुटकर कवितादेखि लिएर बृहत रूपका महाकाव्यसम्मका स्वरूपलाई ध्यानमा राख्दा यसका शीर्षक, संरचना, लयविधान, भाषशैली, कथनपद्धति, भावविधान, बिम्ब तथा अलङ्कार विधान र व्यञ्जनाजस्ता तत्त्वहरू रहेको पाइन्छ ।

---

[२] हिमांशु, थापा, **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन, तेस्रो सं., पृ. ३३ ।

[३] भरतमुनिको **नाट्यशास्त्र**बाट उद्धृत, हिमांशु थापा, **साहित्य परिचय**, पूर्ववत्, पृ. ३४ ।

[४] पूर्ववत् ।

[५] खगेन्द्रप्रसाद लुइटेल र अन्य, **नेपाली कवि र कविता**, काठमाडौं : विभुञ्जभु प्रकाशन, २०५८, पृ. ३ ।

[६] हिमांशु थापा, पूर्ववत्, पृ. ४१ ।

[७] कृष्णप्रसाद पराजुली (सम्पा), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : ने.रा.प्र.प्र., २०४०, पृ. २१५ ।

[८] तारानाथ शर्मा, **नेपाली साहित्यको ऐतिहासिक परिचय**, ललितपुर : साझा प्रकाशन ते.सं., २०६३, पृ. ३० ।

नेपाली कविताको सन्दर्भमा हेर्दा यसको लामो ऐतिहासिक विकास प्रक्रिया रहेको पाइन्छ । कवि सुवानन्द दास अहिलेसम्म फेला परेका नेपाली भाषाका पहिला कवि हुन् र उनको 'पृथ्वीनारायण' शीर्षक दिइएको कविता नै अहिलेसम्म फेला परेकामध्ये सबैभन्दा पुरानो कविता हो । लगभग विक्रमको १९ औँ शताब्दीको प्रारम्भबाट नेपाली कविताको लेख्य परम्परा थालनी भई विभिन्न कालखण्डहरू पार गर्दै वर्तमान अवस्थामा आइपुगेको छ । वीरधारा, भक्तिधारा, शृङ्गारधारा हुँदै विक्रमको बिसौँ शताब्दीको अन्त्यतिर नेपाली कविताले पाश्चात्य प्रभाव ग्रहण गरी आधुनिकतातर्फ पाइला टेकेको मानिन्छ । नेपाली कविताले आधुनिक कालमा प्रवेश गरिसकेपछि पाश्चात्य कवितामा विकसित भएका स्वच्छन्दतावाद, प्रयोगवाद, यथार्थवाद, प्रगतिवादलगायत विभिन्न वादहरूबाट पनि धेरथोर प्रभावित भई अझ परिष्कृत हुँदै जाने अवसर प्राप्त गऱ्यो । करिब अढाई शताब्दीभन्दा बढीको यात्रा तय गरिसकेको नेपाली कविता नेपाली साहित्यको प्रतिनिधि विधा पनि हो । नेपाली साहित्यमा कविता विधा मुक्तकजस्तो लघुतम रूपदेखि लिएर महाकाव्यजस्तो बृहत् आयामसम्म मौलाएको पाइन्छ ।

विभिन्न कालका विभिन्न धारा एवम् उपधारा र वादहरूलाई वरण गर्दै नेपाली कविताले अहिले समसामयिक उत्तरआधुनिकतावादलाई अँगालेको पाइन्छ । परम्परागत बद्धलयात्मक ढाँचाको तुलनामा वर्तमानमा नेपाली कविता मुक्त लयात्मक वा गद्यात्मक ढाँचामा बढी विकसित र परिपुष्ट हुँदै गएको देखिन्छ ।

स्रष्टाका सिर्जनाहरूलाई अरूसमक्ष प्रस्तुत गर्ने सर्वोपयुक्त माध्यम भनेका पत्रपत्रिका नै हुन् । नेपाली साहित्यलाई माध्यमिककालीन पछौटेपनबाट आधुनिकतातर्फ डोऱ्याउन देशभित्र तथा बाहिरबाट प्रकाशित विभिन्न पत्रपत्रिकाहरूले उल्लेखनीय भूमिका निर्वाह गरेको देखिन्छ । उपत्यकाबाहिर पनि प्रकाशन सुलभ हुँदै गएपछि स्थानीय स्तरबाट नेपाली साहित्यको श्रीवृद्धिमा सक्दो प्रयास गर्ने परिपाटीको थालनी भएको पाइन्छ । यसै सन्दर्भमा चितवन जिल्लाबाट नेपाली साहित्यको उत्थानमा भएको प्रयास महत्त्वपूर्ण मानिन्छ । **नौलो राँको** चितवनबाट प्रकाशित पत्रिकाहरूमध्ये अग्रपङ्क्तिमा रहने र प्रगतिवादी विचारको प्रतिनिधित्व गर्ने पत्रिका हो । साहित्यका विविध विधाका रचनाहरूलाई **नौलो राँको**ले स्थान दिएर प्रकाशित गरेको भए तापनि सबैभन्दा बढी महत्त्व कवितालाई दिएको देखिन्छ । **नौलो राँको**को छैटौँ अङ्क पूर्णतः कविता अङ्ककै रूपमा प्रकाशित छ । **नौलो राँको**का पहिलोदेखि

नवौँ अङ्कसम्म जम्मा एकसय बिसजना कविका एकसय बयालिस कविता, गजल, गीत आदि प्रकाशित छन् । अधिकांश कविता मुक्त लयात्मक ढाँचामा रचिएका छन् भने कतिपय कविता चाहिँ बद्ध लयात्मक छन् । प्रथम तथा तृतीय दुबै दृष्टिबिन्दु प्रयोग गरी लेखिएका कविताहरूमा समसामयिक विषयवस्तु समेटिएको पाइन्छ । प्रगतिवादी धाराको प्रतिनिधित्व गर्ने पत्रिका भएकाले यसमा प्रकाशित कवितामा यथास्थितिवादी-परम्परावादी धारणाको विरोध गर्दै अग्रगामी चेतनाको प्रवाह भएको स्पष्ट देख्न सकिन्छ । पत्रपत्रिकाको प्रकाशनप्रति अनुदार मानिने पञ्चायती शासनको चरम उत्कर्षका बेला **नौलो राँको**का पाँचवटा अङ्कहरू प्रकाशित भएका र तिनमा समावेश भएका कवितामा सामाजिक, राजनीतिक, सांस्कृतिक समस्याहरूलाई विषयवस्तु बनाइएको पाइन्छ । यसका पछिल्ला अङ्कका कविताहरूले २०४६ को जनआन्दोलन तथा २०६२/०६३ को दोस्रो जनआन्दोलनको समर्थनमा वकालत गरेका छन् । नेपाली कवि लेखकहरूले मूलभूत रूपमा सबैखाले शोषण तथा उत्पीडनबाट पूर्ण रूपमा उन्मुक्तिको लडाइँमा सामन्तवादका अवशेषलाई विनष्ट गरेर समावेशी चरित्रको गणतान्त्रिक शासनपद्धतिको स्थापनाको पक्षमा कलम चलाउनुपर्छ भन्ने उद्घोष **नौलो राँको**का पछिल्ला अङ्कका कविताहरूमा गरिएको पाइन्छ ।

## ४.२.१ कविताको वस्तुविश्लेषण

**नौलो राँको** पत्रिकामा सबैभन्दा बढी महत्त्वका साथ स्थान दिइएको विधा कविता हो । यसमा विभिन्न भाव र विषयवस्तु भएका कविताहरू प्रकाशित भएका छन् । यहाँ गीत, गजल र हाइकुलाई पनि कविताअन्तर्गत नै राखेर विश्लेषण गरिएको छ ।

अथाहसागर तीर्थमानको गजल (३९/८, २०६४) मा नेपालका नेताहरूको स्वार्थी प्रवृत्तिको भण्डाफोर गरिएको छ । जम्मा पाँच शेरमा संरचित प्रस्तुत गजलमा नेताले मुखले गणतन्त्रको नारा लगाउने तर भित्री रूपमा दरबारसँग साँठगाँठ मिलाई सम्पत्ति आर्जन गर्ने अनि जनतालाई केवल सत्ता आरोहणको निम्ति भऱ्याङ मात्र बनाउने गरेकोप्रति विरोध गरिएको छ । अलका अधिकारीको *तीन हाइकु* (३१/७, २०५६) मा *कर्मचारी, आश्वासन* र *मान्छे* शीर्षकका हाइकु समावेश गरिएका छन् । *कर्मचारी* शीर्षकको हाइकुमा सरकारी नोकरी गर्ने कर्मचारीहरू राष्ट्रको सेवा गर्ने नाममा केवल जनताको आँखामा छारो हाल्ने काम गर्ने उल्लेख गरिएको छ । *आश्वासन* शीर्षकको हाइकुमा जनताले सरकारबाट

आश्वासनबाहेक केही नपाएको बताइएको छ भने *मान्छे* शीर्षकको हाइकुमा मान्छेको आदर्श केवल देखावटी स्वाङ मात्र भएको उल्लेख छ । अविरल मुस्कानको *विजयको होली मनाउनेहरू* (३९/८, २०६४) गद्य कवितामा नेपालमा सामन्तवाद विरुद्धको आन्दोलनमा आंशिक सफलता प्राप्त हुँदैमा विजयको होली मनाउन हतार गर्नेहरूप्रति घृणा व्यक्त गरिएको छ । कवितामा राजतन्त्र सामन्तवादको प्रतिनिधि भएको र यो जहिले पनि जनविरोधी हुने उल्लेख गर्दै राजतन्त्रलाई 'साँढे' को संज्ञा दिइएको छ । डसाहा साँढेलाई सदाको निम्ति बिदाइ नगर्दासम्म विश्राम नलिन पनि कवितामा जनतासँग आग्रह गरिएको छ । आनन्ददेव भट्टको *हामी बौलाहाहरू* (१/१, २०२६) गद्य कवितामा समाजका अत्याचारी र ठुलाबडा भनाउँदाको ज्यादतीका कारण निमुखा जनताले मानसिक सन्तुलन गुमाउनु परेको पीडालाई व्यक्त गरिएको छ । कवितामा बौलाहाहरूले पनि स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्ने उल्लेख गर्दै उनीहरूलाई हेलाँ र हाँसोको विषय नबनाउन आग्रह गरिएको छ ।

आर.के. रेग्मीको *शहीदको सम्झना* (२२/६, २०४७) गद्य कवितामा देशमा आमूल परिवर्तन गर्नको निम्ति ज्यानको बाजी थापेर लडेका वीर सहिदहरूप्रति सम्मान व्यक्त गरिएको छ । आन्दोलनमा कतिले ज्यान गुमाउनु परेको, कतिले अपाङ्ग हुनपरेको र कतिले जेल तथा नेलको सामना गर्नुपरेको उल्लेख गर्दै उनीहरूको अधुरो सपना पूरा गर्ने जिम्मेवारी अब जनताको काँधमा आएको कुरा कवितामा व्यक्त गरिएको छ । आर.बी. थाहँजुको *एउटा कथा एउटा दीक्षा* (३/४, २०२८) गद्य कवितामा सामन्तहरूबाट सताइएका, बाढी तथा पहिरोबाट पीडित जनताले सुखपूर्वक बाँच्ने सपना बोकेर बसाइँ सरेको तर जहाँ गए पनि सामन्त र शोषकले दुःख दिन नछाडेको गुनासो व्यक्त गरिएको छ । आसान सुमानीको *गणतन्त्र नयाँ नेपाल* (३९/८, २०६४) लोकभाकाको कवितामा सामन्तवादको अन्त्य गरी गणतन्त्रात्मक नयाँ नेपालको निर्माण गर्नु नै वर्तमान युगको आवश्यकता रहेको कुरा व्यक्त गरिएको छ । कवितामा कतै देशभक्तिको भावना प्रकट भएको छ भने कतै सहिदहरूप्रति सम्मान व्यक्त गरिएको छ । आहुतिको *भविष्यको चिन्ता* (२२/६, २०४७) गद्य कवितामा जनआन्दोलनका क्रममा साथीले विश्वासघात गरेर शत्रुपक्षतर्फ लागेकोमा असन्तुष्टि व्यक्त गरिएको छ । कवितामा मातृभूमिको ऋण तिर्नुको सट्टा गद्दारी गरी दुस्मनसँग साँठगाँठ गरेका साथीसँग किन त्यसरी आत्मा बेचेको भनी प्रश्न गरिएको छ । इन्द्र रेग्मीको *नयाँ नेता* (२२/६,२०४७) कवितामा २०४६ को जनआन्दोलनमा

घरभित्र लुकेर बस्ने काँतरहरूले प्रजातन्त्रको प्राप्तिपश्चात् आफूलाई जनताको मुक्तिदाता र सच्चा सेवक भन्दै हिँड्ने गरेको कुरालाई विषयवस्तु बनाइएको छ । कवितामा नयाँ नेताको परिचय गराउँदै आन्दोलनका बेला पञ्चायतको लाभ लिइरहेका स्वार्थीहरू प्रजातन्त्रको बखान गरेर नथाक्ने गरेको र हिजोका सबै कुकर्महरू लुकाएर आज उनीहरू नै पद र प्रतिष्ठाका धनी बन्ने सपना बोकेर बर्बराउने गरेको कुरा व्यक्त गरिएको छ । इन्द्रप्रसाद रेग्मीको *सांसद-मन्त्री संवाद* (३१/७, २०५६) संवाद शैलीको कवितामा २०४६ को जन आन्दोलनबाट देशमा प्रजातन्त्रको पुनः स्थापना भई जननिर्वाचित सरकार बनेको भए तापनि जन अपेक्षाअनुसार काम हुन नसकेको र मन्त्रीहरू सम्पत्ति आर्जन गर्नतर्फ तल्लीन भएकोप्रति दुःख व्यक्त गरिएको छ ।

ईश्वर श्रेष्ठको *यहाँ यस्तै छ* (२२/६, २०४७) गद्य कवितामा देशको सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताप्रति चासो र चिन्ता प्रकट गरिएको छ । कवितामा देश र जनताको स्वाभिमानमा चोट पर्दा मुखमा बुजो कोचेर बस्ने तर आफूलाई प्रजातन्त्रका ठेकेदार सम्झनेहरूप्रति आक्रोश व्यक्त गर्दै राष्ट्रघाती नेता तथा विस्तारवादी र साम्राज्यवादी शक्तिका विरुद्ध अब सशक्त रूपले क्रान्ति गर्नुपर्ने विचार व्यक्त गरिएको छ । ईश्वरचन्द्र ज्ञवालीको *कामरेड* (३१/७, २०५६) कवितामा सहिदको साहसी र गौरवपूर्ण मृत्युलाई अभिवादन गरिएको छ । कवितामा सहिदको सहादतले नै युगलाई उज्यालो प्रदान गरेको, साम्राज्यवादीको साम्राज्य ढलेको अनि सहिदको थोपा थोपा रगतको त्यागबाट नै बाँच्नेहरूलाई साहसले बाँच्ने प्रेरणा प्राप्त भएको कुरा उल्लेख गरिएको छ । ईश्वरीप्रसाद दाहालको *लठारो* (१/२, २०२६) गद्य कवितामा गरिब र दुःखीलाई सधैँभरि कामधन्दाको लठारो हुने, शोषकहरूबाट चुसिएर दह्रो पाइला टेक्न पनि नसक्ने र अभावका कारण पारिवारिक झमेला परिरहने कुरा बताइएको छ । कवितामा अब गरिबहरू एकजुट भइसकेकाले सामन्तले धेरै दिन धनको तुजुक देखाउन नपाउने विश्वास व्यक्त गरिएको छ । ऋद्धिनारायण पियाको *पामर* (१/२, २०२६) गद्य कवितामा मातृभूमिलाई विस्तारवादीहरूले प्रहार गर्दा शासनको बागडोर सम्हाल्नेहरू मूक भई बसेकोमा आक्रोश व्यक्त गरिएको छ । शासनसत्ता हातमा हुनेहरूले मातृभूमिको दुःखमोचन गर्न नसके अरूको निम्ति मर्न जान्ने नेपाली अब आफ्नै देशको निम्ति मर्न र मार्न पनि तयार हुनुपर्ने विचार अघि सारिएको छ । कपिल अज्ञातको *शहीद* (२२/६, २०४७) झ्याउरे लयमा रचिएको कविता हो ।

कवितामा सहिदहरूप्रति श्रद्धाभाव व्यक्त गरिएको छ । ज्यानको पर्बाह नगरी देश र जनताको भलाइको निम्ति लडेर माटोमा सुवास छर्ने र दास भएर बाँच्नुभदा मृत्युलाई रोजेर जीवनलाई सार्थक पार्ने सहिदहरूलाई धर्तीका तारा र राष्ट्रका मोती अनि हाम्रो हृदय जगाउने ज्योति मान्दै उनीहरूको पवित्र जीवन सम्झँदा मात्र पनि गौरव लाग्ने कुरा व्यक्त गरिएको छ । किरण भट्टराईको *आमा मलाई जान दिनुहोस् क्रान्ति गर्नलाई* (२२/६,२०४७) कवितामा अन्याय र अत्याचारको विरुद्ध क्रान्ति गर्न जानको लागि आमासँग अनुमति मागिएको छ । कवितामा वीर सहिदहरूको सपना साकार पार्न, राष्ट्रियता र संस्कृतिको जगेर्ना गर्न, नेपाली जनतालाई दासत्वबाट मुक्ति दिलाउन र कहिल्यै नझुक्ने वीर नेपालीको परिचय दिनका निम्ति आफूले क्रान्ति गर्न लागेको कुरा बताइएको छ ।

किसान प्रेमीको *मदनमोहन जोशीको सम्झनामा* (४१/९, २०६६) कवितामा बहुमुखी व्यक्तित्वका धनी मदनमोहन जोशीको स्मरण गरिएको छ । कवितामा सम्पूर्ण चितवनबासीका अभिभावक जोशीको निधनले चितवनले एक स्रष्टा, एक नेता, एक समाजसेवी र युवा वर्गका प्रेरणास्रोत गुमाएको उल्लेख गर्दै उनको मृत्युको कटु यथार्थलाई स्विकार्न कठिन भइरहेको कुरा व्यक्त गरिएको छ । कृष्ण पोखरेलको *हामी जुलुस हुन व्यग्र भइरहेछौँ* (१/२, २०२६) क्रान्तिकारी विचारधारा अभिव्यक्त भएको कविता हो । यसमा आजसम्म अन्याय र अत्याचार सहेर बसे पनि अब भने चेतनाको ढोका खुलिसकेकाले पहिलेजस्तो चुप लागेर नबस्ने उद्घोष गरिएको छ । कृष्ण सुदामाको *गजल* (३९/८, २०६४) मा मेचीदेखि महाकालीसम्म, हिमालदेखि तराईसम्म नेपालको माटो भएको बताउँदै प्रतिगमनकारीसँग होसियार भई सबै नेपाली मिलेर नयाँ नेपालको निर्माण गर्नुपर्ने भाव व्यक्त गरिएको छ । केदार लुइटेलको *शहीद* (३१/७, २०५६) बद्ध लयात्मक कवितामा सहिदहरू नेपाल आमाका सपूत भएको उल्लेख गर्दै उनीहरूले व्यक्तिगत स्वार्थ त्यागेर राष्ट्रको उन्नयनमा आफ्नो प्राण उत्सर्ग गरेकाले उनीहरूलाई आफूले हजारचोटि नमस्कार गर्ने बताइएको छ । सहिदहरू युवावस्थामा अकालमै ढालिए वा निभाइए पनि यथार्थमा उनीहरू सदाको निम्ति धपक्क बलेको भन्दै उनीहरूको सपना साकार हुने वा नहुने भन्ने प्रश्न भने अनुत्तरित नै रहेको जनाइएको छ । केशवराज सुवेदीको *गणतन्त्र एक अपरिहार्य मार्ग* (३९/८, २०६४) शास्त्रीय छन्दमा रचिएको र गणतन्त्रको महिमागान गरिएको कविता हो । कवितामा यो मुलुक अब पुरानो शासकीय ढाँचामा चल्न नसक्ने भएकाले नयाँ युगको

माग र  जनचाहना अनुसार अब देशमा गणतन्त्रात्मक शासनपद्धति अपनाउनुपर्ने राय प्रकट गरिएको छ । कवितामा गणतन्त्रविरोधी दुश्मनका दाह्रा र नङ्ग्रा भाँची सबै नेपाली मिलेर मातृभूमिको मुहार हँसाउनुपर्ने विचार प्रकट गरिएको छ ।

गंगादत्त बरालको *गाउँफर्क* (१/१, २०२६) कवितामा ग्रामीण जनताका दुःख र पिरमर्कामा सहभागी नहुने तर मुखमा रामराम झैँ गाउँफर्कको नारा भट्याउने नेताहरूको सहरमुखी प्रवृत्तिको विरोध गरिएको छ । कवितामा सिधासाधा जनतालाई चुस्ने प्रवृत्ति छाड्न तथा धनका लागि आत्मा नबेच्न सल्लाह दिँदै बरु जनताको भोको पेट भर्ने प्रबन्ध मिलाउन र गाउँफर्कको मूल मर्म बुझेर सोहीअनुसार काम गर्न सल्लाह दिइएको छ । गंगाराज राई 'हतुवाली' को *नववर्षको शुभकामना* (२/३, २०२७) कवितामा आउँदो नयाँवर्ष लाखौँलाख शोषित पीडित नेपाली जनताको निम्ति वरदान भएर र गरिब गुरुवाको विजय ध्वजा बोकेर आओस् भनी कामना गरिएको छ । आजसम्म जनताले चमेरा र उल्लुरूपी शोषकहरूको चुसाइ र डसाइ सहेर बस्नु परेकोमा अब रगतको खोला बगाएर भए पनि सम्पूर्ण हक प्राप्त नहुँदासम्म **नौलो राँको** बोकेर बढिरहने दृढता प्रकट गरिएको छ । गोपीलाल देवकोटाको *मेरो राष्ट्रियता बिक्रीमा छ* (३१/७, २०५६) गद्य कवितामा सत्तासीनहरूले राष्ट्रियताको संरक्षण गर्न नसकेकोमा असन्तुष्टि व्यक्त गरिएको छ । वीर पुर्खाले रगतको खोलो बगाएर आर्जन गरेको राष्ट्र र राष्ट्रियताको संरक्षण गर्नुको सट्टा सत्ताधारीहरू विदेशीको चाकरी गरेर सत्ता टिकाउने खेलमा लागेको, गीत सङ्गीतदेखि लिएर पोसाक र खाने कुरासम्म नेताहरूले आयातीतलाई रोज्ने गरेको तर देशमा राष्ट्रिय जागरण ल्याउन कुनै कदम नचालेकोप्रति कवितामा चिन्ता व्यक्त गरिएको छ । गोरखराज भारोको *इन्क्लाब जिन्दाबाद* (२२/६, २०४७) कवितामा पञ्चायती निरङ्कुश व्यवस्थाको विरुद्ध देशभक्त नागरिकले इन्क्लाब जिन्दावादको नारा घन्काउँदै आन्दोलन छेडेको र मानव अधिकार तथा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाका साथै मौलिक हकको प्राप्तिका निम्ति नेपाली जनता बलिदान हुन तयार भएकाले आज त्यसको परिणामस्वरूप प्राप्त भएको उपलब्धिलाई सबै अग्रगामी नेपाली मिलेर संरक्षण गर्नुपर्ने कुरा व्यक्त गरिएको छ ।

गोविन्द भट्टको *पुराना चिट्ठीहरू हेर्दा* (१/१, २०२६) कवितामा ६ वर्षअघि कुनै मित्रले कविका दुर्बलताहरू औंल्याउँदै चिठी पठाएको र आजसम्म पनि ती दुर्बलताहरू आफूले हटाउन नसकेको लाचारी प्रकट गरिएको छ । उनकै *हुस्सु मान्छे* (२२/६, २०४७) कवितामा

वास्तविकता बोध गर्न नसक्ने मानवीय कमजोर पक्षको चित्रण गरिएको छ । गोविन्दबाबु तिवारीको *मेरो वर्तमान* (२) (२२/६, २०४७) कवितामा देशको वर्तमान अवस्था धेरै उन्नत भइसकेको हुनपर्नेमा त्यस्तो हुन नसकेको र यथास्थितिमै रहेको जनाउँदै केवल नारा अलापेर देशको मुहार फेर्न नसकिने भएकाले लक्ष्य निर्धारण गरेर प्रतिबद्ध भई देश निर्माणमा लाग्नुपर्ने आशय प्रकट गरिएको छ ।

घनश्याम पौड्यालको *सामयिक सन्दर्भ* (२२/६, २०४७) बद्ध लयात्मक कवितामा वीर नेपालीहरूको त्याग र बलिदानबाट निरङ्कुशतालाई पाखा लगाए पनि आम नेपाली जनताका समस्याहरू यथावत् रहेको कुरा दर्साइएको छ । कवितामा देशको आर्थिक, सामाजिक, राजनीतिक आदि क्षेत्रमा देखापरेका विकृतिहरूको अन्त्य नगरेसम्म र जनताका अधिकारको सुनिश्चितता नभएसम्म सङ्घर्ष आवश्यक हुने कुरा दर्साइएको छ । चन्द्रराज भुर्त्यालको *नयाँ युवक नौलो राँको* (१/१, २०२६) गद्य कवितामा नौलो राँकोलाई प्रतीकात्मक रूपमा नवयुवकसँग समीकरण गर्दै नवयुगको पथप्रदर्शन गर्न आह्वान गरिएको छ । कवितामा नव युवकहरूलाई शोषितपीडित जनताका लागि सङ्घर्षमा अगाडि बढ्दै अन्याय र अत्याचारको विरुद्धमा लड्न र शोषक तथा सामन्तको जरासमेत उखेल्न आह्वान गरिएको छ । चूडा ढकालको *हुरी मान्छेहरूको कथा* (३९/८, २०६४) गद्य कवितामा वर्षौंदेखि समाजमा थुप्रिएर बसेका विकृतिहरूलाई हटाउन नेपाली जनताले आन्दोलनको हुरी सिर्जना गरी दसौँ वर्षसम्म जनयुद्ध लडेको र अन्तिम लडाइँ अब सामन्तवादको जरा उखेल्न केन्द्रित हुनुपर्ने कुरातर्फ सङ्केत गरिएको छ । चेतकान्त चापागाईंको *फूल नौलो सजाऊँ* (३१/७, २०५६) बद्ध लयात्मक कवितामा मैत्रीभाव व्यक्त गरिएको छ । कवितामा गाउँका सिधासाधा जनता युद्धतर्फ अग्रसर हुन विवश भएको जनाउँदै आफ्ना मित्रलाई देशको राजनीतिक अवस्थाप्रति सजग रहन र पत्राचार गरी सम्पर्कमा रहन आग्रह गरिएको छ । उनकै अर्को *प्रश्नैप्रश्न* (३९/८, २०६४) शास्त्रीय छन्दको कवितामा गणतन्त्रलाई नारामा मात्र सीमित नराखी व्यवहारमा लागु गर्न र सामन्तवादको जरैसमेत निर्मूल पार्न अनि सर्वसाधारण नेपाली जनताको उत्थान हुने कार्य गर्न आग्रह गरिएको छ । उनकै अर्को *फुल्दै लाली मदन उठ* (४१/९, २०६६) बद्ध लयात्मक कवितामा स्व. मदनमोहन जोशीको सम्झना गर्दै तनहुँको बन्दीपुरमा जन्मेर चितवन आई साहित्य सेवा, मार्क्सवादी दर्शनको प्रचार र समाजसेवा गरेका जोशीको चित्र हृदयमा झलझली खेलिरहेको कुरा व्यक्त गरिएको

छ । चेतोनाथ अधिकारीको *अलमलिएको साथीसँग* (१/२, २०२६) बद्ध लयात्मक कवितामा देशको निम्ति कर्तव्यको पालन गर्न अलमलिएको साथीलाई माटोको माया गर्न, जनतामा चेतनको लहर फैलाउन, पुरानो अव्यावहारिक शासनको सट्टा नयाँ जनवादी शासनव्यवस्था ल्याउनको लागि निडर तथा स्पष्ट भएर लाग्न आग्रह गरिएको छ । जगत श्रेष्ठको *गणतन्त्र के हो ?* (३९/८, २०६४) गद्य कवितामा गणतन्त्रलाई समयको मागको रूपमा लिँदै गणतन्त्रमा उच-नीच, छुत-अछुत, दास-मालिकको भेदभाव नहुने भएकाले यसलाई सर्वसाधारण नेपालीको लागि अपरिहार्य ठानिएको छ । जगतराज पौडेलको *आशातीत मुस्कान बाँकी नै छ* (२२/६, २०४७) गद्य कवितामा पञ्चायती निरङ्कुश तन्त्रलाई फाल्न नेपाली जनता सफल भए पनि देशको मुहारमा मुस्कान भर्न बाँकी नै रहेको बताइएको छ । कवितामा दुष्टहरूले नेपाल आमाका अङ्गप्रत्यङ्गमा क्षति पुऱ्याएको कुरा उल्लेख गर्दै अब भने नेपाल आमाका असल सन्तानहरूले कठोर मिहिनेतद्वारा उनको मुहार हँसाउने आशावादी विचार प्रकट गरिएको छ । उनकै *प्रातः स्मरणीय दाजु मदनमोहन जोशीज्यूमा हार्दिक श्रद्धाञ्जली* (४१/९) २०६६) बद्ध लयात्मक कवितामा स्वर्गीय मदनमोहन जोशीलाई एक प्रेरक व्यक्तिको रूपमा स्मरण गर्दै उनीप्रति हृदयदेखि नै श्रद्धासुमन अर्पण गरिएको छ ।

टंकप्रसाद बराकोटीको *पर्छ* (२२/६, २०४७) मुक्त लयात्मक कवितामा रुढिवादी विचारको अन्त्य गरी युगानुकूल परिवर्तन हुनुपर्ने तथा नेपाली जनताका पिरमर्का बुझेर उनीहरूको भलाइ हुने काम गर्नुपर्ने जनाउँदै अन्धविश्वासलाई त्यागेर वास्तविक धरातलमा उभिनुपर्ने आवश्यकता औँल्याइएको छ । टी.आर. विश्वकर्माको *दिन-दिनभर मानिस यहाँ सुत्छन्* (१/१, २०२६) गद्य कवितामा महल र दरबारमा बस्नेहरू रातभर अनेक तानाबाना बुनेर सोझा जनताको बिल्लिबाँठ बनाइदिने अनि रातभर भोजभतेर र मोजमस्ती गरी दिनभर मानिसहरू सुत्ने गरेको कुरालाई सामाजिक विकृतिको रूपमा चित्रण गरिएको छ । उनकै *हामी पानी हौँ* (१/२, २०२६) गद्य कवितामा नेपालीहरूको गरिबीको चित्र उतारिएको छ । कवितामा नेपालीहरूको प्राकृतिक र कठिन जीवनशैली भएकाले कसैले हामीमाथि सजिलै विजय प्राप्त गर्न नसक्ने धारणा राखिएको छ । ठाकुरप्रसाद सिग्देलको *पर्दैन धम्क्याउन* (३९/८, २०६४) बद्ध लयात्मक कवितामा शक्तिशाली राष्ट्रहरूले कमजोर राष्ट्रमाथि गर्ने थिचोमिचो र दमनको विरोध गर्दै आफ्नै परिवेशअनुसार चल्न अनि आफै लक्ष्य र गन्तव्य पहिल्याउन सक्षम नेपालीलाई कसैले धम्क्याउन आवश्यक नभएको कुरा

व्यक्त गरिएको छ । डिल्ली घिमिरेको *मेरो प्रिय सङ्गम चोक* (२२/६, २०४७) गद्य कवितामा ऐतिहासिक जनआन्दोलन २०४७ मा नारायणगढको सङ्गम चोकमा न्यायप्रेमी जनताले अत्याचारको विरुद्ध गोलबद्ध भई आन्दोलन छेडेको र कतिपय वीरहरूले सहादत प्राप्त गरेकाले त्यस स्थानलाई पवित्र स्थलको रूपमा लिँदै उनीहरूलाई क्रान्तिकारी अभिवादनसमेत गरिएको छ । तपोनिधि शर्माको *हाँसेर माला गुँथ* (१/२, २०२६) बद्ध लयात्मक कवितामा प्रकृतिको चित्रण गर्दै सामाजिक विसङ्गतिका विरुद्ध अग्रसर हुन आग्रह गरिएको छ । कवितामा समाज र सिङ्गो राष्ट्रका समस्याहरू समाधानका लागि साहसपूर्वक क्रान्तिरूपी माला गुँथेर पहिरन र कर्मठ बनेर ऐतिहासिक कार्य गरी देशको मुहार हँसाउन अनि महिला जागरण ल्याउन सबैसँग आह्वान गरिएको छ । तिलक गुरुङको *बसाइँ* (१/१, २०२६) गद्य कवितामा नेपालको पहाडी भेकमा दानवी प्रवृत्तिबाट सताइएका निमुखाहरू आफ्नो प्यारो जन्मभूमि र आफन्तजनलाई छाडेर आँखामा आँसु टल्पलाँउदै बाध्यतावश बसाइँ सर्नुपरेको पीडालाई व्यक्त गरिएको छ । तीर्थराज मरहट्टाको *प्रतिज्ञा* (१/२, २०२६) गद्य कवितामा युवा वर्गलाई मातृभूमिको मुहार हँसाउन र समाजमा विद्यमान असमानता हटाई स्वच्छ समाजको निर्माण गर्न सल्लाह दिँदै उनीहरू निडर भई अगाडि बढ्न प्रतिज्ञा गर्नुपर्ने धारणा व्यक्त गरिएको छ ।

*यो नौलो राँको* (१/२, २०२६) तेजप्रकाश श्रेष्ठको गद्य कविता हो । यसमा **नौलो राँको** पत्रिका जनताको स्वतन्त्रता, समानता र साहित्यिक उन्नयनका निम्ति जनजागरण ल्याउँदै सामजिक परिवर्तन गर्न सदा राँको भएर बलिरहने कुरा उल्लेख गरिएको छ । तेजराज सुवेदीको *राम्रो लाग्छ* (१/१, २०२६) छन्दोबद्ध कवितामा नेपालीहरू संसारमा वीर जातिका रूपमा चिनिएको र आफ्नो देशका खोलानाला, भिरपाखा, रूखबिरुवा र गाउँबेसी राम्रो लागेको बताउँदै स्वदेशप्रेम झल्काइएको छ । उनकै अर्को *सम्झना पुष्पकमलको* (३९/८,२०६४) कवितामामा समाजका अगुवा अनि अन्यायका विरुद्ध लड्ने व्यक्तित्व पुष्पकमलको असामयिक निधनप्रति दुःख व्यक्त गर्दै उनको सम्झना गरिएको छ । दीक्षा सापकोटाको *म र मेरो शहर* (३१/७, २०५६) गद्य कवितामा काम विशेषले सहर आएकी नवआगन्तुक नारीको अस्मितालाई त्यस सहरका मान्छेले लुछाचुँडी गर्दै भागबन्डा लगाएको भन्दै उक्त सहरप्रति आफ्नो वितृष्णा रहेको र सो सहर आफ्नो निम्ति जहर बनेको नारी आवाजलाई विषयवस्तु बनाइएको छ । दुर्गाप्रसाद पोखरेलको *चोटहरूभित्रको देश*

(३१/७, २०५६) बद्ध लयात्मक कवितामा गम्भीर प्रकृतिका राष्ट्रिय समस्याका बारेमा चासो र चिन्ता व्यक्त गरिएको छ । युवा बेरोजगारी, साम्प्रदायिक असमझदारी, सीमा अतिक्रमण, स्वदेशी संस्कृतिको क्षयीकरण, असमान सन्धि-सम्झौता जस्ता राष्ट्रिय समस्यालाई कवितामा अगाडि सारिएको छ । धनेश्वर भट्टराईको *घाइते मन* (३९/८, २०६४) बद्ध लयात्मक कवितामा आन्तरिक द्वन्द्वका कारण एक नेपालीले अर्को नेपालीको विश्वास गुमाउँदै गएको र कैयौँले अकालमा ज्यान गुमाउनु परेको, जतासुकै भय र चिन्ता मडारिइरहेको आदि राष्ट्रिय समस्याप्रति चिन्ता व्यक्त गर्दै साम्प्रदायिक सद्भाव कायम राख्न सबै नेपालीसँग आग्रह गरिएको छ । ध्रुवकिरण रेग्मीको *जनताको अवस्था* (३९/८, २०६४) गीति लयात्मक कवितामा नेपालको कर्णाली क्षेत्रको रोग तथा भोकमरी, कुरीति र शोषण जस्ता समस्याप्रति चिन्ता व्यक्त गर्दै तिनको समाधान गर्न सम्बन्धित पक्षसँग आग्रह गरिएको छ । उनकै अर्को *यात्रा* (३१/७, २०५६) गद्य कवितामा देशमा विद्यमान कुशासन, आर्थिक पछौटेपन जस्ता खराबीको विरुद्ध सङ्घर्ष गरेर लक्ष्य प्राप्त गर्ने मार्ग ज्यादै कठिन भए तापनि त्यस्तो कार्यमा  जनताको साथ भने पाइने बताइएको छ । नमुना शर्माको *सगरमाथा फेरि झुक्ला है* (३९/८, २०६४) गद्य कवितामा जनताको कठोर सङ्घर्षको परिणामस्वरूप प्राप्त उपलब्धिलाई जोगाउन, प्रतिगामीहरूको षड्यन्त्रलाई असफल पार्न, राष्ट्रिय एकता कायम राख्न र गणतन्त्रात्मक नेपालको रक्षा गर्न सबैसँग आग्रह गरिएको छ ।

नारायणप्रसाद खनालको *विश्वासको गीत गाउनुपर्छ* (२२/६, २०४७) बद्ध लयात्मक कवितामा तिसबर्से निरङ्कुश पञ्चायत पश्चात् वसन्तरूपी प्रजातन्त्रको उदय भएको र सहिदको बलिदानस्वरूप स्वतन्त्रता प्राप्त भएकोले शोषक र सामन्तका विरुद्धमा डटेर लाग्न र अन्धकार हटाई बस्तीबस्तीमा जागरण ल्याउन युवावर्गलाई आग्रह गरिएको छ । निराधारको *खबरदार !* (२२/६, २०४७) गद्य कवितामा २०४६ सालको जन आन्दोलनबाट पूर्ण प्रजातन्त्र प्राप्त हुन नसकेको र राजाद्वारा अड्कलेर दिएको प्रजातन्त्र नै पर्याप्त छ भन्दै पञ्चायतका ठेकेदारहरू हिँड्ने गरेको अनि सरकार पनि लाचार भएकोप्रति गुनासो व्यक्त गरिएको छ । निर्मोही व्यासको *हत्यारा हो तिमीलाई थुक्ने छ इतिहासले* (२२/६, २०४७) बद्ध लयात्मका कवितामा पञ्चायती कालरात्रिमा जनताको खुन र पसिनामा मोज गर्नेहरू प्रजातन्त्रको प्राप्तिपछि आफैँ सर्वेसर्वा भइरहेको जनाउँदै जन विरोधीहरूलाई जनताले

कहिल्यै माफी नदिने कुरा व्यक्त गरिएको छ । उनकै *एकै ढिक्का भई जुटौँ* (२२/६, २०४७) बद्ध कवितामा देशमा गरिब जनताका समस्या दिनानुदिन बढ्दै गएको तथा चोरलाई चौतारो र साधुलाई सुली भनेझैं जनविरोधी तत्त्वकै बोलबाला रहेको भाव व्यक्त गर्दै जनताको शक्तिलाई कम नआँक्न सुझाब दिइएको छ । नीलम थापाको *क्याक्टसको बिरुवा झैँ बाँचिरहने छौँ* (२/३, २०२७) गद्य कवितामा खोक्रो आडम्बर देखाएर आफूलाई ठूलो भनाउनेहरूप्रति व्यङ्ग्य गर्दै जनताको शक्ति नै अजम्मरी शक्ति भएको विचार व्यक्त गरिएको छ । पद्मपाणि विरक्तिको *यौटा असैह्यता* (१/२, २०२६) गद्य कवितामा विभिन्न अभावहरूका कारण पिल्सिएका र छटपटाएका निमुखा जनताका विरह-वेदनालाई विषयवस्तु बनाइएको छ । कवितामा सामाजिक असमानताका कारण विपन्नताले थिचिएका मानिसहरूको विवशतालाई असह्यताको रूपमा लिइएको छ । उनकै *निर्दल बहुदल व्यवस्था र जनताको अवस्था* (२२/६, २०४७) लोकलयात्मक कवितामा २०४६ मा नेपालका विभिन्न राजनीतिक दलहरूले संयुक्त रूपमा गरेका आन्दोलनले निर्दलीय व्यवस्थाको अन्त्य गरी प्रजातन्त्र प्राप्त भए पनि त्यति मात्र पर्याप्त नभएकाले देश र जनताको वास्तविक उन्नतिको निम्ति जनवादी व्यवस्था आवश्यक भएको भाव प्रस्तुत गरिएको छ । उनकै अर्को *वेग मारेर आऊ* (३१/७, २०५६) बद्ध लयात्मक कवितामा देशमा अन्याय र अत्याचार बढ्दै गएको र राजनीतिक दलहरू पनि दिनानुदिन जनविरोधी बन्दै गएकाले देश र जनताको अवस्था सुधार्न क्रान्तिलाई वेग मारेर आउन आह्वान गरिएको छ । उनकै *हाम्रो छ सत् स्वागत* (३९/८, २०६४) बद्ध लयात्मक कवितामा देशमा सामन्तवादको प्रतिनिधि मानिने राजतन्त्र र उसको  शासनले देश र जनताको भलाई नगर्ने हुनाले वर्तमान समयमा आम जनताको एकमात्र चाहना गणतन्त्र स्थापना गर्नु रहेको र नेपालीहरू गणतन्त्र स्थापना भएको हेर्न व्यग्र भएको आशय प्रकट भएको छ ।

पशुपति वाग्लेको *मैले प्रवेश गर्नु छ शोषित विश्व बोक्ने घरभित्र* (१/२, २०२६) गद्य कवितामा अभाव तथा अशिक्षालाई नियति ठान्ने अनि अन्धविश्वास र कुरीतिको चपेटामा परेका जनतालाई आफ्ना शत्रुको विरुद्ध लड्न र अभाव तथा आशिक्षामाथि विजय प्राप्त गर्न जनचेतना फैलाउँदै देशका कुनाकाप्चामा पुग्नु आफ्नो लक्ष्य रहेको कुरा बताइएको छ । उनकै *सुस्ता मेरै हो* (१/१, २०२६) गद्य कवितामा सुस्ता क्षेत्र अखण्ड नेपालको भू-भाग भएको र यसलाई असमान सम्झौता गरी  कब्जा जमाउन खोजिएमा

लाखौँलाख देशभक्त नेपाली जनता एकजुट भई त्यसको विरुद्धमा क्रान्ति गरिने र मातृभूमिप्रति गद्दारी गर्ने दुष्टहरूलाई अवश्य नछाडिने दृढता व्यक्त गरिएको छ । पाखिनको *अनेकोटको गीत* (३१/७, २०५६) शीर्षकको गीतमा वीर योद्धाहरूको वीरताको गाथा सधैँभरि अमर रहने उल्लेख गर्दै कलाकारहरूको घाँटी रेट्तैमा उसको गीत नमर्ने बरु उसको आवाज बाँसुरी र मादलको धुनमा गाउँ, बस्ती, चौतारी र भन्ज्याङहरूमा सदा गुन्जिरहने विचार प्रकट गरिएको छ । पार्वती अधिकारी र अञ्जना सापकोटाको *किसानको गीत* (२२/६, २०४७) गीतमा किसानले पसिना बगाई माटोमा सुन फलाउने अनि धर्तीलाई स्वर्ग बनाउने भए तापनि निःस्वार्थ श्रम गरेर आफू बाँच्ने र अरूलाई बचाउने किसान आज हेपिएको उल्लेख गर्दै यस्तो हुनु अन्याय भएको र अब त्यस्तो कदापि हुन नदिइने अठोट व्यक्त गरिएको छ । पुण्य रेग्मी दैलेखीको *पढेलेखेका मूर्खलाई* (२२/६, २०४७) बद्ध लयात्मक कवितामा मान्छेले मान्छेलाई चिन्न र सच्चा मान्छे भएर बाँच्न आग्रह गरिएको छ । मान्छेले शक्तिको होडबाजी गर्ने र मानवतालाई भन्दा भौतिक सम्पन्नतालाई बढी महत्त्व दिने गर्नाले आज संसारमा चारैतिर अशान्ति फैलेएकोले शस्त्र बललाई भन्दा शास्त्र बललाई महत्त्व दिन आग्रह गरिएको छ ।

श्रीमती पेनर्जिनको *वर्तमान* (३१/७, २०५६) गद्य कवितामा स्वतन्त्रता र समानताको निमित्त क्रान्ति गर्ने न्यायप्रेमी जनताका विरुद्ध निरङ्कुशता चाहनेहरूले निर्ममतापूर्वक दमन गरे तापनि परिवर्तन अवश्यम्भावी हुने र त्यो कसैले रोक्न चाहेर पनि नरोकिने बताइएको छ । पोषराज पौडेलको *लु सुन यै भन्दथे* (३१/७, २०५६) बद्ध लयात्मक कवितामा लु सुनलाई चीनका एक महान् सांस्कृतिक योद्धा, साहित्यकार, गरिब वर्गका उद्धारकर्ता, मान्छे भएर बाँच्न प्रेरणा दिने प्रेरक व्यक्तित्व र क्रान्तिकारी विचारधाराका संवाहक मान्दै उनले देखाएको बाटो अवलम्बन गर्न सबैसँग आग्रह गरिएको छ । उनकै *शहीदकी आमा नरोज तिमी* (२२/६, २०४७) शास्त्रीय लयको कवितामा राष्ट्रको भलाइको निम्ति प्राण उत्सर्ग गर्ने वीर योद्धा छोरो जन्माउने आमालाई छोराको मृत्युमा नरुन आग्रह गर्दै बरु गौरव गर्न सल्लाह दिइएको छ । मृत्युका धेरै प्रकारमध्ये राष्ट्रको निम्ति मर्नु सबैभन्दा श्रेयस्कर हुने चर्चा गर्दै सहिदकी आमालाई अरूको साहस बढाउन सडकमा ओर्लन समेत अनुरोध गरिएको छ ।

प्रकाश चापागाईंको *किन किन आज भोलि* (२२/६, २०४७) कवितामा एउटै मूल सिद्धान्त बोकेर हिँड्ने राजनीतिक दलहरू व्यक्तिगत स्वार्थपरस्त भई चिरा चिरामा विभाजित हुँदा  जनता दुःखी भएको र पुनः एकताको पहल हुँदा सबैतिर उत्साह र उमङ्ग फैलिएकोले साझा लक्ष्य बोकेका राजनीतिक दलहरू एकताबद्ध भई अगाडि बढ्न सल्लाह दिइएको छ । प्रेम पण्डितको *गणतन्त्र घोषणा गर* (३९/८, २०६४) गद्य कवितामा २०६२/०६३ को जन आन्दोलनपछि गणतन्त्र घोषणा गर्न ढिलाई भएकोप्रति सचेत गराइएको छ । जन आन्दोलनको भावनाअनुकूल हुने गरी निरङ्कुश राजतन्त्र हटाएर गणतन्त्रको घोषणा गर्नु नै तत्कालीन राजनीतिक आवश्यकता भएको कुरा कवितामा व्यक्त गरिएको छ । प्रेमविनोद नन्दनको *शहीद वन्दना* (२२/६, २०४७) बद्ध लयात्मक कवितामा अन्धकारमा दियो बनेर चम्केका अनि अतीव यातना र प्रताडना सहेर नेपालीको घर आँगनमा उज्यालो छर्ने अमर सहिदप्रति कोटि कोटि वन्दना गरिएको छ । बन्धु पौड्यालको *गाईजात्रा र मेरो देश* (२२/६, २०४७) गद्य कवितामा २०४६ सालको जन आन्दोलनपछिको नेपालको राजनीतिक अवस्थाको बारेमा टिप्पणी गर्दै नेपालमा बाहिर हेर्दा शान्ति जस्तो देखिए पनि भित्रभित्रै जटिल समस्याले ग्रस्त भएको उल्लेख गर्दै प्रजातन्त्र केही नेताहरूलाई मात्र दुहुनो गाई भएको र आम नेपाली जनता गरिबीको दुश्चक्रमा फँस्दै गएको अभिव्यक्ति दिइएको छ ।

बाबुराम पाण्डेको *गरिब भन्छ* (१/२, २०२६) गद्य कवितामा मरिमेटेर काम गर्दा पनि गरिबहरू दुःखको सागरबाट बाहिर निस्कन नसकेको कुरालाई विषयवस्तु बनाइएको छ । गरिबले भोक र प्यासको समेत प्रवाह नगरी मिहिनेत गर्दा पनि धनी र गरिबको अन्तराल झन् बढ्दै गएकोले धनीहरू साँढे झैं उन्मत्त भएको उल्लेख गर्दै  एक न एक दिन गरिबका सुदिन फर्कने  विश्वास व्यक्त गरिएको छ । उनकै अर्को *नौलो राँको विगत र वर्तमान* (३९/८, २०६४) गद्य कवितामा दोस्रो जन आन्दोलनपछिका राजनीतिक कमजोरीहरू औंल्याउँदै **नौलो राँको** पत्रिकाले आफ्नो स्थापनाकाल र विकासको क्रममा धेरै सङ्घर्ष गर्नु परेको र अहिले दियो बनेर प्रज्वलित हुन सक्षम बनेको कुरा स्मरण गरिएको छ । भट्ट उराठको *तिमी आऊ* (२२/६, २०४७) कवितामा जनताले अपेक्षा गरेअनुसारको सुख, शान्ति र समृद्धिलाई चाँडै आउन आग्रह गरिएको छ ।  साथै कवितामा गरिबका भोको पेटमा रोटी बनेर अनि अँध्यारोमा बत्ती बनेर दिशाविहीन राजनीतिलाई दिशानिर्देश गर्न

शान्ति चाँडै आउने आसमा पूर्वी क्षितिजको बाटो हेरेर आफूहरू व्यग्रतापूर्वक बसिरहेको भाव व्यक्त गरिएको छ । भानुप्रकाश जोशीको *मेरो जुङ्गा* (१/२, २०२६) गद्य कवितामा जुँगालाई  अहङ्कारको प्रतीकको रूपमा चित्रण गर्दै अहङ्कारी प्रवृत्तिको विरोध गरिएको छ । कवितामा आफ्नो जुँगा मुसारेर ठाडो पार्दै नोकर कज्याउने, गरिबलाई चुस्ने, देशको सम्पत्तिमा मोज गर्ने, चेलीबेटीको इज्जत लुट्ने र आफ्नै मात्र स्वार्थ सिद्ध गर्ने जुँगारूपी अभिमानी प्रवृत्तिको विरोध गरिएको छ । भानुभक्त पौडेलको *श्रद्धाञ्जली तिमीलाई* (४१/९, २०६५) गद्य कवितामा प्रगतिवादी स्रष्टा मदनमोहन जोशीप्रति श्रद्धाञ्जली व्यक्त गरिएको छ । कवितामा जोशीको निधनले चितवनबासीको अपूरणीय क्षति भएको र उनको अभाव कसैबाट पूरा हुन नसक्ने कुरा बताइएको छ । भुवन अधिकारीको *जीवन क्रान्तिको धारा हो* (१/२, २०२६) गद्य कवितामा मानव जीवनलाई सङ्घर्षको पर्याय मानिएको छ र त्यसै गरी कवितामा जीवनलाई ईश्वरको प्रतिनिधि र अनन्त प्रवाह मान्दै स्वतन्त्रता, समानता र परिश्रमी जीवनलाई उच्च महत्त्व दिइएको छ । उनकै *विश्व मानवका हाराहारीमा* (२२/६, २०४७) गद्य कवितामा पञ्चायती व्यवस्थाको उत्तरार्द्ध कालमा जनताद्वारा आफ्नो नैसर्गिक अधिकार र राष्ट्रहितको लागि आन्दोलनमा उत्रिएको कुरालाई विषयवस्तु बनाइएको छ । कवितामा वाक्, प्रकाशन र सङ्गठन स्वतन्त्रता तथा मानवअधिकार विश्वभरका मानिसको नैसर्गिक अधिकार भएकाले नेपाली जनताले पनि तिनको प्राप्तिको निम्ति सङ्घर्ष गरेर लिइछाड्ने दृढता प्रकट गरिएको छ ।

भूपिन व्याकुलको *ईश्वरको मलामी* (३९/८, २०६४) गद्य कवितामा लामो समयदेखि नेपालमा एकछत्र शासन गर्दै आएको राजतन्त्रको अन्त्यलाई ईश्वरको मृत्युको रूपमा लिइएको छ । कवितामा सदियौँदेखिको निरङ्कुश तन्त्रको अन्त्य हुँदा जनता स्वतन्त्र भएको  उल्लेख गर्दै राजावादीहरू अझै पनि राजतन्त्र ब्युँताउने प्रयासमा लागेको तर त्यो सम्भव नहुने भन्दै विचारको कुरुक्षेत्रमा ईश्वर (राजतन्त्र) क्रसफायरमा परेर मरिसकेको तर्क अघि सारिएको छ । मदनमोहन जोशीको *शहीदको सपना बिपना हुनेछ* (२२/६, २०४७) गद्य कवितामा २०४६ सालको पञ्चायतविरुद्धको आन्दोलन सहिदको आकाङ्क्षा विपरीत सम्झौतामा टुङ्गिए तापनि एक दिन अवश्य सहिदको सपना बिपना हुने तर्क गर्दै सीमित नेताहरू स्वार्थपरस्त भए पनि आम जनताले सहिदको सपना पूरा गरेरै छाड्ने विश्वास व्यक्त गरिएको छ । उनकै *सङ्केत* (१/२, २०२६) गद्य कवितामा नारायणीमा माछाहरूको

काटाकाट र मारामार भएको देखाएर अन्याय र अत्याचारको विरुद्धको क्रान्ति नजिक आएको सङ्केत गरिएको छ । त्यस्तै कवितामा किसानहरूलाई सचेत भई आफ्नो बालीनाली जोगाउन र आत्मरक्षाको निम्ति सजग रहन आह्वान गरिएको छ । माधव पोखरेलको *मै मन्त्री भा'कै छु* (२२/६, २०४७) संवादात्मक शैलीको कवितामा २०४६ सालको जन आन्दोलनमा जनताको भावना विपरीत नेताहरूले दरबारमा गई सम्झौता गरेको कुराको विरोध गरिएको छ । कवितामा पद र पैसाको निम्ति जनविरोधी काम गर्ने नेता तथा मन्त्रीलाई धेरै सेखी नगर्न चेतावनी पनि दिइएको छ । माधव रेग्मीको *आशीर्वाद लिएर* (३१/७, २०५६) झ्याउरे लयको कवितामा कलमको माध्यमद्वारा दिइने विचारहरू बम र बन्दुकभन्दा पनि विस्फोटक हुने कुरा बताइएको छ । कवितामा जन्मभूमिप्रति अगाध स्नेह व्यक्त गर्दै देशको रक्षाको निम्ति मृत्युको कसम खाएर युद्धमा होमिनसमेत तयार रहेको बताइएको छ । मिजला भट्टराईको *मेरा पथप्रदर्शक* (४१/९, २०६६) गद्य कवितामा आफ्ना बाल्यकालका गुरु तथा अभिभावक मदनमोहन जोशीप्रति श्रद्धाभाव व्यक्त गरिएको छ । साथै आफूलाई परिश्रममा विश्वास गर्न र सत्यको पक्ष लिन जोशीले नै सिकाएको स्मरण गर्दै मृत्युपश्चात् पनि उनको छवि आफ्नो वरिपरि घुमेको र श्रद्धाले शिर झुकेको कुरा कवितामा उल्लेख गरिएको छ । मीनप्रसाद सहायको *अमर जुनकिरी* (४१/९, २०६६) गद्य कवितामा प्रगतिवादी स्रष्टा स्व. मदनमोहन जोशीको सम्झना गर्दै उनलाई उज्यालो छर्ने अमर जुनकिरी अनि कठिनभन्दा कठिन घडीमा पनि साहस र धैर्यका साथ सङ्घर्षमा उत्रने बहादुर र जोसिलो व्यक्तित्वका रूपमा स्मरण गारिएको छ । उनकै *नयाँ वर्ष २०४७* (२२/६, २०४७) गद्य लयात्मक कवितामा २०४६ सालको ऐतिहासिक जन आन्दोलनपश्चात् प्रजातन्त्रको प्राप्ति भए पनि सहिदका विधवाहरू, टुहुराहरू, रित्ता काखहरू र आँसु रित्तिएका सुख्खा आँखाहरूका साथमा नयाँ वर्षलाई कसरी स्वागत गर्ने भन्दै उनीहरूको भविष्यप्रति चिन्ता व्यक्त गरिएको छ । मुकुन्द पौडेलको *गणतन्त्रमा भोट* (३९/८, २०६४) लोकलयात्मक कवितामा नेपालमा राजतन्त्रको औचित्य समाप्त भइसकेकाले अब गणतन्त्रमा मत जाहेर गर्नुपर्ने विचार व्यक्त गरिएको छ । अबको सन्दर्भमा एकतन्त्रीय हुकुमी शासन उपयुक्त नहुने भएकाले बन्दुक तेर्स्याएर नभई जनमतको आधारमा शासन चलाउन पनि कवितामा सुझाव दिइएको छ ।

मुरलीधर घिमिरेको *नेपाल मेरो घर* (३९/८, २०६४) बद्ध लयात्मक कवितामा भौगोलिक, सांस्कृतिक, जैविक, भाषिक आदि विविधतायुक्त अनि शान्तिका अग्रदूत गौतम बुद्धको जन्मथलो नेपाल राष्ट्र अब विश्वमा गणतन्त्र नेपालको रूपमा चम्किने विश्वास व्यक्त गरिएको छ । साथै कुरीति र अन्धविश्वास हटाउँदै चन्द्र सूर्य अङ्कित झन्डा बोकेर नेपालीहरूले दुस्मनका किल्लाहरू झत्काउँदै गणतन्त्रको स्थापना गर्न लागेको कुरालाई कवितामा विषयबस्तु बनाइएको छ । मोदनाथ मरहट्टाको *बालुवाटार तिमी कति पानीमा छौ* (३९/८, २०६४) गद्य कवितामा लामो समयदेखि नेपालमा सामन्तवादी शासन चलाउँदै आएको राजसंस्था अब उप्रान्त आवश्यक नपर्ने भन्दै त्यसलाई किनारा लगाउन जनताको प्रतिनिधि मानिने बालुवाटारसँग आग्रह गरिएको छ । मोहन दुवालको *गणतन्त्र* (३९/८, २०६४) मुक्त लयात्मक कवितामा गणतन्त्र भन्नु नै सर्पजस्ता बिसालु, बाघजस्ता हिंस्रक र जनविरोधी तत्त्वहरूको अन्त्य र सर्वसाधारण जनताको उन्मुक्ति भएको उल्लेख गर्दै कवितामा स्वतन्त्रता र जनतन्त्रको समर्थन गरिएको छ । योगेन्द्रकुमार गर्गको *हामीले सर्वहारा बन्नुपरेको छ* (२/३, २०२७) गद्य कवितामा राँको बोकेर क्रान्तिको निम्ति निस्केका भोको पेटका साथीहरूलाई सम्बोधन गर्दै जनताको खुन र पसिनामा मोज गर्न पल्केकाहरूको विरुद्ध निडर भई लड्न सधैँ तयार रहनु पर्ने विचार व्यक्त गरिएको छ । रत्नलक्ष्मी श्रेष्ठको *बुज्रुगे नीतिबीचका आजका मानिस* (२/३, २०२७) गद्य कवितामा अन्याय र अत्याचार सहेर बस्ने सर्वसाधारण मानिसहरूलाई विद्रोहमा उत्रन आग्रह गरिएको छ । रमेश हरिलट्ठकको *परदेशी र परिवर्तित देश* (३१/७, २०५६) कवितामा देशमा भित्रिएका विकृतिहरू र देशको सीमा अतिक्रमण भएको कुरालाई विषयवस्तु बनाइएको छ । गरिबीको कारण बिदेसिएको व्यक्ति पाँच वर्षपछि घर फर्कँदा देशको गरिबी जस्ताको त्यस्तै रहेको अनि विदेशी संस्कृतिको अन्धानुकरण गर्ने प्रवृत्ति बढेको र देशको सीमा मिचिएको देखेर आफू भावविह्वल भएको कुरा कवितामा व्यक्त गरिएको छ ।

रविकिरण निर्जीवको *रगत मुछिएको माटो : मेरो बाटो* (२२/६, २०४७) गद्य कवितामा मृत्युहरू धेरै किसिमका हुने उल्लेख गर्दै सबैभन्दा उच्च अनि गर्बिलो मृत्यु सहिद हुनुलाई मानिएको छ । कवितामा सहिदको रगतले मुछिएको माटोको बाटो नै आफूले रोजेको बाटो भएको बताइएको छ । उनकै *गणतन्त्रको पुकार* (३९/८, २०६४) सवाई लयको कवितामा नेपालमा गणतन्त्र स्थापना गर्नमा २००७ सालदेखि प्रयास भए पनि सफल

हुन नसकिएको उल्लेख गर्दै २०६२/६३ को जन आन्दोलनले गणतन्त्रलाई संस्थागत गर्ने विश्वास प्रकट गरिएको छ । रविकिरण पौडेलको *अभिनन्दन शहीद* (२२/६, २०४७) गद्य कवितामा अन्याय र अत्याचारका विरुद्ध सङ्घर्ष गर्दागर्दै वीरगति प्राप्त गर्ने सहिदको सम्मान गरिएको छ । कवितामा जनतालाई सधैँ अँध्यारोमा राखेर आफूले मोज गर्न चाहनेहरूका विरुद्ध सहिदहरूले दिएको चुनौतीले उनीहरूको शिर झुकाएको उल्लेख गर्दै सहिदलाई श्रद्धापूर्वक अभिवादन गरिएको छ । रह शर्माको *राजधानी* (३१/७, २०५६) मुक्त लयात्मक कवितामा नेपालको राजधानी काठमाडौँ सहरमा यत्रतत्र फोहोरमैला तथा दुर्गन्ध फैलिएको तर त्यसलाई व्यवस्थापन गर्न उदासीन नगरवासी र सम्बन्धित निकायको गैर जिम्मेवारीप्रति दुःख व्यक्त गरिएको छ । राजेन्द्र घायलको *गजल* (३९/८, २०६४) मा नेपालको राजतन्त्रलाई फोहोरको डङ्गुर, बडेमानको हात्ती, गोमन सर्प, फलामे जन्जिर आदिको संज्ञा दिँदै यसलाई हटाउन र गणतन्त्रलाई समर्थन गर्न आग्रह गरिएको छ । राधा पौडेलको *सांसद पुकार* (३१/७, २०५६) बद्ध लयात्मक कवितामा २०४६ सालमा प्रजातन्त्रको बहाली भएपछि निर्वाचित सांसदहरू देश र जनताप्रति उत्तरदायी नबनी सम्पत्ति आर्जन, विदेश भ्रमण, भ्रष्टाचार र विलासी जीवनतर्फ आकर्षित भएको कुराप्रति व्यङ्ग्य गरिएको छ । रामकिरण रेग्मीको *केही हाइकु* (३९/८, २०६४) शीर्षकमा चारवटा हाइकु समावेश गरिएका छन् । पहिलो हाइकुमा गणतन्त्र ल्याउँदैमा देशका समस्या समाधान नहुने विचार व्यक्त गरिएको छ । दोस्रो हाइकुमा निर्वाचनमा तराईवासीको पूर्ण समानुपातिक प्रणालीको मागको चर्चा गरिएको छ भने तेस्रोमा मूल्य बृद्धिको विरोध गरिएको छ । अन्तिम तथा चौथो हाइकुमा वार्तामा बस्ने तर आ-आफ्नै अडानमा टसको मस नहुने नेताहरूको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । रामकृष्णप्रसाद चौधरी र टीकारामप्रसाद महतोको *चैतावर गीत* (१/१, २०२६) थारू भाषामा प्रकाशित गीत हो । यसमा नदीतटमा लुगा धुँदै गरेकी धोबिनी र नुहाउन लागेका राजाका बिच भएको मिठो संवाद प्रस्तुत गरिएको छ । राम विनयको *सपनाका जपनाहरू* (३९/८, २०६४) गद्य कवितामा सामन्तवादी संस्कार बोकेको नेपालको पुरानो सत्ताको अन्त्य गरी जनभावना अनुकूलको गणतन्त्रात्मक शासन पद्धतिको विकास नै वर्तमानको आवश्यकता भएको सङ्केत गरिएको छ । रामबहादुर भण्डारीको *नभन्दै ऊ आँधी भएर आयो* (२२/६, २०४७) कवितामा नेपाली भूमिमा चिरकालदेखिको सामन्ती व्यवस्थाको कारण अत्याचार व्याप्त रहेको र त्यसको अन्त्यको निम्ति जनता

क्रान्तिको पर्खाइमा रहेका भन्दै अन्ततः जनताले चाहेको परिवर्तन ल्याउन क्रान्तिद्वारा सफलता प्राप्त भएको  र नेपालबाट निरङ्कुशता पाखा लाग्न बाध्य भएको चर्चा गरिएको छ । रामहरि श्रेष्ठको *त्यो युवक फेरि आउने छ* (२२/६, २०४७) गद्य कवितामा देश र जनताको भलाइका निम्ति मरिमेटेर काम गर्ने युवक फटाहाहरूको घेरामा परे पनि कुनै न कुनै दिन मुक्त भएर अवश्य आउने र पुनः देश निर्माणमा लाग्ने विश्वास व्यक्त गरिएको छ । उनकै *होसियार !* (३९/८, २०६४) गद्य कवितामा २०६२/६३ को जन आन्दोलनपछि गणतन्त्रको घोषणा गर्न र संविधान सभाको निर्वाचन गर्न ढिलासुस्ती गरेकामा दलका नेताहरूलाई खबरदारी गर्दै होसियार रहन आग्रह गरिएको छ । रुद्र पोखरेलको *वर्तमान र हाम्रो दायित्व* (३९/८, २०६४) कवितामा सामन्तवादका अवशेषहरू प्रेत बनेर पुनः बस्तीमा पस्न सक्ने अनि गुलिया आश्वासन बाँड्ने र भाषण छाँट्नेले जनतालाई फेरि पनि भुक्याउन सक्ने हुनाले त्यसप्रति सजग रहनु तथा त्याग र आदर्शलाई स्खलित हुन नदिन सुन्दर विचारहरू पस्कनु नै वर्तमानमा लेखक र स्रष्टाहरूको दायित्व रहेको कुरा व्यक्त गरिएको छ ।

रुद्र शर्मा 'कर्तव्य' को *ठिक्क र दिक्क* (३१/७, २०५६) कवितामा नेताहरूले भोट माग्ने बेलामा मात्र जनताको घरदैलोमा हात जोड्दै पुग्ने तर चुनाब जितेपछि तिनै जनतालाई बिर्सने अनि सत्ता र शक्तिको दुरूपयोग गरी सम्पत्ति थुपार्न लाग्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । लकाश पौडेलको *नयाँ नेपाल र मेरो सपना* (३९/८, २९६४) लोक-भाकाको कवितामा पहिले यस्तो र उस्तो गर्छु भनी फुर्ती लाउने नेताहरू सत्तामा पुगेपछि छेपारो झैँ रङ बदल्ने उल्लेख गर्दै जाति, भाषा, धर्म आदिको आधारमा सबै नेपालीहरूको चाहना अनुकूल हुने गरी सङ्घीय गणतन्त्र नेपालको निर्माण नै आफ्नो सपना भएको कुरा व्यक्त गरिएको छ ।

लीलानाथ रेग्मीको *गणतन्त्र : बिम्ब र प्रतिबिम्ब* (३९/८, २०६४) गद्य कवितामा नेपालमा गणतन्त्रलाई संस्थागत गर्ने कार्य कुशलतापूर्वक सम्पन्न गर्न आग्रह गर्दै गणतन्त्र ल्याउने नेपालीको चाहना कागलाई बेल पाकेजस्तो नहोस् भन्ने इच्छा व्यक्त गरिएको छ । विद्याधर पोखरेलको *गणतन्त्र* (३९/८, २०६४) कवितामा समावेशी लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न माग गर्दै आजसम्म सर्वसाधारण जनताको वास्तविक प्रतिनिधित्व हुने शासन पद्धति नआएकाले अब चाहिँ पुरानो संरचना भत्काएर गणतन्त्र संस्थागत गर्नुपर्ने विचार

प्रकट गरिएको छ । विवेकीको *सारङ्गी र सपनाहरू* (३९/८, २०६४) गद्य कवितामा देशको राजनीतिक अन्योलको अवस्थालाई विषयवस्तु बनाइएको छ । कवितामा अहिलेसम्म देशमा स्थिर शासन पद्धतिको विकास भइसक्नु पर्नेमा त्यस्तो हुन नसकेकोले जनताको धैर्य टुट्न लागेको कुरा दर्साइएको छ । विष्णु छिमेकीको *त्यो कसरी आउँछ ?* (२२/६, २०४६) गद्य कवितामा २०४६ सालमा पञ्चायत विरुद्धको आन्दोलन गर्दा कतिपय मानिसलाई आन्दोलनप्रति विश्वास नै नभएको तर जनता एकजुट भएपछि घातक हतियारको समेत केही नचल्ने  र जनताको विजय भएरै छाड्ने कुरा प्रमाणित भएको उल्लेख गरिएको छ । शरद पराशरको *... र अब नानीहरू* (२२/६, २०४७) गद्य कवितामा आजका बालबालिकाहरू नै भोलिको लागि राष्ट्रका निर्माता हुने बताउदै आज नानीहरूलाई असल शिक्षा र असल वातावरण दिएमा मात्र उनीहरू भोलिको युगका दरिलो खम्बा बन्न सक्ने विचार प्रकट गरिएको छ । शारदा चौलागाइँ 'अश्रु' को *गजल* (४१/९, २०६६) मा स्व. मदनमोहन जोशीलाई एउटा असल साहित्यकार र जुझारु नेताको रूपमा स्मरण गरिएको छ ।

शारदा श्रेष्ठको *वीरगति पाएको खबर सुन्दै छु* (३१/७, २०५६) गद्य कवितामा क्रान्तिप्रति समर्पित एक वीर नेपालीले दुस्मनका किल्लाहरूमाथि बम र बारुद बर्साउँदै गर्दा छातीमा गोली लागी वीरगति प्राप्त गरेको कुरा उल्लेख गरिएको छ । कवितामा उसले वीरगति प्राप्त गरे पनि उसका अधुरा सपनाहरू जनताले अवश्य पूरा गर्ने र उसका रक्तिम पाइलाहरू पछ्याइरहने विश्वास प्रकट गरिएको छ । शैलेन्द्र कुमारको *आहुति* (१/१, २०२६) गद्य कवितामा एउटा शोषितको परिवारमा जन्मेको युवकले आवश्यक परे देशको निम्ति रगत दिन पनि तयार रहेको जनाउँदै भियतनामीले झैँ इतिहास रच्न र शोषित वर्गको उन्नतिको बाटो पहिल्याउन सबैसँग आग्रहसमेत गरिएको छ । शरद परासरको *नारायणी निरन्तर बगिरहन्छ* (३१/७, २०५६) कवितामा विभिन्न समयका हड्ताल तथा आन्दोलनबारे गम्भीर भई मनन गर्ने अनि कठिन र जटिल अवस्था वा सङ्कटका घडीमा नारायणी नदीको गतिजस्तै एकनासले जुधिरहने जुझारु व्यक्तित्वको गुणगान गरिएको छ । सरस्वती रिजालको *शहीदको आत्माभिव्यक्ति* (२२/६, २०४७) गद्य कवितामा नागरिकका लागि देश महान् हुने अनि देश र जनताबिच अन्योन्याश्रित सम्बन्ध रहने कुरा व्यक्त गरिएको छ । सरिता तिवारीको *रङहरूको जुलुश* (३९/८, २०६४) कवितामा आन्दोलनबाट प्राप्त

उपलब्धिहरूलाई व्यवस्थापन गर्न भएको ढिलासुस्तीको कारण देशमा विभिन्न विकृतिहरू देखिन थालेको कुरा बताइएको छ । कवितामा राष्ट्रका मूल समस्या ओझेलमा परी जाति र सम्प्रदाय विशेषका अराजक मागहरू छताछुल्ल हुन थालेको कुरा प्रकट गरिएको छ । सिन्धु पन्तको *मदनदाइको सम्झनामा* (४१/९, २०६६) गद्य कवितामा स्व. मदनमोहन जोशीको प्रखर व्यक्तित्वको स्मरण गरिएको छ । कवितामा जोशीका लेख रचनाहरू झुपडीभित्र दियो बनेर बल्ने तर राष्ट्रघातीहरूका निम्ति गोलाबारुद बर्साउने खालका भएको उल्लेख गर्दै उनको अवसानमा नेपाल आमा रोएको भाव व्यक्त गरिएको छ । सिर्जन अविरलको *देश दुखेको दिन* (३१/७, २०५६) गद्य कवितामा असमान सन्धि र सम्झौताहरूबाट देशलाई परेका आघातहरूको चर्चा गरिएको छ । बर्सेनि हजारौँ नागरिक रोजगारीका निम्ति मुग्लान भासिने र कतिपयले उतै अस्त हुनुपर्ने बाध्यताबाट मर्माहत भएका नेपालीका पीडाहरू पनि कवितामा व्यक्त भएका छन् । सुनारीप्रसाद चौधरीको *थारू लोकल बुझोल पेहनी* (१/२, २०२६) मा लयबद्ध गाउँखाने कथाहरू प्रस्तुत गरिएका छन् । घरायसी प्रयोगमा आउने विभिन्न सरसामान तथा प्रकृति र पशुपक्षीसम्बन्धी लयात्मक गाउँखाने कथा र तिनका उत्तरहरूलाई यसमा प्रस्तुत गरिएको छ ।

सुनिल खनालको *अझै बाँकी छ* (२२/६, २०४७) कवितामा मानव इतिहासलाई अझै सुनौलो बनाउन र अधिकारहरूको पूर्ण प्राप्तिका निम्ति जनताले क्रान्ति गर्न अझै बाँकी रहेको कुरालाई सङ्केत गरिएको छ । कवितामा अहिलेसम्म प्राप्त गरेका उपलब्धिहरू पुनः खोसिन पनि सक्ने भएकाले होसियार रहन आवश्यक भएको बताइएको छ । सूर्य जमरकटेलका *तीन कविता* (२२/६, २०४७) अन्तर्गत पहिलो कवितामा पञ्चायती व्यवस्थामा भ्रष्टहरूको जमघट भएको र तिनले थुपारेको दुर्गन्धले अहिलेसम्म नाकमा ठेस लाग्ने गरेको बताइएको छ । दोस्रो कवितामा देशमा राजतन्त्रका विरोधी र समर्थक दुबै पक्षधर रहेको र समर्थकहरू दरबारमा पाइने गुलियोमा लोभिने गरेको उल्लेख छ भने तेस्रो कवितामा सर्वसाधारण जनताले छातीमा गोली थापेर सङ्घर्ष गरी प्राप्त भएको प्रजातन्त्रमा टाठाबाठाले मात्र फाइदा लिएको चर्चा गरिएको छ । सूर्य पुष्करको *गजल* (३१/७,२०५६) मा कसैलाई पिटेर हातखुट्टा भाँच्दैमा वा मार्दैमा आस्थालाई मार्न नसकिने उल्लेख गर्दै सहिदले देखाएको बाटो पछ्याएर अघि बढ्ने प्रण गरिएको छ । हरिप्रसाद पथिकको *प्यारको ऐना* (१/२, २०६३) गद्य कवितामा प्यारको नाटक रचेर धोका दिने प्रवृत्तिको विरोध गरिएको छ ।

कवितामा धर्मको माध्यमबाट मानिसलाई अन्धभक्त बनाउने र रुढिवादी संस्कार बोकाएर आफूले शासन गरिरहने प्रचलनको खण्डन गर्दै अन्यायको विपक्षमा उभिनु र दुःखीको सेवा गर्नु नै सच्चा प्यार भएको चर्चा गरिएको छ ।

हरिहर खनालको *आजको कविता* (२२/६, २०४७) गद्य कवितामा अँध्यारो युगको अन्त्य अनि उज्यालो बिहानी र स्वतन्त्रताको निम्ति ज्यानको पर्बाह नगरी वीरता देखाउने वीर सहिदको मृत्युको सम्मान गर्दै त्यस्तो मृत्यु 'मृत्यु' नभएर अमरत्वको प्राप्ति भएको बताइएको छ । उनकै *एकदिन अचानक* (३९/८, २०६४) गद्य कवितामा निरङ्कुशता लादिएको शासनव्यवस्था सधैँ टिक्न नसक्ने र निरङ्कुशता भित्रैबाट कुनै त्यस्तो साहसी सपुतको जन्म भई पत्याउनै नसकिने गरी परिवर्तनको लहर ल्याउने विश्वास व्यक्त गरिएको छ । हरिहर सविताको *मेरा ज्यूँदा शहीद मित्रहरूलाई पत्र* (२२/६, २०४७) बद्ध लयात्मक कवितामा इमान्दारीपूर्वक देश निर्माणमा लाग्नु, शत्रुका निम्ति बज्रपात भएर लड्नु, जाली फटाहाहरूको जाल तोड्नु र देशको मुहार फेर्न सदा तत्पर रहनुलाई वर्तमान समयमा जनताका कर्तव्य मानिएको छ । हिमांशु ढकालको *गणतन्त्र* (३९/८, २०६४) कवितामा सहिदको बलिदानले आज देशमा एउटा नयाँ उमङ्ग र उत्साह छाएको बताइएको छ । कवितामा गणतन्त्रात्मक शासन पद्धति स्थापित गर्ने तीव्र आकाङ्क्षा चारैतिर छरिएको भए पनि सामन्तवादको अवशेष अझै बाँकी रहेकाले होसियार रहनुपर्ने विचार व्यक्त गरिएको छ । होमनाथ सापकोटाको *परिवर्तनको धुन* (२२/६, २०४७) लोकलयात्मक कवितामा पुरानो रूढिवादी संस्कार र शासन पद्धतिको सट्टा नयाँ र युग सुहाउँदो परिवर्तित विचारको लहर चल्न थालेको र सोही लहरले आफूलाई पनि आकर्षित गरेको कुरा उल्लेख गरिएको छ । उनकै *बिर्सन नमिल्ने नाम* (४१/९, २०६६) गद्य कवितामा मदनमोहन जोशीको बहुआयामिक व्यक्तित्वको चर्चा गरिएको छ । कवितामा जोशीलाई साहित्यकार, राजनीतिक चिन्तक, समाजसेवी, व्यापारी आदि विविध पाटाबाट चिन्न सकिने र उनलाई चितवनबासीले कदापि बिर्सन नसक्ने कुरा व्यक्त गरिएको छ ।

## ४.२.२ कविताको भाषाशैलीय विश्लेषण

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो । साहित्यका सबै विधाको अभिव्यक्ति भाषाकै माध्यमबाट हुन्छ तापनि कविताको भाषा अन्य विधाको भन्दा

भिन्न रहन्छ । लय कविताको मुख्य परिचायक तत्त्व हो भने बिम्ब तथा प्रतीकहरूको पनि कवितामा महत्त्वपूर्ण भूमिका रहन्छ । खगेन्द्र लुइटेलका अनुसार कृतिको संरचक घटकका सन्दर्भमा भाषा, शैली, अग्रभूमिकरण, बिम्ब प्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ ।[९] सामान्य भाषिक संरचनाको अतिक्रमण गरी विशेष अभिव्यक्तिको तरिका नै शैली हो र शैलीले पाठकलाई विशेष आकर्षित पनि गर्छ ।

**नौलो राँको** पत्रिकाको अङ्क एकदेखि अङ्क नौसम्म कविता विधा र उपविधा अन्तर्गतका गीत, गजल, हाइकु आदि गरी जम्मा १ सय बयालिसवटा रचनाहरू प्रकाशित छन् । ती आकारका दृष्टिले फरक फरक छन् । रुद्र शर्मा 'कर्तव्य' को *ठिक्क र दिक्क* (३१/७, २०५६), सिन्धु पन्तको *मदन दाइको सम्झना* (४१/९, २०६६) क्रमश : १० र ११ हरफका सबैभन्दा छोटा कविता हुन् । त्यसै गरी आनन्देव भट्टको *हामी बौलाहाहरू* (१/१, २०२६), रामबहादर भण्डारीको *नभन्दै ऊ आँधी भएर आयो* (२२/६, २०४७) क्रमश : १२४ र १२२ हरफका सबैभन्दा लामा कविता हुन् ।

लयले कवितालाई साहित्यका अन्य विधादेखि पृथक् परिचय दिन्छ । **नौलो राँको** पत्रिकामा बद्ध र मुक्त दुबै लयका कविता प्रकाशित छन् । यसमा मन्दाक्रान्ता, शार्दूलविक्रीडित, अनुष्टुप्, वसन्ततिलका, इन्द्रवंशा, चौपाई आदि शास्त्रीय छन्दमा लेखिएका कविताहरू समावेश गरिएका छन् । गीतिलयका गीतहरू, झ्याउरे र सवाई आदि लोकछन्दमा लेखिएका कविताले पनि यहाँ उत्तिकै स्थान पाएका छन् । **नौलो राँको**मा सबैभन्दा बढी मुक्तलयमा रचिएका कविताहरू प्रकाशित छन् भने सबैभन्दा कम स्थान जापानबाट विकसित भएको मानिने हाइकुले पाएको छ । कविताको लघुतम रूप मानिने मुक्तक विधालाई **नौलो राँको**मा कुनै स्थान दिइएको छैन । पोषराज पौडेलको *शहीदकी आमा नरोऊ तिमी* (२२/६, २०४७), मुरलीधर घिमिरेको *नेपाल मेरो घर* (३९/८, २०६४), नारायणप्रसाद खनालको *विश्वासको गीत गाउनु पर्छ* (२२/६, २०४७) आदि शास्त्रीय छन्दमा लेखिएका कविताका उदाहरण हुन् । त्यस्तै आनन्ददेव भट्टको *हामी बौलाहाहरू* (१/१, २०२६), हरिहर खनालको *आजको कविता* (२२/६, २०४७) आदि मुक्तलयमा लेखिएका कविता हुन् ।

---

[९] खगेन्द्र लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौ : ने. रा. प्र. प्र, २०६०, पृ. १०६ ।

कवितलाई थप सुन्दर बनाउन विभिन्न अलङ्कारहरूको प्रयोग गरिन्छ । **नौलो राँको** पत्रिकामा प्रकाशित कविताहरूमा शब्दद्वारा चमत्कार उत्पन्न हुने अनुप्रास, श्लेष, यमक आदि शब्दालङ्कार तथा अर्थद्वारा चमत्कार उत्पन्न हुने उपमा, रूपक आदि अर्थालङ्कारको प्रयोग गरिएको पाइन्छ । विभिन्न अलङ्कारहरूको प्रयोग भएका केही कवितांशहरू उदाहरणका रूपमा तल प्रस्तुत गरिएका छन् :

यो स्वच्छ शान्त सपना मनमा सिँगार्छ
यो बाग्मती र टुकुचासँग गन्ध झार्छ ।
बिर्सेर सँस्कृति मिठो ममता विशेष
'भ्यालेन्टाइन' दिवस मान्दछ आज देश ।

- दुर्गाप्रसाद पोखरेल,

*चोटहरू भित्रको देश* : ३१/७, २०५६, पृ. ३८

प्रस्तुत कवितांश अन्त्यानुप्रास अलङ्कारको उदाहरण हो । यसमा श्लोकको पहिलो र दोस्रो पाउका अन्तिम शब्द 'सिँगार्छ' र 'झार्छ' तथा तेस्रो र चौथो पाउका अन्तिम शब्द 'विशेष' र 'देश' शब्दमा स्वर तथा व्यञ्जन वर्णको समान आवृत्तिद्वारा श्रुतिमधुरता उत्पन्न भई अन्त्यानुप्रास अलङ्कार प्रयोग भएको छ ।

भर्खर भर्खर
ओठमाथि जुँगाको रेखी बसेको
बिहानीको घामजस्तो
पूर्णिमाको जून जस्तो
फक्रिएको फूल जस्तो
त्यो सुन्दर युवक

- रामहरि श्रेष्ठ

*त्यो युवक फेरि आउने छ* : २२/६, २०४७, पृ. १०

उपर्युक्त कवितांशमा उपमा अलङ्कारको प्रयोग भएको छ । यहाँ युवकको अनुहार उपमेयलाई बिहानीको घाम, फक्रेको फूल, पूर्णिमाको जून आदि उपमानसँग 'जस्तो' सादृश्यवाचक शब्दद्वारा 'सुन्दर' समान गुण भएको देखाइएकाले यो उपमा अलङ्कार हो ।

**नौलो राँको**मा प्रकाशित कविता, गीत र गजलहरूमा प्रतीकको प्रशस्त प्रयोग भएको छ । "प्रतीक भनेको सादृश्य वा साहचर्यद्वारा कुनै चिजको प्रतिनिधित्व गर्ने वस्तु हो ।"[१०] कवितामा अभिधेयार्थ वा वाच्यार्थ भन्दा भिन्न लक्ष्यार्थ र व्यङ्ग्यार्थको प्रयोग अधिक हुने गर्छ र यसलाई प्रतीकात्मक अर्थ पनि भनिन्छ । **नौलो राँको** पत्रिकामा प्रतीकको प्रयोग भएका केही उदाहरण तल दिइएका छन् :

चम्कने सूर्य हो ! आओ अन्धकार हटाउँदै
उज्यालो छर्नु पर्ने भो बस्ती-बस्ती जगाउँदै

- नारायणप्रसाद खनाल

*विश्वासको गीत गाउनु पर्छ* : २२/६, २०४७, पृ. १९

प्रस्तुत कवितांशमा चम्कने सूर्यलाई जोसिला युवाशक्तिको प्रतीक र अन्धकारलाई कुशासनको प्रतीक मानिएको छ ।

गन्धे झारहरू जति बाक्लियून्
गोमनलाई संरक्षण दिन पाउने छैनन्
मेरा न्याउरीहरूले कडा पहरा दिइरहेका छन्
र म तिनलाई निर्देशित गर्दै छु
होसियार ! नस्विकार्नु तिनका सामलहरू

- चन्द्रप्रकाश विवेकी

*अन्त्येष्टि* : ३१/७, २०५६, पृ.७३

प्रस्तुत कविताशंमा गन्धे झारहरूलाई दलालहरूको प्रतीक र गोमन सर्पलाई निरङ्कुश शासकको प्रतीक मानिएको छ ।

कवितामा बिम्बहरूको प्रयोग हुने गर्दछ । शाब्दिक अर्थमा बिम्ब भनेको छाया, दर्पण, प्रतिबिम्ब वा प्रतिच्छवि हो । "साहित्यिक सन्दर्भमा बिम्बले प्रायः पाठकको मस्तिष्कमा मानसिक प्रभाव उत्पन्न गर्ने वर्णनात्मक पदावली वा आलङ्कारिक भाषा र त्यसबाट प्राप्त हुने प्रायः दृश्यमान प्रभावलाई जनाउँछ ।"[११] **नौलो राँको** पत्रिकामा बिम्बहरूको प्रयोग भएका केही उदाहरणहरू यसप्रकार छन् :

---

[१०] पूर्ववत्, पृ. १२७ ।
१५ पूर्ववत्, पृ. १९९ ।

रगतको बदला आज रगतै लिँदैछौँ
अधुरा ती सपना पुरा गरेरै छाड्ने छौँ
वीरहरूको रक्तिम पाइला पछ्याउँदै बढ्ने छौँ
न्यायिक युद्धमा जीत हाम्रै हो
संसारै हुने छ सर्वहाराको

- शारदा श्रेष्ठ

*वीरगति पाएको खबर सुन्दै छु* : ३१/७, २०५६, पृ. १९

यसमा रगतको बदला रगतै लिनु, वीरहरूको रक्तिम पाइला पछ्याउनु, सहिदका अधुरा सपना पूरा गर्नु, न्यायिक युद्ध जित्नु जस्ता क्रान्तिकारी चेतनाको भाव उद्बुद्ध गराउने पदावलीको प्रयोगद्वारा क्रान्तिकारी बिम्बको सिर्जना गरिएको छ ।

अग्ला छन् चुचुरा हिमाल कसिला उत्तर सिमाना सफा
राम्रा दक्षिणका असाध्य मलिला उत्तम तराई सदा ।
च्यापी बीच अहा ! पहाड रसिला झर्नाहरू झर्झर
चम्केला गणतन्त्र विश्वभरमा नेपाल मेरो घर ।

- मुरलीधर घिमिरे

*नेपाल मेरो घर* : ३९/८, २०६४, पृ. १०४

प्रस्तुत कवितांशमा मानव निरपेक्ष प्रकृति जगत्का अग्ला चुचुरा, सफा हिमाल, मलिलो तराई, रसिला पहाड, सुन्दर झर्नाहरू जस्ता पदावलीहरू बिम्बमय भएर उपस्थित भई प्राकृतिक बिम्बको सिर्जना भएको छ ।

कवितामा प्रकृतिको मानवीकरण गरिन्छ । नदी, समुद्र, जून, पहाड जस्ता जड वस्तुलाई मानवको रूपमा कल्पित वा प्रस्तावित गर्ने कार्यलाई प्रकृतिको मानवीकरण भनिन्छ । **नौलो राँको**मा पनि प्रकृतिको मानवीकरण गरेका उदाहरण प्रशस्तै भेटिन्छन् । एउटा उदाहरण तल प्रस्तुत गरिएको छ :

खोलानाला नदी र छहरा नागबेली परेका
नेपाली हो अब उठ छिटो जाग भन्दै झरेका
अग्ला अग्ला तरु र लहरा छुन्छु आकाश भन्छन्
मेरै उच्चा हिमशिखरले स्वर्ग ताकिरहेछन् ।

- तेजराज सुवेदी

*राम्रो लाग्छ* : १/१, २०५६, पृ. ८

प्रस्तुत कविताांशमा खोलानाला र नदीहरूले नेपाली जनतालाई उठ छिटो जाग भन्दै झरेको, अग्ला तरु र लहराले आकाश छुन्छु भनेको, हिमशिखरले स्वर्ग ताकेको प्रसङ्गमा प्रकृतिको मानवीकरण गरिएको छ ।

भाषिक प्रयोगका दृष्टिले **नौलो राँको**मा प्रकाशित कवितामा विविधता पाइन्छ । सामान्यतः कविताको भाषा सरल, सहज, बोधगम्य र सम्प्रेषणीय समेत देखिन्छ । स्रोतका आधारमा शब्दको प्रयोगलाई हेर्दा **नौलो राँको**मा स्वप्न, स्वच्छ, जगत्, पृष्ठभूमि, चक्रव्यूह जस्ता तत्सम शब्दको प्रयोग प्रशस्तै भएको पाइन्छ । त्यसै गरी मानिस, भाइ, पहिलो, रगत, जिउँदो जस्ता तद्भव र हिस्सेदार, सहर, फाइबस्टार, मोर्चा, च्याङ्बा जस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको छ । कविताहरूमा कुहुकुहु, ढकमक्क, फुरूफुरु, चिरिबिरी जस्ता अनुकरणात्मक शब्द पनि प्रयोग भएका छन् भने रणचण्डी, मन्त्रीमण्डल, मेसिनगन जस्ता समासयुक्त शब्दहरू **नौलो राँको**का कविताहरूमा पाइन्छन् । कविताहरूमा सामान्यतः वर्णविन्यास सम्बन्धी प्रचलित नियमको पालना गरिएको भए तापनि शास्त्रीय छन्दका कवितामा छन्द मिलाउने प्रयोजनका लागि कतै कतै नियमहरूको अतिक्रमण भएको पाइन्छ ।

कवितामा अभिव्यक्तिको पुराव्यवस्थालाई तोडेर नव्यव्यवस्था अँगाल्ने गरिन्छ । यसो गर्नुलाई अभिव्यक्तिको विशिष्टीकरण वा अग्रभूमीकरण भनिन्छ । अग्रभूमीकरणका विचलन र समानान्तरता गरी दुई विधि हुन्छन् । कोशीय विचलन, व्याकरणिक विचलन, आर्थी विचलन आदि विचलनका प्रकार हुन् भने ध्वनि, शब्द, पदावली, वाक्य आदिको आवृत्तिद्वारा बाह्य समानान्तरता र भावार्थको आवृत्तिद्वारा आन्तरिक समानान्तरताको सिर्जना गरिन्छ । **नौलो राँको**का कविताहरूमा पनि अग्रभूमीकरणद्वारा पाठकको ध्यानाकर्षण गर्ने प्रयत्न गरिएको छ । केही उदाहरणहरू यसप्रकार छन् :

आँखा भिजाएर वेदना सुसाइरहेका
आहत छहराहरू छन्

-मीनप्रसाद सहाय

*नयाँ वर्ष २०४७*:२२/६, २०४७

प्रस्तुत कविताशंमा छहराहरूले आँखा भिजाउनु, वेदना सुसाउनु, आहत हुनु पदावलीहरूमा अचेतनलाई चेतनको रूपमा प्रस्तुत गरेर आर्थी विचलन सिर्जना गरिएको छ ।

वन यौटै यहाँ आज हिजोको बिर्सिद्यौ कुरा

भन यौटै भयौँ हामी मदेश हिम-टाकुरा

- धनेश्वर भट्टराई

*घाइते मन* : ३९/८, २०६४

प्रस्तुत कवितांशमा 'बन', 'भन' जस्ता समापिका क्रियापदलाई वाक्यको सुरुमा राखिएकोले पदक्रममा विचलन आएको छ । तसर्थ यहाँ व्याकरणिक विचलनद्वारा अग्रभूमीकरण भएको छ ।

हुन्हुनाउँदो हुरीको अघिल्लो पंक्तिमा

हावामा तीनहात माथि उफ्रेर

ओठको आवाज र उज्यालो घामको निम्ति

अँध्यारो युगको अन्त्यको आह्वान गर्दै

- हरिहर खनाल

*आजको कविता :* २२/६, २०४७, पृ.२२

प्रस्तुत कविताांशमा 'हुन्हुनाउँदो हुरी', 'ओठको आवाज', 'अँध्यारो युगको अन्त्यको आह्वान' पदावलीहरूमा 'ह' र 'अ' स्वर तथा व्यञ्जन वर्णको पटक-पटक आवृत्ति गराई बाह्य समानान्तरताद्वारा अभिव्यक्तिमा  नवीनता ल्याइएको छ ।

## ४.२.३ निष्कर्ष

**नालो राँको** पत्रिकाको पहिलो अङ्कदेखि नवौँ अङ्कसम्मका कविताहरूमा विभिन्न किसिमका भावहरू व्यक्त भएका छन् । समग्रमा भन्नुपर्दा गरिबीका कथा र व्यथाहरू, शोषण र उत्पीडनबाट मुक्तिको चाहना, सहिदहरूप्रतिको श्रद्धाभाव, देशको सार्वभौमसत्ता तथा राष्ट्रिय अखण्डताप्रति चासो र चिन्ता, समान्तवादको पूर्ण अन्त्य र जनवादी शासन व्यवस्थाको स्थापनाको आग्रह, राजनीतिक-सामाजिक क्षेत्रका विकृति र विसङ्गतिहरूको विरोध र सुधारको चाहना, युवा जागरणको आकाङ्क्षा, नेताहरूको पदलोलुपता र भ्रष्ट प्रवृत्तिको विरोध, विभिन्न खालका विभेदहरूको अन्त्यको चाहना, लैङ्गिक समानता, युगसापेक्ष वैज्ञानिक दृष्टिकोणको चाहना, विद्रोहात्मकता, जीवनका पीडा तथा मर्मबोध आदि

विषयवस्तु **नौलो राँको**का कविताहरूमा समेटिएका छन् । मूलभूत रूपमा सबै खाले शोषण र उत्पीडनबाट पूर्ण रूपमा उन्मुक्तिको लडाइँमा सामन्तवाद र त्यसका अवशेषहरूमाथि विजय प्राप्त गरी समावेशी चरित्रको गणतान्त्रिक राज्यव्यवस्थाको स्थापनाको स्वर बुलन्द पार्नु नै **नौलो राँको**का कविताहरूको मूल कथ्य रहेको देखिन्छ । यसै मूल कथ्यलाई पुष्टि गर्नको निम्ति विभिन्न किसिमका अलङ्कार, बिम्ब र प्रतीकहरूको प्रयोग तथा प्रकृतिको मानवीकरण पनि सशक्त ढङ्गमा गरिएको पाइन्छ ।

## ४.३ 'नौलो राँको' मा प्रकाशित कथा

कथा साहित्यको आख्यान विधाअन्तर्गत पर्दछ । कथा 'कथ्' धातुमा 'आ' प्रत्यय लागेर बनेको तत्सम शब्द हो । यसले वर्णन गर्नु वा भन्नु भन्ने अर्थ बुझाउँछ । एड्गर एलेन पोले कथाको परिभाषा यसरी दिएका छन्- "कथा भनेको यस्तो कथात्मक कृति हो जुन छोटो हुनाले एक बसाइमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैँमा पूर्ण हुन्छ ।"[१२] अर्का विद्वान् आर.के. लगूका अनुसार "आधुनिक कथा एक चेतनशील प्रयास हो । यो एउटा चलाखीपूर्वक योजना गरिएको कलात्मक उपलब्धि हो ।"[१३] लक्ष्मीप्रसाद देवकोटाका अनुसार "छोटो किस्सा एउटा सानो आँखीझ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ ... थोरैमा मिठो र भरिलो हुनु छोटो किस्साको बानी हो ... यो जत्तिको समाज सुधारक र मनुष्य उपर प्रभावकारी कुरा अरू छँदै छैन कि भन्ने लाग्छ । यसैमा सबै रस निकाल्न सकिन्छ ... यसमा कला छ ... यसको ढङ्ग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा छुन्छ ।"[१४]

माथिका परिभाषाहरूमा एडगर एलेन पोले कथालाई आकारगत लघुता अनि लघुताभित्रै पूर्णता हुने र त्यसले पाठकको मन छुने विधाको रूपमा लिएका छन् । आर.के. लगूले चेतनशील मगजको कलाको रूपमा लिएका छन् भने देवकोटाले कथामा सरसता र कसिलोपन हुनुपर्ने कुरामा जोड दिएका छन् । समग्रमा कथा भनेको काल्पनिक वा यथार्थ विषयमा आधारित लघु तर स्वयम्मा पूर्ण आख्यानात्मक गद्य कृति हो भन्न सकिन्छ ।

---

[१२] दयाराम श्रेष्ठ (सम्पा.) **नेपाली कथा** भाग ४, ललितपुर : साझा प्रकाशन, दोस्रो संस्करण, २०६०, पृ. ७ ।

[१३] ऐजन ।

[१४] दयाराम श्रेष्ठ, पूर्ववत्, पृष्ठ ८ ।

विक्रमको १९ औँ शताब्दीको थालनीदेखि नेपाली कथाको प्रारम्भिक विकास सुरु भई विभिन्न चरण पार गर्दै यसले वि.सं. १९९२ मा गुरूप्रसाद मैनालीको *नासो* कथाबाट आधुनिकता वरण गरेको मानिन्छ । नेपाली कथाको विकासमा **गोर्खापत्र** (१९५८), **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्रिका** (१९७४), **गोर्खासंसार** (१९८३), **शारदा** (१९९१) आदि पत्रिकाहरूको भूमिका महत्त्वपूर्ण मानिन्छ । वि.सं. १९९२ यता आधुनिक कालमा नेपाली कथामा सामाजिक यथार्थवाद, मनोवैज्ञानिक यथार्थवाद, प्रगतिवाद, प्रयोगवाद आदि पाश्चात्य वादहरूको प्रभाव परेको स्पष्ट देख्न सकिन्छ । पछिल्लो चरणमा परम्पराभन्दा नितान्त भिन्न विशेषता बोकेर नेपाली कथा नवयुगका नव नव प्रयोगसहित आफ्नो विकासको यात्रामा अगाडि बढिरहेको छ ।

साहित्यका अन्य विधाहरू जस्तै नेपाली कथाको विकासमा पनि मोफसलबाट प्रकाशित हुने पत्रपत्रिकाको भूमिका उल्लेखनीय रहँदै आएको पाइन्छ । तीमध्ये चितवन जिल्लाबाट प्रकाशित हुने **नौलो राँको**ले पनि कथाको विकासमा एउटा इँट्टा थप्ने काम गरेको छ । वि.सं. २०२६ देखि प्रकाशन आरम्भ भएको **नौलो राँको**का एक विशेषाङ्कसहित जम्मा नौवटा अङ्क प्रकाशित छन् । तिनमा जम्मा १४ जना कथाकारका १७ वटा कथा एवम् लघु कथाहरू प्रकाशित भएका छन् । यहाँ ख्यातिप्राप्त राष्ट्रिय स्तरका कथाकारदेखि नव प्रतिभाहरूका कथा समेतलाई स्थान दिइएको छ । यसमा प्रकाशित कथाको मुख्य विषयवस्तु सामाजिक यथार्थ रहेको पाइन्छ । समाजमा भए गरेका र घट्न सक्ने घटनाहरूलाई कथामा समेटिएको छ भने सामाजिक विकृति, शोषण, थिचोमिचो आदिका विरुद्धमा आवाज उठाउनु कथाको  उद्देश्य रहेको पाइन्छ ।

## ४.३.१ कथाको वस्तुविश्लेषण

**नौलो राँको** पत्रिकामा प्रकाशित कथाहरू विविध विषयवस्तुमा आधारित छन् । ऋद्धिनारायण पियाको *प्रतिज्ञा,* (१/१, २०२६) कथामा सिधासाधा गरिब मानिसलाई गाउँका शोषकहरूद्वारा उठिबास लगाएको कुराको चर्चा गरिएको छ । साहुले जालझेल गरेर घरखेत हडपेकाले मुग्लान पसेको एउटा गरिब मातृभूमिको माया मार्न नसकी फर्केर गाउँमा आएको तर ऊ बिरामी पर्दा आर्थिक अभावका कारण उपचार नपाई मृत्युवरण गरेको, उसैको टुहुरो छोराले आफ्ना बाबुको त्यो हालत बनाउने गाउँका फटाहा विरुद्ध बदला

लिइछाड्ने प्रतिज्ञा गरेको कुरालाई कथामा विषयवस्तु बनाइएको छ । दीपक पाठकको *अक्कल प्रसाद* (३१/७, २०५६) कथामा निम्नवर्गीय मानिसका समस्यालाई विषयवस्तु बनाइएको छ । प्रतिभाशाली हुँदाहुँदै पनि गरिबीका कारण पढाइलाई त्यागी तरकारी बेचेर प्राप्त आम्दानीले पेट पालेर बस्न बाध्य भएको बालकको दिनचर्यालाई कथामा प्रस्तुत गरिएको छ । दीपेन्द्र पाठक 'पुष्पराज' को *मृत्युको भयानक छायामा* (३१/७, २०५६) लघु कथामा माओवादी जनयुद्ध कालका समस्याहरूलाई विषयवस्तु बनाइएको छ । देशमा द्वन्द्व चर्किएका बेला युद्धरत दुवै पक्षबाट सर्वसाधारण जनतालाई दुःख दिएका घटनाहरू, निर्दोष मानिसले पनि भय र त्रासमा कष्टपूर्ण जीवन बिताउनु परेका दुःखद क्षणहरूलाई कथामा समेटिएको छ । देवी सुवेदीको *पुराना पात नयाँ पालुवा* (२/३, २०२७) कथामा छुवाछुत र रूढिवादी धारणाले निम्त्याएका समस्याहरूको चर्चा गरिएको छ । पुरानो ब्राह्मणवादी सोच भएका मानिसहरूले दलितहरूको श्रमको शोषण मात्र गर्ने तर दलितहरूले पढेलेखेको र उन्नति गरेको देख्न नचाहने उल्लेख गर्दै कथामा रूढिवादी परम्पराको अन्त्य नभएसम्म सामाजिक उन्नति हुन नसक्ने धारणा व्यक्त गरिएको छ ।

पोषराज पौडेलको *उसकी प्रिय सान्त्वना* (३९/८, २०६४) कथामा सङ्घर्षपूर्ण जीवनको चित्रण गरिएको छ । गरिबहरू शोषकहरूको शोषणका कारण जन्मथलो छोडेर बिदेसिन बाध्य हुनुपरेको र कठोर परिश्रम गर्दागर्दै पनि जीवनमा कहिल्यै सुखको अनूभूति गर्न नपाएको अवस्थाको चित्रण गरिएको छ । बाबुकाजी मल्लको *अदालतको फैसला र उसको मोड* (१/२, २०२६) कथामा सामाजिक असमानता र धनीले गरिबप्रति गर्ने थिचोमिचोको चर्चा गरिएको छ । गरिबहरूले उपायविहीन भई साहुबाट ऋण लिई तिर्न नसक्दा साहुले घरखेत नै कब्जा गरेर गरिबको बिचल्ली पारेको कुरालाई कथामा विषयवस्तु बनाइएको छ । मदन हिमाक्षीको *परिवर्तन* (२/३, २०२७) कथामा पुरुषको यौन शोषणबाट पीडित भई वेश्यावृत्ति अँगाल्न विवश बनेकी एक महिलाको अस्तव्यस्त जीवनकथा र सोही पुरुषले वैचारिक परिवर्तन भई उक्त महिलालाई अँगालेर संरक्षण दिएको प्रसङ्ग उल्लेख गरिएको छ । मदनमोहन जोशीको *च्यातिएर फ्याँकिएको कथा* (३९/७, २०५६) कथामा कथाकारको आफ्नो अस्मिता हराएको बारे आत्मवृत्तान्त प्रस्तुत गरिएको छ । कथामा बाल्यावस्थामा उक्त अस्मिता आफूसँग नभएको र युवावस्थामा प्रवेश गरेर पुनः आफूबाट अलग भएको प्रसङ्ग उल्लेख गर्दै अस्मिताको प्रवेशले आफूले साहित्यको सिर्जना गर्न

सकेको चर्चा पनि गरिएको छ । रमेश प्रभातको *श्रमिक न्याय* (३१/७, २०५६) लघु कथामा मजदुर नेताको भ्रष्ट चरित्र र उसको करतुतलाई विषयवस्तु बनाइएको छ । कथामा मजदुर नेताले नोकरचाकरबाट सेवा लिने, महङ्गो निजी कार चढेर मजदुर दिवसमा भाषण गर्न जाने, आफ्नै नोकरका कलिला छोरीलाई गर्भवती तुल्याउने गरेका घटनाहरू प्रस्तुत गरी उसको भ्रष्ट चरित्रलाई उदाङ्गो पारिएको छ । रविन शाँ 'पुष्प' द्वारा लिखित अनि प्रभातकुमार जोशीद्वारा अनूदित *गायक* (१/१, २०२६) कथामा शारीरिक रूपले दुर्बल भएर पनि मानसिक रूपमा सबल बालकको देशभक्ति र बहादुरीको चर्चा गरिएको छ । कथामा मुगलसँग चित्तौढ राज्यको युद्धमा एउटा गायक बालकले खेलेको साहसिक भूमिकाको चित्रण गरिएको छ ।

शैलेन्द्र कुमारको *प्रतिभा कता ?* (१/२, २०२६) कथामा उच्चवर्ग भनाउँदो पुरुषद्वारा यौन शोषणमा परेकी र घरपरिवारमा बोझ बनेकी युवती प्रतिभा अन्तमा देश र जनताको मुक्तिको लडाइँमा होमिने प्रण गरेको प्रसङ्ग उल्लेख छ । कथामा अन्याय सहेर बस्नु वास्तविक जीवन भोगाइ नभएको र सङ्घर्षबिना गरिब वर्गको उत्थान सम्भव नहुने विद्रोहपूर्ण भाव अभिव्यक्त भएको छ । सोमनाथ घिमिरेको *सुस्केरा* (१/२, २०२६) कथामा गरिबले भोग्नुपरेका पीडाहरूको यथार्थ चित्रण पाइन्छ । कथामा आफ्नो र जहान छोराछोरीको पेट पाल्ने उद्देश्यले साहुको घरमा काम गर्न बसेको एउटा गरिबले दिनरात पसिना बगाउँदा पनि साहुको हप्कीदप्की खानुपरेको र जिन्दगीदेखि नै विरक्तिएर आत्महत्या गर्नेसम्मको मनस्थितिमा पुगेको घटनालाई विषय बनाइएको छ । उनकै *निमा* (३/४, २०२८) कथामा रनबहादुर र निमा दुई निम्नवर्गीय चरित्रको उपस्थिति गराएर गरिबी, आर्थिक असमानता, कुरीति आदि सामाजिक विकृतिहरूको चित्रण गरिएको छ । यसका साथै कथामा झिनो आसको त्यान्द्रोमा आलोकमय भविष्यको चाहना पनि व्यक्त भएको पाइन्छ । हरिहर खनालको *अनि हुन थाल्छ मिर्मिरे उज्यालो* (१/१, २०२६) कथामा प्रशासनद्वारा गरिएको सर्वसाधारणमाथिको ज्यादतीको चित्रण गरिएको छ । कथामा निर्दोष मानिसलाई विभिन्न झुटा अभियोग लगाएर प्रहरीले निर्मम यातना दिएको र महिलामाथि सामूहिक बलात्कार गरिएको हृदयविदारक घटनालाई प्रस्तुत गरिएको छ । उनकै *सन्त्रास* (३१/७, २०५६) कथामा अभाव तथा विपन्नतालाई विषयवस्तु बनाइएको छ । कथामा गरिबीका कारण बिरामी श्रीमतीको उपचार गर्न नसकी ऊ मृत्युको मुखमा धकेलिएको तथा

अनाथ र असहायको उद्धार गर्ने नाममा खोलिएका उद्धारगृहमा लगिएकी छोरीको यौन शोषण भएको दुःखद खबरले मर्माहत हुन पुगेको सोमप्रसादको कारुणिक जीवनको चित्रण पाइन्छ ।

हरिहर सविताको *तपाइँको घर कहाँ ?* (३१/७, २०५६) कथामा माओवादी युद्धकालीन घटनाहरूको प्रस्तुति पाइन्छ । कथामा द्वन्द्वकालमा सुरक्षाकर्मीले माओवादीलाई नियन्त्रण गर्ने नाममा सर्वसाधारण जनताप्रति गरेका ज्यादती र अभद्र व्यवहारप्रति दुःख व्यक्त गर्दै आफ्नो घरै नभएको मानिसलाई ठाउँ कुठाउँ तपाइँको घर कहाँ ? भनी सोधिने प्रश्नले दिक्क बनाएको कुरा उल्लेख गरिएको छ । उनकै *गणतान्त्रिक झोला* (३९/८, २०६४) कथामा पुष्पा पात्रका पति, छोराहरू र कलिली छोरीसमेत सबैजना तानाशाही क्रूर शासकको सिकार भएको र आफू पनि जन आन्दोलनमा भाग लिँदा गोली लागेर अपाङ्ग बनी झोला बोकेर माग्न हिँड्नुपरेको र मागेर पेट पाल्न बोकिएको झोलालाई कथामा 'गणतान्त्रिक झोला' को संज्ञा दिइएको छ ।

## ४.३.२ कथाको भाषाशैलीय विश्लेषण

एउटा कथाले पूर्णता पाउनको निम्ति कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, दृष्टिविन्दु, शीर्षक आदि अवयवहरूको संयोजन हुनु आवश्यक ठानिन्छ । यिनै कथा तत्त्वहरूका आधारमा यहाँ **नौलो राँको**का कथाहरूको भाषाशैलीय विश्लेषण गरिएको छ :

**नौलो राँको**मा प्रकाशित कथाहरूमा सामाजिक घटनालाई कथानकको मुख्य स्रोतको रूपमा लिइएको छ । कथानकलाई रोचक बनाउन सहयोग पुऱ्याउने कौतुहल र द्वन्द्वको उचित संयोजनले यसका कथाहरू आकर्षक बनेका छन् । कथावस्तुको प्रस्तुति शैली रैखिक र वृत्ताकारीय गरी दुई प्रकारको हुन्छ । **नौलो राँको**मा शैलेन्द्र कुमारको *प्रतिभा कता ?* (१/२, २०२६) र हरिहर सविताको *गणतान्त्रिक झोला* (३९/७, २०५६) वृत्ताकारीय ढाँचाको शैलीमा लेखिएका कथा हुन् भने अन्य सबैजसो कथाहरू रैखिक ढाँचामा लेखिएका छन् ।

कथामा कथानकलाई अगाडि बढाउने संवाहकका रूपमा पात्रको आवश्यकता पर्छ । पात्रहरूलाई भूमिकाको आधारमा मुख्य, सहायक, गौण, नायक, प्रतिनायक आदि; लैङ्गिक

आधारमा पुरुष र नारीपात्र; प्रवृत्तिगत आधारमा अनुकूल तथा प्रतिकूल पात्र गरी विभिन्न आधारमा वर्गीकरण गरिन्छ । **नौलो राँको**का कथाहरूमा विभिन्न प्रकारका पात्रहरूको प्रयोग भएको छ । देवी सुवेदीको *पुराना पात, नयाँ पालुवा* (२/३, २०२७) कथाको हरिश्चन्द्र मुख्य पात्र हो भने सोही कथाको च्याम्से सार्की सहायक पात्र हो । ऋद्धिनारायण पियाको *प्रतिज्ञा* (१/१, २०२६) कथाको जीतबहादुर अनुकूल पात्र हो भने सोही कथाको कृष्णमान प्रतिकूल पात्र हो ।

कथामा आउने घटनाहरू कुनै न कुनै परिवेशमा घटित हुन्छन् । कथाले अवलम्बन गरेको स्थान र समय नै यसका मुख्य परिवेश हुन् । **नौलो राँको**मा सहरी र ग्रामीण दुबै परिवेशका कथाहरू प्रकाशित छन् । शैलेन्द्र कुमारको *प्रतिभा कता ?* (१/२, २०२६) सहरी परिवेशको कथा हो भने सोमनाथ घिमिरेको *सुस्केरा* (१/२, २०२६) कथामा ग्रामीण परिवेशको चित्रण गरिएको छ । कथा लेख्नुमा कुनै न कुनै उद्देश्य निहित हुन्छ । ***नौलो राँको***का कथाहरू पनि विभिन्न उद्देश्य राखेर लेखिएका छन् । विभिन्न प्रकारका शोषणहरूबाट अन्त्यको चाहना राख्नु, प्रहरी प्रशासनद्वारा गरिएको दमनको विरोध गर्नु, लैङ्गिक असमानता, छुवाछुत र रुढिवादी सोचको अन्त्य र प्रगतिशील भावना तथा यथार्थ पक्षको उद्घाटन गर्नु नै **नौलो राँको**का कथाहरूको प्रमुख उद्देश्य रहेको पाइन्छ ।

**नौलो राँको**का कथाहरू सरल तथा सहज भाषाशैलीमा लेखिएका छन् । तत्सम, तद्भव र आगन्तुक शब्द तथा यथोचित मात्रामा उखान र टुक्काहरूको प्रयोगद्वारा भाषा जीवन्त बनेको छ । पाखुरा बटार्नु, गर्जो टार्नु, दस औँला जोर्नु आदि टुक्काहरू; मर्नुभन्दा बहुलाउनु निको, शरणको मरण गर्नु, मारे पाप पाले पुण्य जस्ता उखानहरू **नौलो राँको**का कथाहरूमा प्रयोग भएका छन् । त्यस्तै कथाहरूमा जुरुक्क, हस्याङफस्याङ, मुसुक्क, फनफनी जस्ता अनुकरणात्मक शब्दहरू प्रयोग भएका छन् । कथामा पात्रको स्तर अनुसारको भाषाको प्रयोग भएकाले संवादहरू जीवन्त लाग्छन् । कथ्य तथा लेख्य दुबै भाषाको स्वाभाविक प्रयोग भएको छ । प्रचलित मान्यता विपरीत वर्णविन्यासको अशुद्ध रूपको प्रयोग ठाउँठाउँमा पाइने हुनाले त्यसतर्फ भने रचनाकार तथा सम्पादकको ध्यान नपुगेको देखिन्छ ।

कथाको प्रस्तुति शैलीलाई दृष्टिविन्दु भनिन्छ । यो आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ । **नौलो राँको**का कथाहरूमा आन्तिरिक र बाह्य दुबै दृष्टिविन्दुको प्रयोग भएको छ । मदनमोहन जोशीको *च्यातिएर फ्याँकिएको कथा* (३१/७, २०५६) आन्तरिक

दृष्टिबिन्दुमा लेखिएको कथा हो भने हरिहर खनालको *सन्त्रास* (३१/७, २०५६) बाह्य दृष्टिविन्दुको प्रयोग गरी लेखिएको कथा हो ।

## ४.३.३ निष्कर्ष

**नौलो राँको**मा प्रकाशित कथा र लघुकथाहरूमा मुख्यतः सामाजिक तथा राजनीतिक विकृतिहरूको विरोध, विभिन्न खालका शोषणहरूबाट मुक्ति, वर्गीय द्वन्द्वहरूको चित्रण प्रजातन्त्रको प्राप्ति, नारी अस्मिताको प्रश्न आदिलाई विषयवस्तु बनाइएको छ । कुनै कथामा राष्ट्रनिर्माणको गहन अभिभारा लिएका र जनतालाई सुखशान्ति दिलाउने वाचा गरेका नेताहरूको कृतघ्न व्यवहार र निकृष्ट चरित्रप्रति व्यङ्ग्य गरिएको छ । कुनै कथामा नारी अस्मिताको खोजी गर्दै सामाजिक मर्यादाको आवरणभित्र नारी वर्गले भोग्नुपरेका आहतहरूको रहस्योद्घाटन गरी अन्यायको पराकाष्ठाले नारी विद्रोहिणी बन्न सक्ने चेतावनी दिइएको छ । आफूसँग प्रतिभा भएर पनि त्यसको विकासको बाधक गरिबी भएको र पेटको समस्या समाधान गर्नपट्टि लाग्दा प्रतिभाको विकासलाई तिलाञ्जलि दिनुपरेका विवशताहरूको चित्रण पनि कथाका विषयवस्तु बनेका छन् । कहीँ ब्राह्मणवादी पुरानो सोचका कारण समाजमा दलित वर्गले भोग्नुपरेका समस्याहरू, माओवादी युद्धकालमा सरकार र विद्रोही पक्षद्वारा सर्वसाधारणमाथि गरिएका ज्यादतीहरू, पञ्चायतकालीन दमन तथा उत्पीडन, बसाइ सराइ तथा वैदेशिक रोजगारद्वारा सृजित विकृति र विसङ्गतिहरू, व्यक्ति मनभित्रका विविध आरोह अवरोहहरू आदिलाई विषयवस्तुको रूपमा समेटेर लेखिएका कथाहरू **नौलो राँको**मा प्रकाशित भएका छन् ।

यसरी **नौलो राँको**का कथाहरूमा खास गरी सामाजिक क्षेत्रबाट कथावस्तु लिएर विभिन्न वर्गीय पात्रहरूको माध्यमद्वारा नेपाली समाजमा व्याप्त विकृतिहरूलाई पाठकसमक्ष प्रस्तुत गर्ने कार्य गरिएको छ । कथामा स्थानगत परिवेशको रूपमा गाउँ तथा सहर दुबै क्षेत्रलाई लिइएको छ भने समयगत परिवेशमा पञ्चायती व्यवस्थाको थालनीदेखि नेपालमा गणतन्त्र स्थापना भएसम्मका घटनाहरूलाई समेटिएको छ । नेपाली समाजका राजनीतिक, सामाजिक, सांस्कृतिक आदि विसङ्गतिहरूलाई बाहिर ल्याउनु र तिनको समाधानको खोजी गर्नु प्रस्तुत कथाहरूको मुख्य उद्देश्य रहेको पाइन्छ । केही कथालाई छोडेर अन्य कथाहरूमा सरल तथा सहज भाषाशैलीको प्रयोग भएको पाइन्छ ।

## ४.४ 'नौलो राँको' मा प्रकाशित लघुउपन्यास

कविता, आख्यान, नाटक र निबन्ध गरी साहित्यका मुख्य चार विधा मानिन्छन् । यीमध्ये उपन्यास चाहिँ आख्यान विधाको उपविधा मानिन्छ । 'उपन्यास' संस्कृत स्रोतको शब्द हो । उपन्यासको व्युत्पत्ति उप+नि+अस्+घञ् (अ) बाट भएको हो र यसको व्युत्पत्तिगत अर्थ नजिकै राखिएको वस्तु भन्ने बुझिन्छ । आजको सन्दर्भमा उपन्यासलाई पाश्चात्य साहित्यमा प्रचलित नोबेल (Novel) शब्दको पर्यायको रूपमा लिइन्छ र यसले आख्यानको बहत् रूपलाई बुझाउँछ ।

उपन्यासलाई भिन्नभिन्न प्रकारले परिभाषित गरिएको पाइन्छ । "बहुविध संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेका तथा व्यापक परिधिभरिको समय र स्थानभित्र विस्तारित भएको कलासौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ ।"[१५] त्यस्तै "मानव र मानवसमाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाइ भएको गद्य आख्यानलाई उपन्यास भनिन्छ"[१६] भनी यसलाई परिभाषित गरिएको छ ।

कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब आदि उपन्यासका तत्त्व मानिन्छन् । वर्तमानमा भने साहित्यसम्बन्धी नयाँ-नयाँ मान्यता स्थापित भएका छन् । विधात्मक भञ्जन, अउपन्यास, अधिउपन्यास तथा नयाँ उपन्यासहरूले पुरानो स्थापित प्रवृत्तिलाई छाडेका छन् ।

उपन्यास अत्यन्तै लोकप्रिय विधा हो । यो सामाजिक जीवनको यथार्थ मात्र नभएर त्यसलाई हेर्ने दृष्टिकोण पनि हो । जीवनलाई सर्वोत्कृष्ट रूपमा आत्मसात् गर्नसक्ने विधाको रूपमा उपन्यास चर्चित रहको छ । संस्कृत आख्यानहरूको अनुवाद परम्पराबाट नेपाली उपन्यास लेखनको आधारभूमि तयार भएको र यसले विभिन्न चरण पार गर्दै आधुनिक अवस्थामा आइपुगेको पाइन्छ । शक्तिबल्लभ अर्ज्यालद्वारा अनूदित **विराटपर्व** (१८२७) नेपाली साहित्यको पहिलो आख्यानात्मक कृतिको स्वरूपमा देखापऱ्यो । यसै समय विन्दुदेखि प्राथमिक, माध्यमिक र आधुनिक काल गुज्रँदै नेपाली उपन्यासको विकास भएको मानिन्छ ।

---

[१५] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङक्षिप्त इतिहास**, पूर्ववत्, पृ. ९४ ।

[१६] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साझा प्रकाशन, दोस्रो संस्क., २०५८, पृ. ९ ।

नेपाली उपन्यासको विकासमा **गोरखापत्र** (१९५८), **उपन्यास तरङ्गिणी** (१९५९), **सुन्दरी** (१९६३), **चन्द्र** (१९७१), **गोरखाली** (१९७३) पत्रिकाहरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

**नौलो राँको** पत्रिकाको दोस्रो र तेस्रो अङ्कमा **औँसीको रातपछि** लघुउपन्यास प्रकाशति भएको छ । यसको कथानकले पूर्णता प्राप्त नगरेको र आकारगत दृष्टिले पनि अत्यन्त लघु रूपमा रहेकाले यसलाई उपन्यासकै कोटिमा राख्न उपयुक्त देखिँदैन तैपनि यसका प्रकाशक तथा सम्पादकले लघुउपन्यास शीर्षक दिई प्रकाशित गरेकाले यहाँ उपन्यासकै रूपमा यसको विश्लेषण गरिएको छ ।

## ४.४.१ 'औँसीको रातपछि' लघुउपन्यासको वस्तुविश्लेषण

ज्योत्स्ना भट्टको **औँसीको रातपछि नौलो राँको**का दुईवटा (१/२, २०२६ र २/३, २०२७) अङ्कमा प्रकाशित भएको लघुउपन्यास हो । यस उपन्यासमा सामाजिक विकृतिको रूपमा रहेको बालविवाह र धार्मिक अन्धविश्वासलाई विषयवस्तु बनाइएको छ । उपन्यासकी मुख्य नारीपात्र 'उमा' बाल्यावस्थामा अत्यन्त सुन्दरी, चञ्चल स्वभावकी र झर्नाको कलकल बग्ने पानी जस्तै स्वच्छ हृदयकी केटी थिई । उसको रूप र सौन्दर्यको डाह गर्ने दुष्ट प्रवृत्तिका छिमेकीले षड्यन्त्रपूर्वक उसको विवाह दुच्छर स्वभावकी सासू र बुढो तथा कुरूप लोग्ने भएको घरमा गराइदिए । विवाहपश्चात् अचानक लोग्नेको मृत्यु भएपछि ऊ विधवा बनी र माइतीमै बस्न थाली । माइतीमा उसलाई वैधव्य जीवनमा कठोर व्रत बस्ने र धार्मिक कार्यद्वारा पूर्वजन्मको पाप कटनी गरी अर्को जन्म सुधार्ने सल्लाह दिइन्छ । ऊ पूर्णतः अन्धविश्वासी समाजको जाँतोमुनि पिसिन्छे । उसलाई जन्म दिने आमाले "विधवा छोरीलाई कसैले पाल्नु नपरोस्" भनेबाट माइतीमा समेत ऊ बोझ बनेको कुरा स्पष्ट हुन्छ ।

९/१० वर्षको अबोध अवस्थामा विवाह गरिदिनु, घर र माइत दुबैतिर उसले आत्मीयता नपाउनु, बाल विधवा बन्नु, समाजले पनि उसमाथि हेय दृष्टि राख्नु, उसलाई कठोर व्रत गरेर जीवनभर एक छाक खाएर बस्ने सल्लाह दिइनु जस्ता क्रियाकलापबाट अन्धविश्वास र कुरीतिका कारण नेपाली समाजमा नारी वर्गले भोग्नुपर्ने कष्टपूर्ण जीवनलाई देखाइएको छ ।

## ४.४.२ 'औँसीको रातपछि' लघुउपन्यासको भाषाशैलीय विश्लेषण

उपन्यासले पूर्णता प्राप्त गर्नको निम्ति कथानक, चरित्र, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक, बिम्ब आदिको संयोजन हुनु आवश्यक मानिन्छ । उपर्युक्त औपन्यासिक तत्त्वहरूको आधारमा **औँसीको रातपछि** लघु उपन्यासलाई हेर्दा यसको कथानक सामाजिक क्षेत्रबाट लिइएको छ । कथानकमा आन्तरिक तथा बाह्य गरी दुबै प्रकारका द्वन्द्व सबल देखिन्छन् । उपन्यासकी प्रमुख नारी पात्र उमा किशोरी वयमै विधवा बन्नु परेकोले उसको मनमा आन्तरिक द्वन्द्व चरमचुलीमा पुगेको छ भने उमा र सेतीबिचको झगडा तथा उमाको परिवार र छिमेकीबिचको बाह्य द्वन्द्वले कथालाई स्वाभाविकता दिएको छ । उपन्यासको कथावस्तु वृत्ताकारीय ढाँचामा संरचित छ ।

पात्र वा चरित्रचित्रणका दृष्टिले **औँसीको रातपछि** उपन्यास जीवन्त लाग्दछ । उमा यस उपन्यासकी प्रमुख नारी पात्र हो । जमुनी, कान्छी, रमा, उर्मिला, सेती उमाका बालसखा हुन् । वंशीधर पोखरेल, डिट्ठा रामप्रसाद, हरिकृष्ण आदि यस उपन्यासका पुरुष पात्र हुन् । उमा, हरिमाया, सेती, जमुनी, आदि मुख्य नारी पात्र हुन् भने वंशीधर रमा, कान्छी सहायक पात्र हुन् ।

**औँसीको रातपछि** उपन्यासको परिवेश ग्रामीण छ । पाखातिर वस्तु गोठालो गरेको, बिहेको तयारीको निम्ति पात गाँसेको, कसार बाटेको आदि घटनाले नेपाली ग्रामीण परिवेश र संस्कृतिलाई झल्काउँछन् । बाल विवाह, अनमेल विवाह जस्ता सामाजिक विकृति र धार्मिक अन्धविश्वासले ग्रसित नेपाली समाजमा नारी वर्गले भोग्नुपरेका समस्याहरूलाई देखाउनु र तिनको समाधान खोज्नु यस उपन्यासको प्रमुख उद्देश्य रहेको देखिन्छ । यसमा प्रयोग भएको भाषा सरल तथा सहज छ । तत्सम, तद्भव र आगन्तुक शब्द तथा आँखा तर्नु, हत्कडी लाउनु, आँखा रसाउनु, ठाकठुक पर्नु जस्ता टुक्काहरू र फुर्रफुर्र, चिर्बिर चिर्बिर, कलकल जस्ता अनुकरणात्मक शब्दले भाषा सजीव बनेको छ । समाजको अँध्यारो पक्षको चित्रण गर्ने **औँसीको रातपछि** शीर्षक आफैँमा प्रतीकात्मक छ । यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग गरिएको छ ।

## ४.४.३ निष्कर्ष

उपन्यास बृहत् आयाम भएको विधा हो तापनि **नौलो राँको**मा साहित्यका सबै विधालाई स्थान दिने उद्देश्यले उपन्यास विधालाई समेत धारावाहिक रूपमा प्रकाशित

गरिएको छ । **औंसीको रातपछि** लघुउपन्यासमा बालविवाह जस्तो सामाजिक कुरीतिका कारण एउटी नारीले किशोरावस्थामै वैधव्य वरण गर्नुपरेको र घर तथा माइती दुबैतिर उपेक्षित भई कष्टपूर्ण जीवन बिताउनुपरेको विषयलाई अघि सारिएको छ । यसरी सरल तथा सहज भाषाशैलीमा सशक्त पात्रहरूको प्रयोगद्वारा यस लघुउपन्यासले सामाजिक कुरीतिमाथि व्यङ्ग्य प्रहार गरेको छ ।

## ४.५ 'नौलो राँको' मा प्रकाशित लेख तथा निबन्ध

निबन्ध स्रष्टाको विशेष मनोदशामा लेखिने सङ्क्षिप्त आयतनको रचना मानिन्छ । 'बन्ध' धातुमा 'नि' उपसर्ग तथा 'घञ्' प्रत्यय लागेर व्युत्पन्न 'निबन्ध' शब्दको शाब्दिक अर्थ बाँध्नु, कस्नु, नियन्त्रण गर्नु आदि हुन्छ । निबन्ध शब्द संस्कृत स्रोतको भए पनि संस्कृत साहत्यको इतिहासमा निबन्ध विधाको विकास भएको पाइँदैन । "निबन्ध फ्रान्सेली शब्द एसाइ (ESSAI) बाट अङ्ग्रेजीमा एस्से (ESSAY) को रूपमा आएको हो र यसले प्रयास वा प्रयत्न भन्ने अर्थ बुझाउँछ ।"[१७] निबन्ध शब्दलाई अङ्ग्रेजीको एस्सेकै समानार्थी शब्दका रूपमा नेपालीमा प्रयोग गरिन्छ । आधुनिक नेपाली निबन्ध पश्चिमी साहित्यकै प्रेरणाबाट विकसित भएको हो ।

विश्व साहित्यमा आधुनिक निबन्ध विधाका जन्मदाता फ्रान्सेली विद्वान् मिचेल डि मोन्तेन मानिन्छन् । लेखकले पाठकलाई सम्बोधन गरेर लेखिएका उनका निबन्धमा उनले "मेरो इच्छा हुन्छ- निबन्धमा बिना आडम्बर सहज र साधारण तरिकाले म स्वयम् रूपायित होऊँ । त्यसमा म कुनै किसिमिको वाक्पटुता वा कलात्मकता सजाउन चाहन्न । मेरो निबन्धको विषय म नै हुँ"[१८] भनेका छन् । मोन्तेनले निबन्धलाई स्वयम्को प्रकटीकरणद्वारा पाठकसमक्ष आफ्नै विषयमा आत्मीयता प्रस्तुत गर्ने माध्यमका रूपमा चिनाएका छन् । उनले निबन्ध आत्मपरक हुने कुरामा जोड दिएका छन् । मोन्तेनपछि निबन्ध विधामा कलम चलाउने अर्का विद्वान् फ्रान्सिस बेकन हुन् । उनले निबन्धलाई "छरिएको चिन्तन"[१९] भनेका छन् । बेकन वस्तुपरक निबन्धका जन्मदाता हुन् । नेपाली साहित्यका निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका अनुसार "यो टेबिल गफ हो, चस्मादार अध्यापकको व्याख्यान होइन न त वमन

[१७] हिमांशु थापा, **साहित्य परिचय**, पूर्ववत्, पृ. १८० ।
[१८] राजेन्द्र सुवेदी (सम्पा), **स्नातकोत्तर नेपाली निबन्ध** भाग तीन, काठमाडौं : पाठ्यसामग्री पसल, २०५४, पृ.२ ।
[१९] ऐजन ।

वेदान्त । यसमा ठर्रोपना हुँदैन, यो लच्किन्छ र घनिष्टतातिर ओर्लिन्छ"[२०] भनिएको छ । निबन्धमा वैयक्तिक विचार वा अनुभूतिविशेषको गद्यात्मक अभिव्यक्ति भएको हुन्छ । गद्यात्मकता, लघुता, वैयक्तिकता, घनिष्टता जस्ता गुणहरू भएको विधाविशेष नै निबन्ध हो भन्न सकिन्छ ।

निबन्धलाई मूल रूपमा आत्मपरक र वस्तुपरक गरी दुई भागमा वर्गीकरण गरिएको छ । आत्मपरक निबन्धमा विषयवस्तुको स्थान गौण र व्यक्तिगत विचार वा भावनाहरूको स्थान उच्च हुन्छ । निबन्धकारको स्वत्व र व्यक्तित्वको प्रबल छाप आत्मपरक निबन्धमा परेको हुन्छ । आत्मसम्प्रेषण नै आत्मपरक निबन्धको प्रमुख परिचायक हो । आत्मपरक निबन्धअन्तर्गत विचारात्मक, भावात्मक र वैयक्तिक निबन्धहरू पर्दछन् । विषयप्रधान र निर्वैयक्तिक निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ । वस्तुपरक निबन्धमा मुख्यतः विषयहरूको प्रधानता रहन्छ भने अंशतः निबन्धकारको व्यक्तित्वको छाप पनि परेको हुन्छ । वस्तुपरक निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भागमा बाँडिएको पाइन्छ । वर्णनात्मक अन्तर्गत प्रलेख, लेख, जीवनी, यात्राविवरण, शोधलेख, भूमिका अदि प्रशाखा हुने बताइएको छ ।

निबन्धको विकासमा विभिन्न पत्रपत्रिकाहरूले गहन भूमिका निर्वाह गर्दै आएका छन् । **नौलो राँको** पत्रिकाले पनि निबन्ध विधालाई उच्च प्राथमिकताका साथ प्रकाशित गरेको छ । **नौलो राँको**मा प्रकाशित रचनाहरूमध्ये कवितापछि सबैभन्दा बढी निबन्ध प्रकाशित भएका छन् । यसको छैटौँ अङ्कबाहेक अन्य सबै अङ्कमा निबन्धले धेरथोर स्थान पाएकै छन् । **नौलो राँको**मा लेख, निबन्ध, संस्मरण, विचार आदिलाई प्रायः एउटै कोटिमा राखेर प्रकाशित गरिएको छ । यस पत्रिकाका पहिलोदेखि नवौँ अङ्कसम्म जम्मा ३४ जना लेखकका ४२ वटा लेख तथा निबन्धहरू प्रकाशित छन् । तिनीहरूमध्ये कतिपय आत्मपरक छन् भने कतिपय वस्तुपरक पनि छन् । वर्णनात्मक, विचारात्मक र निजात्मक निबन्धहरूको विकासमा **नौलो राँको**ले उल्लेखनीय भूमिका निर्वाह गरेको पाइन्छ ।

## ४.५.१ लेख तथा निबन्धहरूको वस्तुविश्लेषण

**नौलो राँको** पत्रिकाका विभिन्न अङ्कहरूमा विभिन्न विषयवस्तु तथा भावभूमि भएका निबन्धहरू प्रकाशित भएका छन्  यसमा प्रकाशित बिन्धहरूमध्ये अनिल शर्मा

[२०] लक्ष्मीप्रसाद देवकोटा, *भूमिका*, **लक्ष्मी निबन्धसङ्ग्रह**, तेस्रो सस्क., काठमाडौं : ने.भा.प्र.स., २०२०, पृ. ख ।

'विरही'को *सम्झनाको तरेलीमा मदनमोहन जोशी* (४१/९, २०६६) संस्मरणात्मक लेखमा मदनमोहन जोशीलाई बहुआयामिक व्यक्तित्वका धनी, चितवनका अग्रणी स्रष्टा, समालोचक, समाजसेवी र सबैको मनमा बास गर्न सफल नेताको रूपमा स्मरण गरिएको छ । लेखमा जोशीद्वारा रचित कवितांश उद्धृत गर्दै उनको भौतिक शरीर नरहे पनि उनका अविस्मरणीय कार्य तथा सिर्जनाहरूले उनलाई सदा अमर बनाइरहने कुरा व्यक्त गरिएको छ । आनन्ददेव भट्टको *लोकतान्त्रिक गणतन्त्र उन्मुख नेपाल* (३९/८, २०६४) लेखमा नेपालमा गणतन्त्रसम्बन्धी धारणा २००६ सालमा कम्युनिस्ट पार्टीको स्थापनादेखि नै सुरु भएको भए तापनि २०६२/६३ को जन आन्दोलनबाट निरङ्कुश राजतन्त्र निलम्बित भई गणतन्त्रको ढोका खुलेको कुरा उल्लेख छ । लेखमा जनताका प्रतिनिधि भनाउँदा नेताहरूकै कमजोरीले गणतन्त्रात्मक शासनको स्थिरीकरणमा सुस्तता देखिएको जनाउँदै त्यसतर्फ सबैलाई सचेत रहन आग्रह गरिएको छ । इन्द्र रेग्मीको *गणतन्त्र र स्रष्टाहरू* (३९/८, २०६४) निबन्धमा साहित्यका स्रष्टाहरू नै चेतनाका वाहक भएको र देशबाट अन्यायलाई निर्मूल पारी स्वच्छ र समुन्नत समाजको निर्माणमा लेखकहरूको अहम् भूमिका रहने बताइएको छ । लेखमा विभिन्न खेमामा विभक्त वामपन्थी लेखकहरूलाई एकै छातामुनि गोलबद्ध हुन आग्रह समेत गरिएको छ । उनकै *चोलानाथ अर्थात् मदनमोहन जोशी* (४१/९, २०६६) संस्मरणात्मक लेखमा मदनमोहन जोशीको जोसिलो स्वभावको स्मरण गरिएको छ । साथै मदनमोहन जोशीसँग संस्मरणकारको पुरानो सम्बन्ध रहेको चर्चा गर्दै जोशीको सक्रियतामा चितवनमा २०१३ सालमा प्रथम पटक कम्युनिस्ट पार्टीको गठन भएको, उनकै संयोजकत्वमा साहित्य सङ्गम चितवनको गठन भएको र मदनमोहन जोशी कुनै पदको लालच नराख्ने सच्चा समाजसेवी भएको कुरा उल्लेख गरिएको छ ।

ईश्वर पियाको *सिर्जनाको स्रोत आँखा* (१/१, २०२६) निबन्धमा आँखालाई एकले अर्कालाई हेर्ने, सुन्दरताको पान गर्ने, असल र खराब छुट्याउने मुख्य स्रोतका रूपमा लिइएको छ । त्यस्तै आँखालाई मानिसको जीवन बदल्ने, व्यहोरा बदल्ने अनि एकले अर्काको आँखा पढेर प्यासी हृदय सिन्चने माध्यमको रूपमा पनि लिइएको छ । कपिल अज्ञातको *सभ्य हुने धुनमा* (३९/८,२०६४) आत्मपरक निबन्धमा निबन्धकारद्वारा कर्ममा विश्वास गर्नु अनि  दया, माया, उदारता, त्याग, श्रद्धा र स्नेहको भाव वा विचारमा प्रस्तुत हुनु आफ्नो जीवनको लक्ष्य भएको कुरा व्यक्त गरिएको छ । निबन्धमा आस्तिक भएर पाखण्डीपन

देखाउनेलाई भन्दा नास्तिक भएर पनि नैतिकवान्लाई आफूले उच्चकोटिको दर्जा दिने कुरा उल्लेख गरिएको छ । कृष्ण थापाको *चितवन : एक छोटो सिंहावलोकन* (३/४, २०२८) लेखमा चितवन जिल्लाको भौगोलिक, सामाजिक, शैक्षिक, आर्थिक आदि अवस्थाको सामान्य परिचय दिइएको छ । लेखमा चितवन जिल्लाका आदिवासी थारू जाति पहिले आफ्नै जातका जमिन्दारहरूबाट र पछि पहाडिया समुदायका शोषकहरूबाट ठगिएको उल्लेख गर्दै राप्ती दून विकास आयोजना लागु भएपछि चितवनका सबै पक्षको विकासको थालनी भएको चर्चा गरिएको छ । *आफ्नै देशमा विदेशीबाट पिटिँदाको क्षण* (३१/७, २०५) गुणराज लोहनीको यात्रा संस्मरण हो । यसमा नेपालले गरेको कोशी सम्झौतालाई असमान सम्झौता मान्दै यसले भारतीय पक्षको हित र नेपाललाई ठुलो क्षति गरेको कुरा प्रत्यक्ष देख्दा आफ्नो स्वाभिमानमा चोट पुगेको र दुई थोपा आँसु अचानक झर्न पुगेको दुःखद प्रसङ्ग उल्लेख गरिएको छ । साथै लेखमा सानो विवादमा कोशी ब्यारेजको नेपाली भूमिमा भारतीयहरूबाट आफूहरू निर्घात पिटिएको अनि प्रहरीद्वारा उल्टै आफूहरूलाई सताइएको प्रसङ्गको पनि चर्चा गरिएको छ । चन्द्रविक्रम बुढाथोकीको *दरबारी षड्यन्त्र र राणावंशको उदय* (१/१, २०२६) लेखमा नेपालमा पृथ्वीनारायण शाहको मृत्युपछि दरबारमा शक्ति हात पार्न विभिन्न जालझेल र षड्यन्त्रहरू हुने गरेको र सोही कारण १ सय चार बर्से राणा शासनको उदय भएको चर्चा गरिएको छ । लेखमा शक्ति हत्याउने खेलमा बहादुर शाहदेखि लिएर दामोदर पाण्डे, भीमसेन थापा, गगनसिंह आदिको पतन भएको र यस्ता कारणबाट राणावंशको प्रादुर्भाव भएको बताइएको छ । जगत्बहादुर श्रेष्ठको *जोशीजीलाई सम्झिँदा* (४१/९, २०६६) संस्मरणमा मदनमोहन जोशीलाई चितवन जिल्लाका अग्रणी वामपन्थी नेताको रूपमा चर्चा गरिएको छ । लेखमा हरेक मानिसका केही सबल र केही दुर्बल पक्ष हुने जनाउँदै जोशीले एकपटक बिक्री गरेको जग्गा लोग्ने मरेपछि उसकी विधवासँग मुद्दा लडेर फिर्ता लिएको प्रसङ्गलाई जोशीको कमजोरीको रूपमा उल्लेख गरिएको छ । जगत् श्रेष्ठकै *नीति* (१/१, २०२६) निबन्धमा नीतिको पालनाबाट नै व्यक्ति र समाजको उन्नति हुने उल्लेख छ । कतिपय मानिसहरू धार्मिक खोल ओढेर चोरी, डकैती, लुटपाट जस्ता अनैतिक काम गर्न पछि नपर्ने बताउँदै निबन्धमा यथार्थको आडमा नीतिको पालना गर्नु नै उत्तम चरित्र हुने  निष्कर्ष निकालिएको छ ।

जनकराज सापकोटाको *आकाशको कुनै भर छैन* (३९/८, २०६४) निबन्धमा आकाशको बहुरूपी अवस्था र त्यसको अमूर्त आकारलाई विषयवस्तु बनाइएको छ । आकाशमा कहिले कालो, कहिले सेतो बादल लागे झैँ राजनीतिक आकाशमा पनि बहुरूप देखिने कुरा जनाउँदै निबन्धमा उज्यालो घामको प्रतीक्षामा बसेको जनताले कालो बादलरूपी नैराश्य बेहोर्नु परेकोमा दुःख व्यक्त गरिएको छ। डी.आर. पोखरेलको *समाजवादी साहित्य सिर्जनामा गणतन्त्रको प्रसङ्ग* (३९/८, २०६४) निबन्धमा साहित्यकारहरूलाई समाजका अग्रजको रूपमा लिँदै सच्चा लेखक सामन्तवादको पक्षधर हुन नसक्ने कुरा उल्लेख गरिएको छ । निबन्धमा समाजवाद स्थापनामा प्रगतिशील लेखकहरूको अहम् भूमिका हुने र यथार्थवादमा विश्वास राख्ने नेपाली लेखकहरूले स्पष्टताका साथ अग्रगामी विचारद्वारा समाजको उन्नतिको निम्ति कलम चलाउनुपर्ने आवश्यकता औँल्याइएको छ । नारायणप्रसाद खनालको *आफूले कम सङ्गत गरेका गम्भीर व्यक्ति मदनमोहन जोशी* (४१/९, २०६६) संस्मरणात्मक लेखमा मदनमोहन जोशीको जीवनीका विभिन्न पाटाहरूको चर्चा गरिएको छ। समुन्नत एवं शिक्षित समाजको परिकल्पना गरेर अगाडि बढ्ने व्यक्ति-व्यक्तित्वहरूलाई श्रद्धाका साथ अभिनन्दन गर्नु प्रत्येक सचेत नागरिकको कर्तव्य हुने र त्यस्ता व्यक्तित्वप्रति सम्मानस्वरूप दुईचार शब्द लेख्दा आफूलाई गौरवको अनुभूति भएको कुरा व्यक्त गरिएको छ । **नौलो राँको** प्रकाशनको *चितवनको साहित्य : अति सङ्क्षिप्त परिचय* (३/४, २०२८) लेखमा चितवत जिल्लाको सामान्य भौगोलिक परिचय दिँदै यहाँ केही हुने खाने धनी वर्ग र अधिकांश शोषित-पीडित गरिब जनताको बसोबास भएको कुरा उल्लेख गरिएको छ । लेखमा प्रगतिशील साहित्यकार र अप्रगतिशील साहित्यकारबिच भिन्नता औँल्याउँदै चितवनका २९ जना साहित्यकारहरूको सङ्क्षिप्त परिचय दिइएको छ।

पूर्णबहादुर अधिकारीको *गणतन्त्र, नातिनी उषा र तोरीको साग* (३९/८, २०६४) संस्मरणमा २०६२/६३ को आन्दोलनमा गणतन्त्र पक्षधरको समर्थन गरेको कारण आफू पक्राउमा परी सैनिक ब्यारेकमा बिताएका कष्टकर क्षणको स्मरण गरिएको छ । लेखमा आफ्नो मृत्यु पनि 'भिडन्तमा माओवादी मारियो' शीर्षकको समाचार बन्न सक्ने आशङ्का गर्दै आफूले अब गणतन्त्र, प्यारी नातिनी उषा र बारीमा आफैँले स्याहारेको तोरीको सागसँग कहिल्यै भेट नहुने ठानी मृत्युपछि मात्र ती तृष्णा पूरा हुने कल्पना गरिएको छ । पोषराज पौडेलको *मदन दाइ मेरो सम्झनामा* (४१/९, २०६६) संस्मरणात्मक लेखमा

मदनमोहन जोशीको व्यक्तित्वका सबल तथा दुर्बल पक्षहरूबारे चर्चा गरिएको छ । यहाँ द्वन्द्वात्मक भौतिकवादका अनुयायी, समाजसेवी, साहित्यप्रेमी, साहसी एवं मिलनसार हुनुलाई जोशीका सबल पक्ष र वैचारिक ढुलमुलेपनलाई उनको दुर्बल पक्षको रूपमा लिइएको छ । बाबुराम पाण्डेको *कर्मयोगी मदनमोहन जोशीप्रतिका सम्झनाहरू* (४१/९, २०६६) संस्मरणमा जोशीलाई अत्यन्त मिलनसार, हँसमुख र उदार भावना भएका चितवनका पुराना व्यक्तित्वका रूपमा लिइएको छ । **नौलो राँको** पत्रिकाको पहिलो अङ्कदेखि पछिल्ला केही अङ्कहरूको प्रकाशन गर्ने क्रममा आर्थिक, प्रशासनिक लगायतका धेरै चुनौतीहरूको जोशीले दृढतापूर्वक सामना गरेको कुरा लेखमा स्मरण गरिएको छ ।

मदनमोहन जोशीले अनुवाद गरेको *स्तालिन : प्रारम्भिक जीवन* (१/१, २०२६) लेख लाई राहुल साङ्कृत्यायनद्वारा लेखिएको **स्तालिन** (एक जीवनी) को आधारमा तयार पारिएको जानकारी दिइएको छ । प्रस्तुत लेखमा स्तालिन सानैदेखि पढ्नमा सिपालु, भौतिकवादी दृष्टिकोण राख्ने, प्रगतिशील साहित्यका अध्येता भएको कुरा उल्लेख गरिएको छ । मदनमोहन जोशीको *चितवनका तन्देरीहरू* (३/४, २०२८) लेखमा युवाहरूलाई समाजका केन्द्रबिन्दु र राष्ट्रका आत्मा अर्थात् मुटुसँग तुलना गरिएको छ। पश्चिम नेपाल युवक सङ्घ बन्दीपुर जिल्ला कमिटीले आफूलाई चितवनमा युवा सङ्घ गठन गर्ने जिम्मा दिई पठाएकोले आफूले चितवनमाा सो सङ्घ गठन गरेको र त्यसले चितवनको आर्थिक, सामाजिक, शैक्षिक, साहित्यिक आदि विविध क्षेत्रमा सक्रियतापूर्वक काम गरेको प्रसङ्ग उल्लेख गरिएको छ ।

मरुभूमिका लेखक छद्मनामबाट लिखित *चितवन* (३/४, २०२८) लेखमा चितवन जिल्लाको तत्कालीन अवस्थाको चित्रण गरिएको छ । लेखमा चितवनको नामकरण प्रसङ्ग, चितवनका आदिवासी, जातजातिहरू, वनजङ्गल एवं वन्यजन्तुबारे चर्चा गर्दै तत्कालीन राजनीतिक, आर्थिक र सामाजिक विकृतिहरूबारे प्रकाश पारिएको छ । मोहनबहादुर कायस्थको *सिद्धान्तका प्रतिपादक हुन् क. मदनमोहन जोशी* (४१/९, २०६६) संस्मरणमा मदनमोहन जोशीलाई गरिब समुदायभित्रका बौद्धिक व्यक्तित्व, मार्क्स तथा लेनिनका पुस्तकभित्रका अक्षरहरूका पालक र साधक अनि साम्राज्यवाद, विस्तारवाद तथा उपनिवेशवादका कट्टर विरोधीका रूपमा चिनाइएको छ । म्याक्सिम गोर्कीको *मैले कसरी लेख्न सिकें* (१/१, २०२६) मुमोजो र देप्रपौद्वारा अनूदित लेखमा साहित्य यथार्थपरक र

कल्पनापरक गरी दुई प्रकारको हुने उल्लेख गर्दै यथार्थपरक साहित्यलाई उत्तम मानिएको छ । प्रस्तुत लेखमा गोर्कीले अभाव र गरिबीका कारण आफूले थुप्रै कठिन क्षणका अनुभूतिहरू सँगालेको र तिनैले आफूलाई लेख्न प्रेरित गरेको कुरा बताएको उल्लेख छ । रणेन्द्र बरालीको *मार्क्सवाद र मदनमोहन जोशी* (४१/९, २०६६) संस्मरणात्मक लेखमा मदनमोहन जोशीलाई मार्क्सवादी दर्शनका गहन अध्येताका रूपमा लिइएको छ । ठुलो पद प्राप्त गर्ने वा धन कमाउने अवसर प्राप्त हुँदाहुँदै पनि त्यसतर्फ नलागी उनले गरिब, सुकुम्बासी र किसानहरूका मित्र बनेर बसेको कुरा उल्लेख छ ।

रविकिरण निर्जीवको *राष्ट्रको उत्थानमा विद्यार्थी वर्गको दायित्व* (१/२, २०२६) निबन्धमा विद्यार्थी भनेका राष्ट्रका सचेत वर्ग भएको र उनीहरूले देशका आशिक्षित तथा अज्ञानी जनतालाई चेतनाद्वारा सजग गराउने दायित्व लिनुपर्ने विचार व्यक्त गरिएको छ । देशमा  कुरीति र अन्धविश्वास व्याप्त रहेको र  अर्कोतर्फ साम्राज्यवादी शक्तिद्वारा देशमाथि हरदम वक्रदृष्टि परिरहेको जनाउँदै त्यसको समाधानको निम्ति पहल गर्ने अभिभारा विद्यार्थी वर्गको भएको कुरा लेखमा उल्लेख छ । *उनकै बाढीले खाएको चितवन* (३/४, २०२८) लेखमा वि.सं. २०२७ मा चितवनमा विपत्तिजनक बाढी आई ठुलो मात्रामा धनजनको क्षति भएको विवरण दिइएको छ । विपदमा परेका जनतालाई राहत दिनुको सट्टा सरकारी अधिकारी र व्यापारी तथा नेताहरूले राहत बाँडेको झुट्टा विवरण बनाई आफैँले रकम हात पारेको कुरा लेखमा चर्चा गरिएको छ । उनकै *अतीतले गिज्याएको वर्तमान* (३१/७, २०५६) निबन्धमा पहिले गरिब वर्गको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीका कार्यकर्ता भई कष्टपूर्ण भूमिगत जीवन बिताएका नेता उच्च ओहदामा पुगेपछि अथाह सम्पत्ति आर्जन गरी राजधानीमै महलमा बस्न थालेको र उक्त नेता आफ्नै विगतसँग तर्सने गरेको चर्चा गरिएको छ । उनकै *मरेर बाँचेको मदन दाइ* (४१/९, २०६६) संस्मरणमा भौतिक शरीरको अन्त्य भए पनि मान्छे आफ्नो विचार र कार्यले अमर हुने जनाउँदै मदनमोहन जोशी मरेर पनि सदा अमर रहेको उल्लेख छ । साथै जोशीलाई चितवनका एक अग्रणी राजनीतिक चिन्तक, साहित्यकार, समाजसेवी र समालोचकको रूपमा स्मरण गरिएको छ ।

*मनको तरेलीमा हुस्टनको यात्रा* (३९/८, २०६४) रह शर्माको यात्रा निबन्ध हो । प्रस्तुत नियात्रामा नियात्राकारले अमेरिकाको टेक्सास राज्यको एक सहर 'हुस्टन' यात्रा गर्दाको अनुभवलाई समेटेका छन् । डालसदेखि हुस्टनसम्मको स्थल यात्रामा नेपालकै जस्ता

पहाड, वन, झरनाहरू देखेकाले लेखकलाई मातृभूमि नेपालको स्मरण भएको बताएका छन् । साथै गैरकानुनी रूपमा लुकिछिपी बस्नेहरूका कारण नेपालीप्रतिको धारणा नै नकारात्मक हुँदै गएकाले आफूले विदेशीबाट हेपिनुपरेको तितो अनुभव पनि लेखमा व्यक्त गरिएको छ । उनकै *विज्ञापन प्रति ल्याएपछि रकम लगे हुन्न ?* (४१/९, २०६६) संस्मरणमा मदनमोहन जोशीसँग उनको फर्निचर पसलको विज्ञापन छापेबापतको रकम माग्न जाने क्रममा उनले भनेका कुराको स्मरण गरिएको छ । लेखमा जोशीसँग लामो समयदेखि सहकार्य गर्दै आएको र अचानक उनको देहान्तले आफू मर्माहत भएको बारे चर्चा गरिएको छ ।

राजेन्द्र सुवेदीको *जामाता दशमोग्रह* (३१/७, २०५६) हास्यव्यङ्ग्यात्मक शैलीमा लेखिएको निबन्ध हो । प्रस्तुत निबन्धमा फलित ज्योतिषअनुसार नौ ग्रह हुने र दसौं ग्रहको रूपमा जामात (ज्वाइँ) लाई मान्ने कथन यदाकदा भेटिने प्रसङ्ग उल्लेख गर्दै समाजमा व्याप्त यौन दुराचार, मैथुनिक विकृति तथा चेलीबेटी बेचबिखनजस्ता गम्भीर अपराधहरू मौलाउँदै गएको सैयौं वर्ष बिते पनि समाधानको निम्ति राष्ट्रले उचित कदम चाल्न नसक्नु लज्जास्पद भएको चर्चा गरिएको छ । लक्ष्मण श्रेष्ठ 'प्रतीक' को *मैले चिनेको मदनमोहन जोशी* (४१/९, २०६६) संस्मरणमा मानिस जन्मेपछि कुनै एक दिन अवश्य मर्नुपर्ने भए पनि बिरलै मानिस मात्र मृत्युपछि पनि बाँचिरहने उल्लेख गर्दै जोशी मरेर पनि बाँचिरहने व्यक्ति भएको बताइएको छ । विद्या श्रेष्ठको *मदनदाइ एक स्मृति* (४१/९, २०६६) संस्मरणमा स्व. मदनमोहन जोशीको विचार तथा स्वभावको प्रसङ्ग उठाइएको छ । संस्मरणमा जोशी बाल्यावस्थादेखि नै मेधावी, मातृपितृभक्त र धार्मिक स्वभावका भएका र पछि गएर गोरखपुरमा अध्ययनका क्रममा वामपन्थी विचारबाट प्रभावित भई आजीवन यसै विचारधाराबाट परिवार, समाज र राष्ट्रलाई अग्रगमनको शिक्षा दिएको कुरा उल्लेख गरिएको छ । शक्ति लम्सालको *मेरो चिन्तनमा आजको रुस* (२/३, २०२७) राजनीतिक लेख हो । यस लेखमा १९१७ इ.सं. को अक्टुबर क्रान्तिले रुसमा व्यापक परिवर्तन ल्याएको र त्यसको असर पूर्वी युरोप तथा एसियामा पनि परेको उल्लेख गर्दै क्रान्तिले श्रमको सामाजिकीकरण र उत्पादनको निजी स्वामित्वमा आधारित आधारभूत अन्तरविरोधलाई मास्न रुसले महान् ऐतिहासिक क्रान्ति गरेको बताइएको छ ।

सरिता तिवारीको *स्मृतिबिम्बमा जोशीज्यू* (४१/९, २०६६) संस्मरणमा मदनमोहन जोशीले कवितामा 'म मर्दिन' भने झैँ यथार्थमा उनको भौतिक शरीरको अन्त्य भए पनि आफ्ना सुकार्यहरूले उनी अमर भएको कुरा प्रकट गरिएको छ। सी.एम. अपिल 'चितौने' को *आदिवासी (यादीवासी) थारू समुदायमा लेखलाहरसभक काम* (३९/८, २०६४) थारू समुदायका समस्याहरू र चेतनशील लेखकहरूको कर्तव्यका बारेमा चर्चा गरिएको थारू भाषाको लेख हो। लेखमा चितवनका थारू समुदायका मानिसहरू विभिन्न खाले शोषणमा परेको र विभिन्न समयमा भएका आन्दोलनहरूमा उनीहरूको सक्रिय भूमिका रहेको कुरा उल्लेख गरिएको छ। सीताराम कोइरालाको *अनुशासनले कोर्ने गणतन्त्रको चित्र* (३९/८, २०६४) निबन्धमा सबैले अनुशासनको पालना गर्नुपर्ने कुरामाथि जोड दिइएको छ। वर्तमान नेपालमा हरेक क्षेत्रमा अराजकता फैलँदै गएको र त्यसको प्रमुख कारण अनुशासनहीनता नै भएको ठोकुवा गर्दै मुख्यतः राज्य सञ्चालनको जिम्मेवार तहमा बसेकाहरूको अनुशासनहीनताले अस्थिरता र अराजकता फैलिने कुरा व्यक्त गरिएको छ।

हरिबहादुर अधिकारीको *सबै गणतन्त्रतिरै* (३९/८, २०६४) लघु निबन्धमा प्रतीकात्मक रूपमा राष्ट्रलाई जङ्गल र राष्ट्रबासीलाई त्यस जङ्गलका जनावरको संज्ञा दिइएको छ भने नेपालको राजतन्त्रलाई जङ्गलको अत्याचारी 'बाघ' को रूपमा चित्रण गरिएको छ। निबन्धमा उक्त बाघले सदियौँदेखि निमुखा जनावररूपी नेपाली जनताको खुन चुसेर मत्त भएकोले सबै नेपाली जनता मिलेर त्यस बाघरूपी राजतन्त्रलाई सदाका निम्ति ठेगान लगाउनुपर्ने धारणा व्यक्त गरिएको छ। हरिहर खनालको *आजका नेपाली युवकको बाटो* (१/२, २०२६) निबन्धमा युवकहरू बिहानको सूर्यजस्तै हुने र उनीहरूको हातमा देशको भविष्य अडिएकोले विभिन्न विघ्नबाधाहरूसँग जुधेर भए पनि समाजमा भएका खराबीहरूलाई निर्मूल पारेर स्वच्छ, समुन्नत र समतामूलक समाजको निर्माण गर्न अघि सर्नुपर्ने आवश्यकतालाई औँल्याइएको छ। उनकै *स्मृतिबिम्बमा मदनमोहन जोशी* (४१/९, २०६६) संस्मरणात्मक लेखमा जीवनको अर्थ खोज्ने प्रयास गर्दै जीवनलाई दिनसँग र मृत्युलाई रातसँग तुलना गरिएको छ। जोशीको मृत्युको खबरले आफूलाई स्तब्ध तुल्याएको चर्चा गर्दै **नौलो राँको** पत्रिकाको प्रकाशन र साहित्य सङ्गम चितवनको स्थापनामा मदनमोहन जोशीको प्रत्यक्ष तथा प्रमुख भूमिका रहेको कुरा उल्लेख गरिएको छ। हरिहर सविताको *म मर्दिन भन्ने पनि मर्‍यो बा !* (४१/९, २०६६) संस्मरणमा मदनमोहन

जोशीसँगको सहकार्यका विभिन्न क्षणहरूको स्मरण गरिएको छ । **नौलो राँको**को प्रकाशन, प्रलेस चितवन र साहित्य सङ्गम चितवन जस्ता संस्थाहरूको स्थापना र तिनको विकासमा जोशीको भूमिका महत्त्वपूर्ण रहेको चर्चा गर्दै पार्टीप्रति अन्धभक्त हुनुलाई उनको दुर्बल पक्षको रूपमा लिइएको छ ।

## ४.५.२ लेख तथा निबन्धहरूको भाषाशैलीय विश्लेषण

भाषाशैली साहित्य सिर्जनाको बाह्य पक्षसँग सम्बन्धित हुन्छ । निबन्धमा गद्य भाषाको प्रयोग हुन्छ तापनि निबन्धको भाषामा कलात्मकता र रागात्मकताको अपेक्षा राखिन्छ । थारैमा धेरै भन्न सकिने सरल र सहज भाषाशैलीको प्रयोग गरिएका निबन्धहरू नै बढी मूल्यवान् हुन्छन् । निबन्धमा अभिव्यक्तिको लागि प्रयोग गरिने तरिकालाई शैली भनिन्छ । शैलीका आधारमा निबन्धका विभिन्न प्रकारहरूको निर्धारण गरिएको हुन्छ । विषयवस्तु, भाासशैली, उद्देश्य, शीर्षक, दृष्टिबिन्दु आदि निबन्धका तत्त्व मानिन्छन् ।

निबन्धमा कुनै खास विषयका बारेमा वर्णन गरिएको हुन्छ । त्यस्तो विषय जीवन र जगत्भित्रको कुनै एक पक्ष हुन सक्छ । प्रकृति, समाज, धर्म-संस्कृति, दर्शन, राजनीति, अर्थतन्त्र, शिक्षा, प्रशासनलगायत मानवमनका विविध भावहरूसमेत निबन्धका विषयवस्तु बन्न सक्छन् । **नौलो राँको**मा मुख्यतः कला, दर्शन, इतिहास, साहित्य, राजनीति आदि विषयमा लेखिएका निबन्धहरू प्रकाशित छन् । निबन्धमा प्रयोग भएको भाषा सरल, सहज एवम् सम्प्रेषणीय छ । स्रोतका आधारमा तत्सम, तद्भव र आगन्तुक शब्द तथा आवश्यकता अनुसार उखान टुक्का र अनुकरणात्मक शब्दहरूको प्रयोगले निबन्धको भाषा जीवन्त बनेको छ । **नौलो राँको**मा प्रकाशित अधिकांश निबन्धहरू तृतीय पुरुष कथनपद्धतिमा लेखिएका छन् । केही निबन्धहरू प्रथम पुरुषात्मक पद्धतिमा लेखिएका छन् भने केही निबन्धहरूमा मिश्रित पद्धतिको प्रयोग गरेको पाइन्छ ।

**नौलो राँको**मा प्रकाशित केही निबन्धहरू आत्मपरक छन् भने केही निबन्धहरू वर्णनात्मक र विवरणात्मक शैलीमा लेखिएका छन् । कपिल अज्ञातको *सभ्य हुने धुनमा* (३९/८, २०६४), जनकराज सापकोटाको *आकाशको कुनै भर छैन* (३९/८, २०६४) आत्मपरक निबन्ध हुन् । हरिहर खनालको *आजका नेपाली युवकको बाटो* (१/२, २०२६), रविकिरण निर्जीवको *राष्ट्रको उत्थानमा विद्यार्थी वर्गको दायित्व* (१/२, २०२६) वस्तुपरक निबन्धका उदाहरण हुन् ।

### ४.५.३ निष्कर्ष

प्राचीन शिलालेख, सरकारी आदेशपत्र आदिको जगमा उभिएर विकसित भएको नेपाली निबन्ध विक्रमको बिसौँ शताब्दीको उत्तरार्द्धदेखि पाश्चात्य प्रभाव ग्रहण गरी आधुनिकतातर्फ प्रवेश गरेको हो । साहित्यलाई सिङ्गो युगको प्रतिबिम्ब मानिन्छ । साहित्यका अन्य विधामा जस्तै विभिन्न समयमा देखापरेका राजनीतिक परिवर्तनको प्रभाव निबन्ध विधामा पनि नपरिरहन सकेन । **नौलो राँको** पत्रिका पञ्चायती निरङ्कुशताको विरुद्ध सशक्त विद्रोह गर्ने उद्देश्यले प्रकाशन आरम्भ गरिएको हुँदा यसका प्रारम्भिक अङ्कका निबन्धहरूमा पञ्चायतकालीन असहज परिस्थितिप्रति विरोधको स्वर पाइन्छ । यसका पछिल्ला अङ्कहरू भने २०४६ सालको परिवर्तनपछि प्रकाशित भएका हुनाले तिनमा बहुदलीय व्यवस्था स्थापना भएपछिका विकृति र विसङ्गतिहरूप्रति लक्षित गरी लेखिएका लेख तथा निबन्धहरू प्रकाशित भएको पाइन्छ । कतिपय निबन्धहरू अन्य समसामयिक सन्दर्भहरू समेटेर लेखिएका छन् । **नौलो राँको**मा राष्ट्रिय ख्यातिप्राप्त लेखकदेखि लिएर नव प्रतिभाहरूलाई समेत स्थान दिइएको छ । यसमा आत्मपरक, वस्तुपरक, हास्यव्यङ्ग्यात्मक, यात्रा संस्मरणात्मक, जीवनीमूलक निबन्धलगायत विभिन्न किसिमका लेख तथा संस्मरणहरूले स्थान पाएका छन् ।

**नौलो राँको**का निबन्धहरूमा सामन्तवादको अन्त्य र गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको माग, राष्ट्रिय तथा अन्तरराष्ट्रिय व्यक्ति-व्यक्तित्वका जीवनी तथा संस्मरण, चितवनको साहित्यिक, भौगोलिकलगायत विभिन्न पक्षबारेका जानकारीमूलक लेखहरू, गरिबी र अभावका पीडाहरूको अभिव्यक्ति, माओवादी द्वन्द्वकालीन विसङ्गतिहरू, विभिन्न खालका राजनीतिक तथा सामाजिक विकृतिहरूप्रति व्यङ्ग्य, यात्रा संस्मरणहरू, व्यक्तिमनका विभिन्न भावनाहरूलगायत अन्य विविध विषयवस्तुलाई समेटिएको छ । समग्रमा निबन्धहरूको भाषा सरल तथा सहज छ । केही स्थापित लेखकहरूका निबन्ध स्तरीय छन् भने नव प्रतिभाहरूका लेख निबन्धहरू तुलनात्मक रूपमा कम स्तरीय छन् । निबन्धहरूमा भाषिक शुद्धताप्रति कम चासो दिइएको पाइन्छ ।

समग्रमा **नौलो राँको** पत्रिकामा समसामयिक विविध विषयका लेख, निबन्ध, यात्रासंस्मरण, व्यङ्ग्यनिबन्ध, व्यक्तित्व चर्चा, संस्मरण आदि प्रकाशित भई पाठकसमक्ष पुग्ने अवसर प्राप्त गरेका छन् र यसले नेपाली निबन्धको विकासमा उल्लेखनीय योगदान पुगेको छ ।

## ४.६ 'नौलो राँको' मा प्रकाशित एकाङ्की

एकाङ्की दृश्य वा अभिनेय विधा हो । पूर्वीय साहित्यमा नाटक विधाको लामो ऐतिहासिक परम्परा छ तापनि एकाङ्की विधाको इतिहासको त्यति धेरै लामो परम्परा पाइँदैन । आधुनिक एकाङ्कीको विकासमा पाश्चात्य साहित्यको ठुलो योगदान रहेको पाइन्छ । नाटक र एकाङ्की दुबै दृश्य विधा हुन् तापनि यी एकै भने होइनन् । कथानक, चरित्र, संवाद आदि उपकरणहरूको उपयोग तथा संरचक घटकहरूको बनोट र बुनोटमा पाइने भिन्नताले नाटक र एकाङ्कीलाई भिन्न तुल्याउँछन् । एकाङ्कीको परिभाषा यसरी गरिएको पाइन्छ - "कथ्यको एकोन्मुखता भएको, आत्मपरक, अभिनेय र संवादात्ममक लघु संरचनालाई एकाङ्की भनिन्छ ।"[२१]

नेपाली साहित्यको विकासको आधुनिक कालमा आएर मात्र एकाङ्की विधाको विकासको थालनी भएको देखिन्छ । वि.सं.१९९९ मा पुष्कर शमशेरको *लक्षहीन* तथा बालकृष्ण समको *बोक्सी* एकाङ्की प्रकाशित भएको देखिन्छ र यिनै एकाङ्कीलाई नेपाली साहित्यमा प्रथम एकाङ्कीको रूपमा लिइएको छ । त्यसपछि बालकृष्ण समकै *भतेर* (२०००), *अत्याधुनिकता, (२०२०) बिरामी र कुरुवा* (२०२७) लगायत थुप्रै एकाङ्कीहरू प्रकाशित भएका छन् । अन्य प्रमुख एकाङ्कीकारहरूमा जितेन्द्रबहादुर शाह, टीकाराम शर्मा, भीमनिधि तिवारी, रुद्रराज पाण्डे, लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान, गोपालप्रसाद रिमाल, विजय मल्ल, शङ्कर कोइराला, वासु शशी, मोहनराज शर्मा, गोपाल पराजुली, सरुभक्त आदि हुन् । अन्य विधाको दाँजोमा एकाङ्की विधामा रचनाहरूको सङ्ख्यात्मक न्यूनता देखिन्छ तापनि गुणात्मक दृष्टिले एकाङ्कीको विकास नेपाली साहित्यमा आशालाग्दो किसिमले भएको पाइन्छ । अन्य विधा जस्तै एकाङ्कीले पनि वर्तमान समयमा नयाँ नयाँ मोड लिएको छ । कथ्यको नवीनता अनुभूतिको प्रामाणिकता, शिल्पमा ताजापन र प्रयोगगत विविधतले यस विधामा नयाँ आयाम थपिएको छ । मुख्यतः पछिल्लो चरणमा नव नव प्रयोग अँगालेर एकाङ्की लेख्ने एकाङ्कीकारहरूमा मोहनराज शर्मा, ध्रुवचन्द्र गौतम, मनबहादुर मुखिया, गोपाल पराजुली, अशेष मल्ल, सरुभक्त, शिव अधिकारी आदि प्रमुख छन् । उपर्युक्त एकाङ्कीकारहरूका अत्याधुनिक र प्रयोगधर्मी एकाङ्कीहरूले पाएको लोकप्रियता हेर्दा नेपाली साहित्यमा एकाङ्की विधाको अवस्था राम्रो हुँदै गएको स्पष्ट हुन्छ ।

---

[२१] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पूर्ववत्, पृ. १४७ ।

राजधानी र मोफसलबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकाहरूमा एकाङ्कीहरू प्रकाशित हुँदै आएका छन् । चितवनबाट प्रकाशित हुने **नौलो राँको**ले पनि एकाङ्की विधालाई स्थान दिएर प्रकाशति गरेको छ । यसका सातौँ र आठौँ अङ्कमा प्रकाश चापागाइँद्वारा लिखित दुईवटा एकाङ्कीहरू प्रकाशित छन् ।

## ४.६.१ एकाङ्कीको वस्तुविश्लेषण

**नौलो राँको**मा समसामयिक सन्दर्भका दुई एकाङ्कीहरू प्रकाशित भएका छन् । प्रकाश चापागाईको *बस्तीपुर जागिसकेको छ* (३१/७, २०५६) एकाङ्कीमा चेलीबेटी बेचबिखन जस्तो आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिका करतुतलाई उजागर गर्न बस्तीपुरबासीहरू सफल भएको घटनालाई विषयबस्तु बनाइएको छ । एकाङ्कीमा गाउँका सिधासाधा चेलीलाई ललाईफकाई विभिन्न बहानामा लोभ्याउने र भारत लगेर बेचिदिने धन्दा गर्न पल्केका भुजेल र उसका सहयोगीको कुकर्मको पर्दाफास गरी बस्तीपुरका बासिन्दाले उनीहरूलाई  कालोमोसो दली गाउँगाउँ डुलाएको घटनाको चित्रण गरिएको छ । उनकै *जन आन्दोलनभित्रका मोडहरू* (३९/८, २०६४) एकाङ्कीमा २०६२/६३ को जन आन्दोलनका विविध पक्षबारे चर्चा गरिएको छ । एकाङ्कीमा उक्त आन्दोलन माओवादी दसबर्से जनयुद्धको जगमा अन्य दलहरू र आम नेपाली जनताको सक्रियतामा सम्पन्न भएको उल्लेख गर्दै आन्दोलनले नेपालबाट राजतन्त्रलाई सदाका लागि हटाउने र गणतन्त्रात्मक शासन पद्धतिको स्थापना गर्ने विश्वास व्यक्त गरिएको छ ।

## ४.६.२ एकाङ्कीको भाषाशैलीय विश्लेषण

एकाङ्की लघु आकारको अभिनेय विधा हो । "कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण, उद्देश्य आदि एकाङ्कीका संरचक घटक मानिन्छन् ।"[२२] एकाङ्कीमा आकारमा लघुता, पात्रमा सीमितता, गतिमा तीव्रता र कार्यमा एकोन्मुखता हुनु आवश्यक मानिन्छ । **नौलो राँको**मा प्रकाशित एकाङ्कीमध्ये *बस्तीपुर जागिसकेको छ* मा उपर्युक्त लक्षणहरू केही हदसम्म मेल खाए पनि *जन आन्दोलनभित्रका मोडहरू* एकाङ्की निर्धारित मान्यताभन्दा

[२२] हिमांशु थापा, **सहित्य परिचय**, पूर्ववत्, पृ. १०२ ।

फरक किसिमको छ । एकाङ्कीमा सामान्यतः न्यून सङ्ख्यामा पात्रको प्रयोग गरिन्छ तापनि उपर्युक्त एकाङ्कीहरूमा क्रमशः ९ र १४ जना पात्रको प्रयोग हुनु असामान्य अवस्था हो । एकाङ्कीमा सामाजिक तथा राजनीतिक विषयवस्तु चयन गरिएको छ । कथानकमा एकोन्मुखता र कथावस्तुको विकासमा तीव्रता हुनुपर्नेमा त्यस्तो भएको पाइँदैन । *जन आन्दोलनभित्रका मोडहरू* को तुलनामा *बस्तीपुर जागिसकेको छ* एकाङ्कीको कथावस्तुमा एकोन्मुखता र तीव्रता पाइन्छ भने यसको संवाद पनि कसिलो र छरितो छ । एकाङ्कीको भाषा, सरल, सहज, सम्प्रेषणीय र पात्रअनुकूल हुनु आवश्यक छ । संवादमा प्रयुक्त भाषा-शैलीले एकाङ्कीलाई स्वाभाविकता प्रदान गर्दछ । **नौलो राँको**मा प्रकाशित एकाङ्कीको भाषा सरल भए पनि गत्यात्मकता र प्रभावकारिताको कमी पाइन्छ । *बस्तीपुर जागिसकेको छ* एकाङ्कीमा ग्रामीण पात्रअनुकूल 'खोज्याथ्यो', 'शहराँ', 'गऱ्या' जस्ता कथ्य भाषाका शब्द र 'आँखा जुधाउनु', 'जालमा पर्नु' जस्ता टुक्का तथा 'अघि राँड मानिन ऐले राँड जानिन' जस्ता उखानको प्रयोगले एकाङ्कीको भाषालाई स्वाभाविक बनाएको छ । एकाङ्कीको वातावरण विश्वसनीय बनाउनको लागि स्थान, समय र कार्यको अन्विति हुनु आवश्यक हुन्छ । *बस्तीपुर जागिसकेको छ* एकाङ्कीमा जङ्गल, बारी तथा घरका अलग अलग तीन दृश्यले स्थानान्वितिमा बाधा पुगेको छ । त्यस्तै *जन आन्दोलनभित्रका मोडहरू* एकाङ्कीमा पनि भिन्नाभिन्नै स्थानका पाँच दृश्य भएकाले अस्वाभाविकता सिर्जना गरेको छ । एउटै मूल उद्देश्य हुनुपर्ने भन्ने एकाङ्कीको मान्यता अनुरूप *बस्तीपुर जागिसकेको छ* एकाङ्की सफल देखिन्छ भने *जन आन्दोलनभित्रका मोडहरू* एकाङ्कीमा उद्देश्यको एकोन्मुखता पाइँदैन । एकाङ्कीहरू ग्रामीण तथा सहरी दुबै परिवेशमा लेखिएका छन् । सामजिक विकृतिलाई औँल्याउनु र जन आन्दोलनको औचित्य पुष्टि गर्नु एकाङ्कीहरूको उद्देश्य रहेको देखिन्छ ।

## ४.६.२ निष्कर्ष

साहित्यलाई समाजको ऐना पनि भनिन्छ । साहित्यका माध्यमबाट समाजमा देखापरेका विविध समस्याहरूलाई अभिव्यक्त गर्ने कार्य गरिन्छ । *बस्तीपुर जागिसकेको छ* एकाङ्कीका माध्यमबाट नेपाली समाजमा धेरै पहिलेदेखि जरा गाडेर बसेको चेलीबेटी बेचबिखन जस्तो जघन्य अपराधको विषयलाई समस्याको रूपमा अघि सारिएको छ ।

एकाङ्कीमा मानव बेचबिखनमा संलग्न अपराधीलाई पहिचान गरेर नङ्ग्याउन पछि पर्न नहुने सन्देश दिइएको छ । त्यस्तै *जन आन्दोलनभित्रका मोडहरू* एकाङ्कीमा ऐतिहासिक जन आन्दोलन २०६२/६३ का विविध पक्षको राजनीतिक विश्लेषण गरिएको छ । साथै माओवादी दसबर्से जनयुद्धका कमी कमजोरी र यसका सबल पक्षहरूबारे पनि बहस गर्नुपर्ने आवश्यकता औँल्याइएको छ । सरल तथा सहज भाषाशैलीमा विविध पात्रहरूको माध्यमबाट नेपाली समाजका समसामयिक सन्दर्भहरूलाई प्रस्तुत गर्ने कार्य उपर्युक्त एकाङ्कीहरूमा गरिएको छ ।

## ४.७ 'नौलो राँको' मा प्रकाशित समालोचना

साहित्यमा कुनै कृति पढेर गुण दोषको राम्रो विवेचना गर्नु र त्यसका सम्बन्धमा आफ्नो रायसमेत प्रकट गर्नुलाई समालोचना भनिन्छ । "'लोच्', धातुमा 'आ' उपसर्ग र 'ल्युट्' (अन्) प्रत्यय लागेपछि स्त्रीलिङ्गीमा 'टाप्' (आ) प्रत्यय जोडिँदा आलोचना र त्यसमा 'सम्' उपसर्ग थपिँदा समालोचना शब्द बन्दछ ।"[२३] समालोचना, आलोचना, समीक्षा आदि शब्दले एउटै अर्थ बुझाउँछन् तापनि कृतिको मूल्याङ्कनका सन्दर्भमा समलोचना शब्द नै बढी प्रयोग हुन्छ ।

समालोचना कुनै कृतिको व्याख्यापरक मूल्याङ्कन हो । कुनै पनि साहित्यिक कृतिको आफ्नो मूल्य हुन्छ र त्यही सौन्दर्यपरक मूल्यको पारख गर्ने कार्य समालोचनाले गर्दछ । "साहित्यिक कृतिको व्याख्या र मूल्याङ्कन समालोचना हो ।"[२४] जीवन र जगत्को यथार्थ रूप साहित्यले उतार्छ भने साहित्यका प्रत्येक पाटाको अध्ययन समालोचनाले गर्दछ । साहित्यमा हार्दिकता र रागात्मक पक्ष प्रबल हुन्छ भने समालोचनामा बौद्धिकता, तार्किकता र वस्तुपरकताको बाहुल्य रहन्छ । पहिला साहित्यिक कृतिको रचना हुन्छ भने त्यसपछि मात्र कृतिको समालोचना गरिन्छ । त्यसैले कृतिभन्दा समालोचना कान्छो हुन्छ । समालोचनालाई सैद्धान्तिक र व्यावहारिक गरी मुख्यतः दुई वर्गमा बाँडिएको पाइन्छ ।

सैद्धान्तिक समालोचनामा मापदण्डका रूपमा सामान्य सिद्धान्तको निर्माण गरिन्छ । तिनका आधारमा कृतिको वस्तु, रूप आदिलाई केलाउने एवम् कृतिका विशेषताको निरूपण

---

[२३] घनश्याम कँडेल (सम्पा.), **नेपाली समलोचना**, ललितपुर : साझा प्रकाशन, २०५५, पृ. क ।
[२४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १५७ ।

गर्ने प्रयास गरिन्छ । व्यावहारिक समलोचनामा चाहिँ स्थापित सैद्धान्तिक मापदण्डलाई ध्यान दिँदै कृतिका वस्तु, रूप आदि पक्षलाई केलाइन्छ र त्यसैका आधारमा कृतिको मूल्याङ्कन गरिन्छ ।

नेपाली समालोचनाका प्रथम प्रवर्तकका रूपमा मोतीराम भट्टलाई लिइन्छ । उनीपछि सर्वप्रथम पाश्चात्य प्रभावलाई ग्रहण गरी नेपाली समालोचनामा बौद्धिकता र तार्किकताको प्रयोग रामकृष्ण शर्माले गरेका हुन् । नेपाली समालोचनालाई नयाँ दिशा प्रदान गरी उत्तरोत्तर प्रगति गराउन भूमिका खेल्ने अन्य केही प्रमुख समालोचकहरूमा यदुनाथ खनाल, बाबुराम आचार्य, ईश्वर बराल, कृष्णचन्द्रसिंह प्रधान, तारानाथ शर्मा, वासुदेव त्रिपाठी, मोहनराज शर्मा, डि.पि. अधिकारी, गोविन्दराज भट्टराई आदि हुन् ।

नेपाली समालोचाको विकासमा पत्रपत्रिकाहरूको विशेष योगदान रहँदै आएको छ । **गोरखापत्र**, **नेपाली साहित्य सम्मेलन**, **माधवी**, **शारदा**, जस्ता पत्रिकाले नेपाली समालोचनाको प्रारम्भिक चरणको विकासमा उल्लेखनीय मद्दत पुऱ्याएको पाइन्छ । वि.सं. २०२६ देखि चितवनबाट प्रकाशित हुँदै आएको **नौलो राँको** पत्रिकाले पनि समालोचना विधालाई स्थान दिएर यसको विकासमा सहयोग पुऱ्याउँदै आएको छ । **नौलो राँको**मा विभिन्न आठजना समालोचकका आठैवटा समलोचनामूलक लेखहरू प्रकाशित भएका छन् ।

## ४.७.१ 'नौलो राँको' मा प्रकाशित समालोचनाहरूको विश्लेषण

डी.आर. पोखरेलको *भरियाको कथाको कथ्यगत संसार* (४१/९, २०६६) समीक्षात्मक लेखमा मदनमोहन जोशीको **भरियाको कथा** कथा सङ्ग्रहमा सङ्गृहीत आठवटा कथाहरूको समीक्षा गरिएको छ । कथावस्तु, पात्र, परिवेश, उद्देश्य, भषाशैली जस्ता कथा तत्त्वका आधारमा उक्त कथा सङ्ग्रहका कथाहरूको विश्लेषण गरिनुका साथै लेखमा प्रगतिवादी चिन्तनधाराको कसीमा कथाको वैचारिक पक्षको लेखाजोखा पनि गरिएको छ । समीक्षक डी.आर. पोखरेलद्वारा **भरियाको कथा** भित्रका कथाहरूको वैचारिक पक्ष सबल रहेको र यसबाट सर्वहारा वर्गीय विचारलाई कथ्यका रूपमा बढाउन चाहेको भए पनि कथामा कलापक्ष निकै कमजोर रहेको र कतिपय कथाको शीर्षकमा पनि तालमेल नमिलको कुरा उल्लेख गरिएको छ ।

ताराकान्त पाण्डेयको *उदात्तको पतन : सन्दर्भ समकालीन सिर्जना* (३१/७, २०५६) समालोचनामा नारायण ढकालको उपन्यास **पीत संवाद**मा प्रयुक्त उदात्त पात्रको पतनको सन्दर्भमाथि विवेचना गरिएको छ । प्रस्तुत समालोचनामा **पीत संवाद** उपन्यासको पात्र विन्यासअनुरूप 'नवीनकुमार' नामक आदर्श पात्र आफ्नो कार्यक्षेत्रमा असफल भई अन्त्यमा प्रतिगमन वा व्यभिचारको थलोतिर फर्किएको विषयलाई मूल समस्याको रूपमा लिइएको छ । लेखमा समाजवादी यथार्थवादी रचना संसारमा एकथरी लेखक स्रष्टाहरू यथार्थको केन्द्रमा पस्न नचाहने, परिधिमा बसेर तथा सीमित र खण्डित सर्वेक्षणबाट समष्टि यथार्थको चित्रण गर्ने भएकाले वास्तवमा आज समाजवादी यथार्थवादी रचनामा उदात्त पात्रको प्रारूपीकरण कसरी गर्ने भन्ने प्रश्न अत्यन्त जटिल बन्दै गएको कुरा व्यक्त गरिएको छ । लेखमा आजको परिवेशमा उदात्त पात्र र उदात्त सन्दर्भप्रति विश्वस्त नहुने र भविष्यप्रति पनि सशङ्कित हुने एउटा शङ्का रोगले कतिपय स्रष्टाहरूलाई गाँजेको र त्यसकै परिणामस्वरूप उनीहरूका रचनामा उदात्तको प्रारूपीय पुनर्निर्माण ओजपूर्ण किसिमले हुन नसकेको बरु यथार्थवादी चित्रणका नाममा प्रायः फोटोकपीमूलक प्रकृतवादी-यथार्थवादी प्रवृत्तिका रचनाहरूको निर्माण देखापरेको उल्लेख गर्दै पात्रविधानको यस पक्रियाबारे बहस नै चलाउनुपर्ने आवश्यकता औँल्याइएको छ ।

द्वारिका नेपालको *मदनमोहन जोशी र उनका राजनीतिक तीन पुस्तक* (४१/९, २०६६) लेखमा मदनमोहन जोशीले प्रकाशित गरेका तिनवटा पुस्तकको परिचय दिइएको छ । लेखमा जोशीले २०१० तिर **मूलबाटो** पत्रिकामा *फोहर* शीर्षकको कविता छपाई साहित्यिक यात्रा सुरु गरेको र उनका जम्मा आठवटा मौलिक कृति र सातवटा अनूदित कृति प्रकाशित भएको कुरा उल्लेख गरिएको छ । *पुस्तक समीक्षा* उपशीर्षक दिएर प्रस्तुत लेखमा **कम्युनिष्ट के चाहन्छन् ?**, **प्रारम्भिक कम्युनिष्ट शिक्षा भाग एक** र **प्रारम्भिक कम्युनिष्ट शिक्षा भाग दुई** नामक तीन पुस्तक जोशिलो प्रकाशनबाट प्रकाशित भएकोमा **प्रारम्भिक कम्युनिष्ट शिक्षा भाग एक** पाल्पाका प्रकाशलाल श्रेष्ठले अनुवाद गरेको र बाँकी दुईवटा पुस्तक मदनमोहन जोशीले हिन्दीबाट अनुवाद गरी प्रकाशित गरेको कुरा उल्लेख गरिएको छ । प्रस्तुत लेखलाई समीक्षा भनिएको भए तापनि उपर्युक्त पुस्तकहरूको आवरण, पृष्ठसङ्ख्या, प्रकाशकीय र पुस्तकभित्रका केही शीर्षकहरूको चर्चा गरी पुस्तक परिचय दिने

कार्य गरिएको छ भने पुस्तकमा दिइएको मूल विषयवस्तुको बारेमा खासै चर्चा गरिएको छैन ।

धनेश्वर भट्टराईको *हो चि मिन्हभित्रका मदनमोहन जोशी* (४१/९, २०६६) समीक्षात्मक लेखमा मदनमोहन जोशीद्वारा लिखित भियतनामी कम्युनिस्ट नेता हो चि मिन्हको जीवनीबारेको पुस्तक **हो चि मिन्ह** को समीक्षा गरिएको छ । समीक्षालाई छवटा उपशीर्षकमा विभाजन गरी पहिलो उपशीर्षक 'परिचयमा' मदनमोहन जोशीको बहुमुखी व्यक्तित्वको परिचय दिइएको छ भने दोस्रो उपशीर्षक 'साहित्यकारका रूपमा' मा जोशीको साहित्यिक व्यक्तित्वको परिचय दिँदै उनले लेखक, सर्जक, प्रकाशक र विक्रेतासमेत बनेर चितवनको साहित्यिक वातावरणलाई हुर्काउन र अघि बढाउन सहयोग गरेको कुरा उल्लेख गरिएको छ । लेखको उपशीर्षक तीनमा **हो चि मिन्ह** पुस्तकबारे परिचय दिइएको छ भने चौथो उपशीर्षकमा जीवनीनायकको अवमूल्यन वा अधिमूल्यन हुनु अन्यथा हुने जनाउँदै जीवनी लेख्ने लेखक निकै सजग हुनुपर्ने तथ्य अघि सारिएको छ । पाँचौँ उपशीर्षक 'जीवनी नायकका बारेमा' मा हो चि मिन्हको परिचय दिँदै उनले देश विदेश घुम्दै भियतनामी स्वतन्त्रता सङ्ग्रामको लागि अथक् परिश्रम गरको र २१ वर्षसम्म अमेरिकासँग युद्ध लडी जित हात पारेको चर्चा गरिएको छ । अन्तिम तथा छैटौँ उपशीर्षक 'निष्कर्ष' मा प्रस्तुत हो चि मिन्हको जीवनीबारेको पुस्तक नेपाली भाषामा लेखिएका राम्रा र पढ्नुपर्ने पुस्तकमध्येको एक मान्दै देशप्रति निष्ठावान् र जनताप्रति कर्तव्यपरायण हुने सन्दर्भ र सन्देश यसमा पाइने कुरा बताइएको छ ।

पूर्णबहादुर अधिकारीको *अनुवादक मदनमोहन जोशी र वहाँको जनताको सेवा गर पुस्तकबारे एक छोटो टिप्पणी* (४१/९, २०६६) पुस्तक परिचयसम्बन्धी लेख हो । प्रस्तुत समीक्षात्मक लेखमा जोशीद्वारा अनूदित पुस्तक **जनताको सेवा गर** बारे छोटकरीमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तक चिनियाँ साहित्यबारेको अङ्ग्रेजी भाषामा लेखिएको पुस्तकबाट जोशीले अनुवाद गरेको र यो प्रथम पटक २०३० सालमा प्रकाशित भएको उल्लेख गरिएको छ । प्रस्तुत पुस्तकको पहिलो लेख चिनियाँ क्रान्तिका एक महान् योद्धा कमरेड चाङ जु-ते को संस्मरणसँग सम्बन्धित रहेको र उनको सङ्घर्षशील, साहसी र इमान्दार व्यक्तित्वको सुन्दर चित्र प्रस्तुत गरिएको कुरा उल्लेख छ । त्यस्तै पुस्तकको दोस्रो लेख चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिका विभागहरूको बैठकमा अध्यक्ष माओले दिनुभएको

वक्तव्यका बारेमा भएको र यो वक्तव्य लेख कमरेड जु-ते कै सम्झनामा पढिएको उल्लेख छ । तेस्रो रचना कविता भएको र यसको शीर्षक *चाङ जु-ते को राम्रो अनुसरण गर* रहेको तथा यो कविता चाङबाट प्रभावित एक मजदुरले लेखेको बताइएको छ । अन्त्यमा प्रस्तुत **जनताको सेवा गर** पुस्तक सङ्क्षिप्त र पठनीय रहेका उल्लेख गर्दै मदनमोहन जोशीको जीवनी र उनका पुस्तकहरूबाट प्रशस्त प्रेरणा प्राप्त गर्न सकिने कुरा उल्लेख गरिएको छ ।

भागवतशरण न्यौपानेको *विसङ्गत समाजलाई सुसङ्गत पार्ने असफल प्रयत्न* (३१/७, २०५६) चितवनका शास्त्रीय छन्दवादी कवि पोषराज पौडेलको **पागल-प्रलाप** कृतिबारे गरिएको समीक्षा हो । लेखमा कवि पौडेलका प्रकाशित कृतिहरूले उनलाई प्रगतिशील साहित्यिक फाँटका उदीयमान प्रतिभा र अथक साधकको रूपमा उभ्याएको प्रतीत हुने र उनको **पागल-प्रलाप** काव्यकृतिले नेपालको समसामयिक अवस्थाको यथार्थबोध गराउने कुरा उल्लेख छ । लेखमा **पागल-प्रलाप**मा विभिन्न शास्त्रीय छन्दको सफल प्रयोग भएकाले पौडेल आफ्ना अनुभूतिलाई सरल पद्यमा प्रस्तुत गर्न सक्षम भएको कुरा पुष्टि भएको उल्लेख छ । **पागल-प्रलाप** कृतिको काव्यनायक 'पागल' एकतन्त्रीय जहानियाँ राणाशासनको क्रूर पञ्जा र पञ्चायती कालरात्रिको त्रासदी क्षणबाट मुक्ति पाए पनि पुनः प्राप्त प्रजातन्त्रपछिको वर्तमान अवस्थाबाट सन्तुष्ट र आश्वस्त हुन नसकी विभिन्न विकृति र बेथितिहरूलाई गल्ली, चोक र हाटबजारमा ओकल्दै हिँडेको र देशको निम्ति समर्पित हुँदै इहलीला समाप्त पारेको कुरा लेखमा उल्लेख गरिएको छ ।

विष्णुप्रसाद सापकोटाको *यात्रा मुक्ति शिखरको कविता सङ्ग्रहमा एक क्षण* (३१/७, २०५६) समलोचनामा कवि चेतकान्त चापागाईं रचित **यात्रा मुक्तिशिखरको** कविता सङ्ग्रहको कृतिपरक विश्लेषण गर्दै कवि चापागाईंका कविता आलोचनात्मक प्रकृतिका भएको बताइएको छ । कवि चापागाईं राष्ट्र, राष्ट्रियता, समाज, संस्कृति, दुःख र पीडा आदि अनेक भावहरूलाई कुशलतापूर्वक छन्दमा ढाल्न सिपालु भएको उल्लेख गर्दै **यात्रा मुक्ति शिखरको** कविता सङ्ग्रहभित्रका कवितालाई छन्दका आधारमा वर्गीकरण पनि गरिएको छ । अन्त्यमा समसामयिकताबोध कविको युगीन संचेतना भएको र यो प्रवृत्ति सबै स्रष्टामा नपाइने उल्लेख गर्दै विचार, भाषाशैली, प्रतीक, छन्द, भाव, शीर्षक आदिबारेको आफ्नो यस सामान्य चर्चाले **यात्रा मुक्तिशिखरको** कविता सङ्ग्रहको गहिराई छिचोल्न नसक्ने समालोचकको स्वीकारोक्ति प्रकट भएको छ ।

होमनाथ सापकोटाको *देवराज पौडेलको गीतिसङ्ग्रह गणतन्त्र जिन्दावाद : अन्तर्वस्तु विश्लेषण* (३९/८, २०६४) समालोचनामा देवराज पौडेललाई बहुविद् व्यक्तित्वका रूपमा चिनाउँदै उनको **गणतन्त्र जिन्दावाद** गीति सङ्ग्रहमा सङ्गृहीत गीतहरूको विश्लेषण गरिएको छ । प्रस्तुत लेखलाई विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी पहिलो 'व्यक्तित्व' शीर्षकमा पौडेलको सामान्य व्यक्तित्वका बारेमा र दोस्रो 'शैक्षणिक व्यक्तित्व शीर्षकमा उनका रचनात्मक शैक्षणिक कार्यहरूको चर्चा गरिएको छ । तेस्रो शीर्षक कविको स्रष्टा व्यक्तित्वसँग सम्बन्धित छ र यसमा उनले तयार गरेका शैक्षणिक सामग्री र गीत, कविता एवम् विभिन्न पुस्तकहरूको विवरण दिइएको छ भने चौथो शीर्षकमा **गणतन्त्र जिन्दावाद** गीति सङ्ग्रहको अन्तर्वस्तु विश्लेषण गरिएको छ । यसअन्तर्गत विभिन्न उपशीर्षकहरू राखेर प्रस्तुत कृतिको संरचना, लय, भाव आदिको विश्लेषण गरी अन्त्यमा उपसंहारसमेत दिइएको छ । प्रस्तुत समालोचनामा बौद्धिक जगत्लाई भन्दा जनसाधारणको लयलाई समातेर राजतन्त्रको अन्त्य र जनगणतन्त्रको स्थापना गर्नु नै  २०६२/६३ को जनआन्दोलनको मूल मर्म र वर्तमानको आवश्यकता भएको सन्देश दिनु नै उपर्युक्त कृतिको मुख्य अन्तर्वस्तु भएको निष्कर्ष निकालिएको छ ।

## ४.७.२ निष्कर्ष

समालोचनाले कृतिको संरचनामा संश्लिष्ट भएर रहेका विविध कुराहरूको सङ्गति-विसङ्गतिबारे परीक्षण गर्छ र निष्कर्ष निकाल्छ । सिर्जनात्मक साहित्यको व्याख्या एवम् विवेचना गर्नु र त्यसका गुणदोषलाई केलाउनु अनि त्यसको मूल्य र महत्त्वलाई स्पष्ट पारेर कृतिलाई बोधगम्य बनाउनुका साथै कृति एवम् कृतिकारको मूल्याङ्कन गर्नु समेत समालोचनाको कार्य हो ।

**नौलो राँको** पत्रिकाले सिर्जनात्मक रचनाहरूको साथसाथै समालोचनात्मक लेखहरूलाई पनि महत्त्वका साथ स्थान दिएको छ । **नौलौ राँको**मा केही वरिष्ठ समालोचकदेखि लिएर उदीयमान समालोचकहरूका समालोचनात्मक सामग्रीहरूलाई पनि उत्तिकै स्थान दिइएको छ । केही समलोचनात्मक लेखहरू उच्च बौद्धिकतायुक्त छन् भने केही सामान्य खालका पनि छन् । यहाँ प्रकाशित भएका समालोचनात्मक रचनाहरू

वस्तुवादी, भाषावादी तथा अन्तर्विषयक जस्ता समालोचना प्रणालीका आधारमा तयार गरिएका छन् भने कुनै लेखमा समालोचकीय व्यक्तित्वका बारेमा चर्चा गरिएको छ ।

**नौलो राँको**मा प्रकाशित विभिन्न समालेचनात्मक लेखहरूमध्ये डी.आर. पोखरेलको *भरियाको कथाको कथ्यगत संसार* (४१/९, २०६६) लाई सैद्धान्तिक समालोचनाको उदाहरणका रूपमा लिन सकिन्छ । यसमा समालोचनाको सामान्य सिद्धान्तको आधारमा कथाका वस्तु, रूप आदि पक्षलाई केलाउने प्रयास गरिएको छ भने अर्कोतर्फ यसमा प्रगतिवादी चिन्तनधाराको कसीमा कथाको वैचारिक पक्षको लेखाजोखा गर्ने कार्य पनि गरिएको छ । ताराकान्त पाण्डेयको *उदात्तको पतन : सन्दर्भ समकालीन सिर्जना (१)* (३१/७, २०५६) मा समाजवादी, यथार्थवादी रचना-पद्धतिका कोणबाट पात्रको वैचारिकताको विश्लेषण गरिएको छ । द्वारिका नेपालको *मदनमोहन जोशी र उनका राजनीतिक तीन पुस्तक* कृति र कृतिकारको सामान्य परिचय दिने लेख हो भने धनेश्वर भट्टराई, पूर्णबहादुर अधिकारी, भागवतशरण न्यौपाने, विष्णुप्रसाद सापकोटा, होमनाथ सापकोटाका समालोचनाहरू कृतिपरक विश्लेषण गरिएका समालोचनात्मक लेखहरू हुन् ।

## ४.८ विविध

खास विधाअन्तर्गत समेट्न नसकिने विभिन्न लेख तथा रचनाहरू पनि **नौलो राँको**मा प्रकाशित भएका छन् । यसका विभिन्न अङ्कहरूमा आठजना स्रष्टाहरूका जम्मा नौवटा रचनाहरूलाई यहाँ विविध शीर्षकअन्तर्गत राखेर सङ्क्षेपमा चर्चा गरिएको छ । त्यस्ता रचनाहरूमा चिठी, व्यक्तित्व चर्चा, अन्तको साहित्य, इतिहास, आलेख, ज्योतिष आदि छन् ।

### ४.८.१ लेख रचनाहरूको विश्लेषण

कपिल अज्ञातको *वर्गीय चरित्र, मूर्धन्य व्यक्ति : मदनमोहन जोशी* (४१/९, २०६६) लेखमा मदनमोहन जोशीका व्यक्तिगत स्वभाव र रुचिहरूको चर्चा गर्दै “मिलेर चल, एकै स्वरमा मिलेर बोल र आफ्नो मनले एकै दिशामा सोच, दाहिने हातमा कर्म छ भने बायाँ हातमा विजय छ” भन्नेजस्ता ऋग्वेदीय र अथर्ववेदीय भावहरू जोशीको जीवनमा चरितार्थ

भएको बताइएको छ । यसै गरी लेखमा जोशीको शारीरिक बनोट, स्वभाव, सुख दुःख, मान सम्मान आदि सबै ग्रहगोचर अनुसार नै भएको बताउँदै लग्नमा स्थित शुक्र र बुधले श्रेष्ठ व्यक्तित्व दर्साउने जोशी वाग्वैभवशाली हुँदाहुँदै तथा शिक्षा, साहित्य, राजनीति, धर्म, संस्कृति आदि समाजका विभिन्न क्षेत्रमा विशिष्ट यागदान दिएर पनि राज्यका तर्फबाट कुनै सम्मान नगरिनुलाई उदेकलाग्दो विषयको रूपमा लिइएको छ ।

नारायण सापकोटाको *मदनमोहन जोशी : व्यक्ति एक व्यक्तित्व अनेक* (४१/९, २०६६) लेखमा मदनमोहन जोशीलाई चितवनका अग्रणी लेखकका रूपमा लिइएको छ । साथै अन्य विविध क्षेत्रमा जोशीको सक्रिय सहभागिता रहेको जनाउँदै उनले २०१३ सालमा नारायणगढ बजार विकास समितिको सचिवको रूपमा, २०१४ सालमा भरतपुर टाउन प्लानिङ कमिटीको सचिवको रूपमा, २०१९ मा भरतपुर गाउँ पञ्चायतको प्रधानपञ्चको रूपमा, २०२२ मा नेपाल युवक सङ्गठनको सभापतिको रूपमा रहेर महत्त्वपूर्ण कार्यहरू सम्पन्न गरेको कुरा बताइएको छ । त्यस्तै जोशीले अनूदित र मौलिक गरी जम्मा १५ वटा साहित्यिक कृति प्रकाशित गरेको र साहित्यको क्षेत्रमा उनले कवि, कथाकार, समालोचक, सम्पादक, अनुवादक आदिको रूपमा भूमिका निर्वाह गरेको कुरा उल्लेख गरिएको छ । राजनीतिक क्षेत्रमा पनि जोशीको उल्लेख्य योगदान रहेको भन्दै २०११ मा बन्दीपुरमा कम्युनिस्ट पार्टीको सचिव भएर काम गरेको २०१४ मा चितवनमा कम्युनिस्ट पार्टीको स्थापना गर्नमा उनको महत्त्वपूर्ण हात रहेकोले उनलाई चितवनको इतिहासको रूपमा लिनुपर्ने राय प्रकट गरिएको छ ।

निकोलाइ ओस्त्रोब्स्की (अनु. खगेन्द्र सङ्ग्रौला) को *मेरा सपनाहरू* (२/३, २०२७) लेख **कोम्सोमोल्स्काया प्राद्वा** भन्ने समाचार पत्रको साहित्य फाँटका मेनेजर एस.व्रेगुवसँगको कुराकानी भएको कुरा अनुवादकद्वारा उल्लेख गरिएको छ । लेखमा मेनेजर व्रेगुवद्वारा तपाईँका सपनाहरू के के हुन् भनी रुसी साहित्यकार निकोलाइ ओस्त्रोब्स्कीलाई सोधिएकोमा उनले आफूले जीवनसम्बन्धी प्रशस्त जीवन्त सपनाहरू देख्ने गरेको र ती सपनाहरू असम्भव नभएको बताएको कुरा उल्लेख छ । त्यसै गरी लेखमा पीडा र दुःखमाथिको विजयभन्दा रमाइलो कुरा अरू केही नभएको र जिउँदो हुनुको अर्थ सास फेर्नु मात्र नभई सङ्घर्ष र विजय पनि भएको उल्लेख छ ।

प्रबोधसिंह थारू, नवीनबहादुर 'नेपाल', रामानुग्रह र सुरेन्द्रचन्द्र श्रेष्ठले मस्कोबाट लेखेको **नौलो राँको**को प्रथम अङ्कबारेको टिप्पणीलाई *पाठक भेटवार्ता* (१/२, २०२६) शीर्षकमा प्रकाशित गरिएको छ । उपर्युक्त नामधारी पाठकहरू मस्कोमा बसेर अध्ययन गर्ने नेपाली विद्यार्थी रहेको र नेपालमा **नौलो राँको** जस्तो प्रगतिशील विचारको पत्रिका प्रकाशित भएकोमा उनीहरूलाई अत्यन्त खुसी लागेको कुरा लेखमा व्यक्त गरिएको छ । साथै स्तरीय रचना प्रकाशित गर्न **नौलो राँको** प्रकाशनलाई आग्रह गर्दै आफूहरू पत्रिकालाई आर्थिक सहयोग गर्न तत्पर रहेको समेत जानकारी दिइएको छ ।

भवनाथ सडौलाको *साहित्य सङ्गम चितवन र मदनमोहन जोशीको सम्बन्ध* (४१/९, २०६६) आलेखमा *साहित्य सङ्गम चितवन* चितवनका प्रगतिवादी स्रष्टाहरूको साझा फूलबारीको रूपमा रहेको र यो **दोभान** (२०५५), **नौलो राँको** (२०२६) जस्ता प्रगतिवादी पत्रिका प्रकाशित गर्ने मदनमोहन जोशीलगायत केही अगुवा स्रष्टाहरूको कठोर परिश्रमको फलस्वरूप स्थापना हुन सम्भव भएको बताइएको छ । लेखमा  जोशीको घरमा उनकै सक्रियतामा २०२५ चैत्र २३ गते बसेको चितवनका केही सचेत प्रगतिवादी साहित्यकारहरूको भेलाबाट **नौलो राँको** प्रकाशित गर्ने निर्णय भएको उल्लेख गरिएको छ । त्यसै गरी २०४४ सालमा जोशीकै संयोजकत्वमा साहित्य सङ्गम चितवन नामक संस्था स्थापना गरिएको र २०४७ सालमा संस्थाको पहिलो अधिवेशनबाट मदनमोहन जोशी अध्यक्षको रूपमा चयनित भएको, जोशीले यसलाई कुशल नेतृत्वसमेत प्रदान गरेको र पछि संस्थाको आजीवन सल्लाहकारको रूपमा रही साहित्य सङ्गम चितवनलाई फुलाउन फलाउन महत्त्वपूर्ण योगदान दिएकाले साहित्य सङ्गम चितवन र मदनमोहन जोशीलाई एक अर्काका पर्यायका रूपमा स्विकारिएको छ ।

मदनमोहन जोशीको *नौलो राँको र साहित्य सङ्गम चितवनको सम्बन्ध* (३९/९, २०६४) ऐतिहासिक लेखमा २०२५ साल चैत्र २३ गते जोशी पुस्तक भवन नारायणगढमा केही उत्साही युवाहरूको सक्रियतामा **नौलो राँको** साहित्यिक पत्रिका प्रकाशन गर्ने निर्णय गरिएको र सोही अनुसार २०२६ असारमा नौलो राँकोको पहिलो अङ्क, २०२६ माघमा दोस्रो अङ्क र २०२७ कार्तिकमा तेस्रो अङ्क प्रकाशित गरिएको बताइएको छ र ती अङ्कहरूमा चितवनका प्रगतिवादी स्रष्टाहरूका स्तरीय र मार्मिक रचनाहरू प्रकाशित भएको चर्चा गरिएको छ । लेखमा **नौलो राँको**को चौथो अङ्क (२०२८) को प्रकाशनका क्रममा पञ्चायती

शासकहरूको वक्रदृष्टि पर्न गई केही प्रतिहरू जफत गरेर क्षति पुऱ्याएको र २०३० मा यसको पाँचौं अङ्क प्रकाशित हुँदा प्रायः सबै प्रतिहरू प्रेसबाटै जफत भएपछि पत्रिकाको निरन्तर प्रकाशनमा बाधा उत्पन्न भई यसका प्रकाशक तथा सम्पादकहरू पनि राजनीतिक कारणले गर्दा लाखापाखा लाग्नुपर्ने स्थिति उत्पन्न भएको बताइएको छ । तत्पश्चात् **नौलो राँको**को प्रकाशनमा लामो समयसम्म व्यवधान उत्पन्न भए पनि २०४४ सालमा जोशीको संयोजकत्वमा साहित्य सङ्गम चितवनको विधिवत् गठन भएपछि यसैको पुखपत्रको रूपमा **नौलो राँको**लाई पुनः प्रकाशित हुने अवसर प्राप्त भएको कुरा लेखमा उल्लेख छ । २०४७ मा साहित्य सङ्गम चितवनको प्रथम अधिवेशनले मदनमोहन जोशीलाई कार्यसमितिको अध्यक्षमा चयन गरेको र त्यसपछि हरिहर खनाल, रविकिरण निर्जीव, पोषराज पौडेल, डी.आर. पोखरेल, इन्द्र रेग्मीलगायतले साहित्य सङ्गम चितवनको नेतृत्व सम्हालेको उल्लेख गर्दै यसै संस्थाको मुखपत्रको रूपमा **नौलो राँको**का विभिन्न अङ्कहरू प्रकाशित हुँदै आएको कुरा उक्त लेखमा बताइएको छ । यसरी **नौलो राँको** पत्रिका र साहित्य सङ्गम चितवनको अन्योन्याश्रित सम्बन्ध रहँदै आएको उल्लेख गर्दै समाजलाई अग्रगतितर्फ फड्को मार्न सक्ने बनाउन र परिवर्तनकारी कार्यमा उक्त सम्बन्धको निरन्तरता आवश्यक भएको उल्लेख गरिएको छ ।

मदनमोहन जोशीको *चितवनको सङ्क्षिप्त इतिहास* (४१/९, २०६६) लेखलाई साहित्यिक इतिहास भनी प्रकाशित गरिएको छ तापनि यसमा साहित्यिक चर्चा कम र चितवनको समग्र इतिहाससम्बन्धी विविध चर्चा बढी गरिएको छ । प्रस्तुत लेखमा आधुनिक चितवनको विकासको प्रारम्भिक अवस्थाको समग्र चित्र उतार्ने प्रयास गरिएको छ । चितवनको भौगोलिक सिमानाको किटान गर्दै लेखमा प्राचीन समयमा पनि चितवनमा मानव बस्ती रहेको र कतिपय भग्नावशेषहरूको अध्ययनबाट उक्त मानव बस्ती सभ्य र सुसंस्कृत रहेको सहजै अनुमान गर्न सकिने विचार प्रकट गरिएको छ । लेखमा चितवनका पुराना बासिन्दा आदिवासी थारू, दरै र कुमाल जाति रहेको उल्लेख गर्दै आधुनिक चितवनको विकास हुनुपूर्व यहाँ उपर्युक्त तीन जातिकै बाहुल्य रहेको बताइएको छ भने विशेषतः थारू जातिको रीति, संस्कृति, पेसा, धर्म, शारीरिक बनोट आदिबारेमा विस्तृत चर्चा गरिएको छ । २००९/१० सालदेखि २०२८ सम्म चितवनमा भए गरेका मुख्य कार्यहरूको विवरण उल्लेख गर्दै लेखमा २००९ सालमा चितवनमा पहिलोपटक कृषि सहकारी समितिको

गठन भएको, २०११ मा राप्ती दून विकास विभागले काम सुरु गरेको, २०१३ मा कृषि प्रदर्शन फारामको स्थापना भएको, त्यसरी नै २०१६ मा नारायणगढ व्यापार सङ्घ गठन भएको, २०१६ सालमा चितवनको सदरमुकाम उपरदाङ गढीबाट भरतपुरमा सरेको उल्लेख गरिएको छ ।

चितवनको शैक्षिक इतिहासको चर्चा गर्दै लेखमा २०११ सालसम्म पहाडी भेगमा एउटा भाषा पाठशाला र नारायणगढमा एक प्राइमरी स्कुल मात्र रहेको चर्चा गर्दै जोशीले आफू विद्यालयको सचिव भई उक्त प्राइमरी स्कुललाई २०१८ मा हाइस्कुल बनाएको, २०२२ मा वीरेन्द्र इन्टर कलेज स्थापना गर्न सहयोग पुऱ्याएको उल्लेख गरिएको छ । वि.सं. २०२२ मा चितवनको रामपुरमा देशव्यापी साहित्य सेमिनार भएको अनि त्यसै सिलसिलामा देवघाटमा नदीको मझधारमा डुँगामा बसी तत्कालीन राजा महेन्द्रको उपस्थितिमा कविता गोष्ठी सम्पन्न भएको र उक्त कुरा नेपालको एक ऐतिहासिक घटना भएको चर्चा गरिएको छ । लेखमा चितवनको प्रसिद्ध जङ्गल र यहाँका जङ्गली जन्तु, चराचुरुङ्गीको चर्चा गर्नुका साथै चितवन नेपालका लागि एउटा परीक्षणस्थल भएको भन्दै भूमिसुधार, नयाँ शिक्षा (रा.शि.प.यो) २०२८, अनिवार्य निःशुल्क शिक्षा, सहकारी गठन आदि चितवनबाटै परीक्षणका रूपमा प्रथम पटक थालनी भएको कुरा उल्लेख गरिएको छ ।

रामप्रसाद पोखरेलले झापाबाट लेखेको *पाठक प्रतिक्रिया* (१/२, २०२६) मा **नौलो राँको**को प्रथम अङ्क (सामयिक भेट) पढ्ने मौका प्राप्त भएकोमा **नौलो राँको** प्रकाशनलाई धन्यवाद दिँदै प्रगतिशील (मर्क्सवादी) र यौन मनोविश्लेषणवादी (फ्रायडवादी) गरी दुई विचारधाराका साहित्य पाइने भन्दै प्रगतिशील साहित्य नै असल साहित्य भएको विचार व्यक्त गरिएको छ ।

श्रीभक्त अच्युत वाग्लेको *मदनमोहन जोशीको सम्झनामा दुई चार शब्द* (४१/९, २०६६) शीषकको चिठीमा साहित्य सङ्गम चितवनका अध्यक्षलाई सम्बोधन गर्दै मदनमोहन जोशीको वार्षिक पुण्य तिथिको अवसर पारेर प्रकाशित हुन लागेको जोशी स्मारिकामा आफूले पनि दुईचार शब्द लेख्न पाएकोमा खुसी व्यक्त गरिएको छ । साथै लेखमा मदनमोहन जोशी अध्ययन र अध्यापन कार्यमा रुचि राख्ने, साहित्य र राजनीति दुबै क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाइसकेका एक शालीन व्यक्तित्व भएको विचार व्यक्त गरिएको छ ।

साहित्य सङ्गम चितवनको तर्फबाट *इतिहासको उत्खनन* (३१/७, २०५६) शीर्षकमा **नौलो राँको** र साहित्य सङ्गम चितवनको जन्मको विषयमा लेख प्रकाशित गरिएको छ । उक्त लेखमा २०२५ वि.सं.को हिउँदमा चितवनका केही उत्साही कवि-लेखकहरू मदनमोहन जोशीको घरमा भेला भई प्रगतिशील विचारको प्रतिनिधित्व गर्ने साहित्यिक पत्रिकाको प्रकाशन गर्ने निर्णय गरेअनुसार **नौलो राँको**को प्रकाशन आरम्भ भएको उल्लेख गरिएको छ । चितवनको प्रगतिशील साहित्यको फाँटमा **नौलो राँको** प्रथम ऐतिहासिक अभिलेखको रूपमा दरिएको भन्दै वि.सं. २०२६ देखि २०२८ सम्म यसका चारवटा अङ्क प्रकाशित भई यसले चितवनवासीका आँखा खोल्ने कार्य गरेको भए तापनि यसको पाँचौँ अङ्कको प्रकाशनका क्रममा पञ्चायती क्रूर प्रशासकहरूको वक्रदृष्टि पर्न गई यसका सम्पूर्ण प्रतिहरू जफत भएपछि केही समयका लागि **नौलो राँको**को प्रकाशन बन्द भएको उल्लेख गरिएको छ । लामो अन्तरालपछि प्रगतिशील लेखक सङ्घको प्रेरणा र **नौलो राँको**का कर्मीहरूको पुनर्जागरणद्वारा २०४४ सालमा साहित्य सङ्गम चितवन नामक संस्था गठन भई यसैको मुखपत्रको रूपमा **नौलो राँको** निरन्तर प्रकाशित हुँदै आएको कुरा उक्त लेखमा उल्लेख गरिएको छ । बेलाबेलामा सम्पन्न भएका साधारण सभाले चयन गरेअनुसार मदनमोहन जोशी, हरिहर खनाल, रविकिरण निर्जीव, इन्द्रप्रसाद रेग्मी, भवनाथ सडौला लयागतका व्यक्तिहरूले यसको अध्यक्ष भई आफ्नो जिम्मेवारी पूरा गरिसकेको चर्चा लेखमा गरिएको छ । सङ्गमले प्रतियोगितात्मक र सामान्य गरी दुई प्रकारका साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको र साहित्य सङ्गम चितवनका परिवार सदस्यहरूमा त्याग र यसका समस्त साधारण सदस्यहरूमा सचेष्टता भएमा यो गतिशील भई प्रगतिशील साहित्य उन्नत हुँदै जाने कुरामा विश्वस्त रहन सकिने विचार यस लेखमा व्यक्त गरिएको छ ।

## ४.८.२ निष्कर्ष

विविध शीर्षकअन्तर्गत राखिएका रचनाहरूमा चिठीपत्रदेखि लिएर व्यक्तित्व चर्चा, ज्योतिषसम्बन्धी लेख, अन्तको साहत्यि, पाठक भेटवार्ता साहित्यिक इतिहास, आलेख आदि लेखरचनाहरू समावेश गरिएका छन् । ज्योतिषसम्बन्धी लेखमा ज्योतिषीय दृष्टिकोणबाट मदनमोहन जोशीको जीवनवृत्तलाई केलाउने कार्य गरिएको छ भने व्यक्तित्व चर्चासम्बन्धी लेखमा पनि मदनमोहन जोशीकै व्यक्तित्वका विभिन्न पाटाहरूको विश्लेषण गरिएका छन् ।

अन्तको साहित्य (विश्वसाहित्य) सम्बन्धी लेखमा प्रसिद्ध रसियन साहित्यकार निकोलाई ओस्त्रोब्स्कीका जीवन सम्बन्धीका प्रेरणादायी कथनहरू समावेश गरिएका छन् । पाठक भेटवार्ताअन्तर्गत **नौलो राँको** पत्रिकाका अङ्कहरू पढेपछि पाठकद्वारा यसबारेमा गरेका टिप्पणीहरूलाई सम्मानका साथ समावेश गरिएको छ । साहित्य सङ्गम चितवन र मदनमोहन जोशीको सम्बन्ध आलेखमा जोशीद्वारा **नौलो राँको** पत्रिकाको प्रकाशन सम्बन्धी गरिएका कार्यहरूदेखि लिएर साहित्य सङ्गम चितवनको स्थापनामा खेलेको भूमिका र तत्पश्चात्को उनको योगदान सम्बन्धी चर्चा गर्दै मदनमोहन जोशी र साहित्य सङ्गम चितवनको अन्योन्याश्रित सम्बन्ध रहेको उल्लेख गरिएको छ । त्यसै गरी एक अर्को लेखमा साहित्य सङ्गम र **नौलो राँको** पनि एक अर्काका पूरक रहेको बताइएको छ भने इतिहास सम्बन्धी लेखमा **नौलो राँको** र साहित्य सङ्गम चितवनको स्थापनाका बारेमा प्रस्ट्याउने कार्य गरिएको छ ।

## ४.९ 'नौलो राँको' को अप्राप्त पाँचौं अङ्कका रचनाहरूका सम्बन्धमा

मदनमोहन जोशीको आह्वानमा बसेको तत्कालीन चितवनबासी केही प्रगतिशील विचारधाराका नवयुवकहरूको भेलाले गरेको निर्णयअनुसार २०२६ देखि **नौलो राँको**को प्रकाशन हुन थालेको कुरा जोशीद्वारा विभिन्न लेखहरूमा व्यक्त गरिएको छ । **नौलो राँको** प्रगतिवादी विचारधाराको संवाहक भएकाले यसमाथि पञ्चायती शासकहरूको विशेष निगरानी रहनु कुनै आश्चर्यको कुरा नभएको र चौथो अङ्कलाई छापाखानाबाटै प्रशासनले जफत गर्ने उद्देश्य राखेको जानकारीमा आएपछि जफत हुनु अगावै २०० (दुई सय) प्रति सुरक्षित स्थानमा लगिएको कुरा मदनमोहन जोशीद्वारा यसरी व्यक्त गरिएको छ- "प्रशासनका मानिस छापाखाना पुग्नु अगावै हामी त्यहाँ पुगेर **नौलो राँको** चितवन अङ्कका २०० (दुईसय) प्रति प्राप्त गऱ्यौं र आफ्ना खास-खास सीमित पाठकहरू तथा विज्ञापनदाताहरूमा पुऱ्याउन सफल भयौं ।"[२५] प्रगतिशील विचारको विरुद्धमा उभिनेहरूबाट **नौलो राँको**लाई स्थापनाकालदेखि नै खतरा रहेको र राँको निभाउन **छहरो** नामक पत्रिका २०२७ मा प्रकाशित गरिएको कुरा विभिन्न लेखहरूमा व्यक्त गरिएको छ । प्रशासनिक दमनको बाबजुद पनि **नौलो राँको**को पाँचौं अङ्क प्रकाशित गर्ने तयारी गरिएको र प्रशासनको निगरानी रहेकै कारणले यसका प्रकाशक तथा सम्पादकहरूमा फेरबदल गर्नु

---

[२५] मदनमोहन जोशी, *नौलो राँको र साहित्य सङ्गम चितवनको सम्बन्ध*, **नौलो राँको**, वर्ष ४१, अङ्क ९, २०६६, पृ. १३६ ।

परेको कुरा पनि लेखमा यसरी उल्लेख गरिएको छ : "चौथो जस्तै पाँचौं अङ्कमा प्रतिबन्ध लाग्यो र पनि हामीले छापाखानाबाट केही (अन्दाजी दुईसय प्रति जति) प्राप्त गर्न सफल भएका हौँ । बाँकी सबै प्रतिहरू अग्रगति नचाहनेहरूले जफत गरेपछि दुई-दुई पटकको यो नोक्सानीले **नौलो राँको**लाई आर्थिक मार पर्न जान्छ । यो ठूलो सङ्कटमा पर्न गएको हुन्छ । अनि साथीहरू लाखापाखा लाग्नु परेको हुन्छ ।"[२६]

मदनमोहन जोशीले **नौलो राँको**को छैटौं अङ्क (२०५६) को *नौलो राँको र साहित्य सङ्गम चितवनको सम्बन्ध* लेखमा उल्लेख गरेअनुसार यसको पाँचौं अङ्कमा म्याक्सिम गोर्कीको *सजाय* शीर्षकको कथा छापिएको र कथामा एउटी महिलामाथि हुने अन्याय अत्याचारको राम्रो चित्रण गरिएको कुरा उल्लेख छ । त्यस्तै उक्त अङ्कमा वासुदेव शर्माले लेखेको कवि रिमालबारेको लेख र अबराइदको प्यालेस्टाइनी कथा *अनिदो रात* प्रकाशित भएको र कथा क्रान्तिकारी हुनुको साथै चाखलाग्दो र उत्साहजनक समेत भएको चर्चा गरिएको छ । यसै गरी पाँचौं अङ्कमा नेपालको सीमासन्बन्धी समस्याका बारेमा लेखिएको *पीडित* शीर्षकको लेख छापिएको र सो लेख आजसम्म पनि उत्तिकै सान्दर्भिक रहेको बताइएको छ भने पाब्लो नेरुदाको *निरङ्कुश शासक* कविता प्रकाशित गरिएको र सो कवितामा निरङ्कुश शासक कस्ता हुन्छन् भन्ने कुराको छोटोमा पूर्ण बयान गरिएको भन्ने उल्लेख छ । त्यसरी नै पाँचौ अङ्कमा मञ्जुलको कविता *साथीको सम्झना,* एङ्गेल्सको *परिवार, व्यक्तिगत सम्पत्ति तथा राज्यको प्रारम्भ* नामक धाराबाहिक लेख, गोरखराज भारोको *न्यानीलो घाम ताप्छु* कविता र ईश्वरी पियाको *मेरो सपना* कविता प्रकाशित भएका र यी राम्रा पनि भएको टिप्पणी गरिएको छ ।

यसरी **नौलो राँको**को पाँचौं अङ्क प्रकाशनकै क्रममा छापाखानाबाट जफत गरी नष्ट गरिएको र करिब दुईसय प्रति सुरक्षित राख्न सम्भव भएको भन्ने मदनमोहन जोशीको स्वीकारोक्तिबाट उक्त पाँचौं अङ्कका सबै प्रतिहरू नष्ट नभएको स्पष्ट हुन्छ । करिब दुईसय प्रति सुरक्षित राखिएको भनिएकामध्ये सबै नभए पनि केही प्रतिहरू अहिले पनि उपलब्ध हुनुपर्ने हो । प्रस्तुत शोधकार्यको सामग्री सङ्कलनका क्रममा **नौलो राँको**का सम्बन्धित प्रकाशक तथा सम्पादकहरूसँग सम्पर्क गरी सोधपुछ गर्दा एउटै प्रति पनि यस शोधकर्तालाई प्राप्त हुन नसकेकाले पाँचौं अङ्कका रचनाहरूका बारेमा यस शोधपत्रमा विश्लेषणात्मक टिप्पणी गरिएको छैन ।

[२६] पूर्ववत्, पृ. १३७ ।

# परिच्छेद : पाँच

# नेपाली साहित्यमा नौलो राँको पत्रिकाको योगदान

# परिच्छेद : पाँच

# नेपाली साहित्यमा 'नौलो राँको' पत्रिकाको योगदान

## ५.१ विषय परिचय

यस परिच्छेदमा **नौलो राँको** पत्रिकाको प्रकाशनको पृष्ठभूमिबारे चर्चा गर्नुका साथै नेपाली साहित्यको उत्थानमा यस पत्रिकाले निर्वाह गरेको भूमिकाका सम्बन्धमा विश्लेशण गरिएको छ ।

## ५.२ 'नौलो राँको' पत्रिका प्रकाशनको पृष्ठभूमि

वि.सं. २०११ सालको बाढीले समस्यामा परेका मानिसहरूलाई पुनर्वासको व्यवस्था मिलाउन राप्ती दून विकास विभागको गठन र यसको प्रचारप्रसार चारैतिर भएपछि चितवनमा नेपालका विभिन्न स्थानबाट मानिसहरू बसाइँ सरी आउने क्रम तीव्र हुन थाल्यो । आदिवासी थारू, दनुवार आदिको मात्र बसोबास भएको चितवनको मैदानी क्षेत्रमा पहाडदेखिबाट मानिसहरूको आगमन हुन थालेपछि २०१२/१३ सालदेखि यस क्षेत्रमा विस्तारै चहलपहल बढ्न थाल्यो । बाढीपीडितलाई पुनर्वास गराउनमा सरकारी सहयोग पनि भएकाले चितवनमा मानिसहरूको आकर्षण बढ्न थाल्यो । यद्यपि बाढीपीडितलाई जग्गा वितरण गर्ने प्रक्रियामा अनियमितता भई हुने खाने वर्ग र सरकारी मानिसको चाकडी पुऱ्याउनेहरूले नै अधिकांश जमिन हात पार्ने र वास्तविक बाढीपीडित र सुकुम्बासी अन्यायमा पर्नुपरेकाले धनी र गरिबबिच विभेद बढ्दै जान थाल्यो । अशिक्षा, कुरीति, अन्धविश्वास, सामाजिक विभेद, शोषण आदिबाट पीडित बहुसङ्ख्यक गरिब जनताको दिनचर्या दिनानुदिन कमजोर बन्दै गयो भने सीमित सङ्ख्यामा रहेका सम्पन्न वर्गले विपन्नहरूमाथि झन्झन् शोषण र थिचोमिचो गर्न थाले । चितवन हाइस्कुल, वीरेन्द्र इन्टर कलेजलगायत केही शिक्षण संस्था खुलेपछि त्यहाँ अध्ययन तथा अध्यापनरत सचेत व्यक्तिहरूमा केही गर्नुपर्छ भन्ने भावना जागृत भइरहेको थियो । "अन्याय अत्याचार, शोषण, दमन र भेदभावका विरुद्ध आवाज बुलन्द गर्न प्रगतिवादी विचारका पक्षधर सङ्गठित हुनुपर्ने आवश्यकता उनीहरूले महसुस गर्न थाले ।"[1]

---

[1] मदनमोहन जोशी, *नौलो राँको र साहित्य सङ्गम चितवनको सम्बन्ध*, **नौलो राँको**, पूर्ववत्, पृ. १३६ ।

अर्कोतर्फ पञ्चायती निरङ्कुश सरकार सामन्तवादका पृष्ठपोषकहरूलाई संरक्षण दिन्थ्यो भने यथास्थितिबाट परिवर्तनको चाहना राख्ने र प्रगतिवादमा विश्वास गर्नेहरूलाई दुःख दिने, अनेकौं झुट्टा मुद्दाहरू लगाउने, याताना दिने जस्ता कुकृत्यहरू गरिरहन्थ्यो । शोषणको चपेटामा परेको नेपाली सर्वहारा समाजलाई त्यस्तो अवस्थाबाट छुट्कारा पाउने उपर्युक्त बाटोको खोजी गर्नु तत्कालीन अवस्थामा सचेत वर्गको कर्तव्य पनि थियो । यसै सिलसिलामा "वि.सं २०२५ साल चैत्र २३ गते जोशी पुस्तक भवन नारायणगढमा" [२] मदनमोहन जोशीको आह्वानमा चितवनका केही जागरुक व्यक्तिहरू, विद्यालय तथा क्याम्पसका शिक्षक र विद्यार्थीहरूसमेतको एक भेलाको आयोजना गरियो । भेलामा साहित्यलाई समाज र संस्कृतिको आमूल परिवर्तन गर्ने साधनका रूपमा उपयोग गर्न सकिन्छ भन्ने निष्कर्षका साथ एउटा साहित्यिक पत्रिका प्रकाशन गर्ने र सो पत्रिकाको नाम **नौलो राँको** राख्ने निर्णय गरियो । ज्वलनशील राँकोले रूढिवादी र बेकम्मा विचारहरू तथा अन्याय र अत्याचारलाई डढाउँदै भस्म पार्ने र स्वच्छ र वैज्ञानिक चिन्तनमा आधारित नयाँ समाजको निर्माण गर्न सहयोग पुऱ्याउने अपेक्षा राखियो । सो पत्रिकाको प्रकाशक तथा सम्पादकमा मदनमोहन जोशीको नाम प्रस्तावित भएकोमा उनले आफू बाहिरै बसेर पूरा सहयोग गर्ने बताएपछि भेलाले बाबुराम पाण्डे, हरिहर खनाल र प्रभातकुमार जोशीलाई प्रकाशक तथा सम्पादकको रूपमा चयन गरेको उल्लेख गरिएको छ । पत्रिका प्रकाशनको निम्ति आर्थिक प्रबन्ध मिलाउन चन्द्रराज भुर्त्याल, श्रीभक्त अच्युत वाग्ले, शैलेन्द्रकुमार पिया, चूडामणि चौधरी, मदनमोहन जोशीलगायत नौ सदस्यीय आर्थिक परिषदको गठन गरिएको र विधान मस्यौदा गर्न सोमनाथ घिमिरे, रविकिरण निर्जीव र विष्णुप्रसाद शर्माको तिन सदस्यीय टोली गठन गरिएको बताइएको छ । दोस्रो बैठकले सम्पादक तथा प्रकाशकहरूमा नयाँ नामावलीको चयन गरी प्रकाशकमा बाबुराम पाण्डे, पशुपति वाग्ले र ऋद्धिनारायण पिया तथा सम्पादक मण्डलमा मुरारीमोहन जोशी, हरिहर खनाल र प्रभातकुमार जोशीलाई समावेश गरेको र सोही समितिद्वारा वि.सं. २०२६ असारमा **नौलो राँको**को प्रथम अङ्कको प्रकशन गरिएको कुरा उल्लेख गरिएको छ ।

## ५.३ नेपाली साहित्यमा 'नौलो राँको' पत्रिकाको योगदान

कुनै पनि राष्ट्रको भाषा-साहित्यको उत्थान र विकासका लागि पत्रपत्रिकाहरूको प्रकाशन हुनु आवश्यक मानिन्छ । नेपाली साहित्यको विकासमा पनि कतिपय पत्रपत्रिकाहरू

[२] ऐजन ।

कोसेढुङ्गा सावित भएका तथ्यहरू ताजा नै छन् । मोफसलबाट प्रकाशित हुने साहित्यिक पत्रिकाहरूमध्ये **नौलो राँको** पनि एक महत्त्वपूर्ण पत्रिका हो । वि.सं. २०२६ देखि प्रकाशन आरम्भ भएको र वि.सं. २०४७ बाट साहित्य सङ्गम चितवनको मुखपत्रको रूपमा प्रकाशित हुन थालेको **नौलो राँको** मूलतः चितवनका प्रगतिवादी साहित्यिक पत्रिकामध्ये अग्रणी मानिन्छ । **नौलो राँको** पत्रिकाको पहिलो अङ्क (सामयिक भेट २०२६) देखि नवौँ अङ्क (मनदमोहन जोशी विशेषाङ्क २०६६) सम्म साहित्यका विविध विधा तथा उपविधाका धेरै रचनाहरू प्रकाशित भएका छन् । कविता विधा र यसका उपविधा अन्तर्गत **नौलो राँको**का पहिलोदेखि नवौँ अङ्कसम्म जम्मा एकसय सत्ताइस कविता, तिन गीत, सात हाइकु र पाँच गजलहरू समावेश भएका छन् । यसको छैटौँ अङ्क चाहिँ २०४६ को जन आन्दोलनका क्रममा सडकमा वाचन गरिएका कविताहरूलाई सङ्कलन गरी कविता अङ्कका रूपमा प्रकाशित छ । बद्ध र मुक्त तथा लोकलयमा रचिएका कविताहरूमा नेपाली समाजमा व्याप्त विभिन्न खाले विकृति तथा विसङ्गतिहरूप्रति व्यङ्ग्य गरिनुका साथै विद्रोही भाव पनि व्यक्त भएको छ । **नौलो राँको**मा प्रकाशित कविताहरूले नेपाली साहित्यमा कविता विधाको विकासमा नयाँ आयाम थप्ने कार्य गरेका छन् ।

**नौलो राँको**मा जम्मा चौध कथा र दुई लघुकथा प्रकाशित भएका छन् । मुख्यतः सामाजिक क्षेत्रबाट कथावस्तु लिइएका यसका कथामार्फत सामजिक तथा राजनीतिक क्षेत्रमा व्याप्त विकृतिहरूप्रति प्रहार गरिनुका साथै वर्गीय शोषण र त्यसबाट उत्पन्न समस्याहरूप्रति विद्रोही भावना प्रकट गरिएको छ । **नौलो राँको**को दोस्रो र तेस्रो अङ्कमा एक लघुउपन्यास **औँसीको रातपछि** प्रकाशित भएको छ । उपन्यासमा नेपाली समाजमा हुने नारी शोषणको समस्यालाई विषयवस्तु बनाइएको छ । अशिक्षा, गरिबी, अन्धविश्वास, कुरीति आदिका कारण नेपाली महिलाहरूले भोग्नुपरेका समस्याहरू देखाउन उपन्यास सफल भएको छ । यसरी **नौलो राँको**मा प्रकाशित कथा र उपन्यासले नेपाली आख्यानको विकासमा एक इँट्टा थप्ने कार्य गरेका छन् ।

**नौलो राँको**मा सङ्ख्यात्मक दृष्टिले लेख तथा निबन्धले दोस्रो प्राथमिकता पाएका छन् । यसको छैटौँ अङ्कबाहेक अन्य सबै अङ्कमा निबन्धलाई महत्त्वपूर्ण स्थान दिएर प्रकाशित गरिएको छ । यसमा चौतिसजना निबन्धकारका जम्मा बयालिसवटा लेख तथा निबन्धहरू प्रकाशित भएका छन् । आत्मपरक तथा वस्तुपरक शैलीमा लेखिएका निबन्धहरूमा समसामयिक विविध विषयवस्तु समेटिएका छन् । निबन्ध, नियात्रा, संस्मरण,

थारू भाषाका लेखहरूसमेत समेटिएका उत्कृष्ट निबन्धको प्रकाशनबाट नेपाली निबन्धको विकासमा महत्त्वपूर्ण योगदान पुगेको छ ।

यसका सातौँ र आठौँ अङ्कहरूमा दुईवटा एकाङ्की प्रकाशित भएका छन् । सामाजिक तथा राजनीतिक कथावस्तुमा आधारित एकाङ्कीका माध्यमबाट मानव बेचबिखनजस्तो जघन्य अपराध गर्ने अपराधीहरू हाम्रै समाजमा रहेको तथ्य खुलासा गर्नुका साथै दसबर्से माओवादी जनयुद्धको औचित्य र त्यसका विभिन्न मोडहरूबारे प्रकाश पार्ने कार्य गरिएको छ । एकाङ्की दृश्यात्मक विधा भएको र अभिव्यक्तिको एक प्रभावकारी माध्यमसमेत भएकोले संवादको माध्यमबाट सामाजिक तथा राजनीतिक विकृतिहरूलाई आम जनताको सामु प्रस्तुत गर्न एकाङ्कीहरू सफल भएका छन् ।

**नौलो राँको** पत्रिकाको पहिलोदेखि नवौँ अङ्कसम्म समालोचना, समीक्षा, पुस्तक परिचयजस्ता समलोचना विधाअन्तर्गतका सामग्रीहरू पनि प्रकाशित भएका छन् । समालोचनामा साहित्यिक कृतिलाई पढेर गुण र दोषको राम्रो विवेचना गर्ने र त्यसका सम्बन्धमा आफ्नो रायसमेत प्रकट गरिने हुनाले यो कार्य द्रष्टा प्रतिभाबाट मात्र सम्भव हुन्छ । कुनै पनि साहित्यिक कृतिको आफ्नो मूल्य हुने भएकाले त्यही सौन्दर्यपरक मूल्यको पारख गर्ने कार्य समालोचनामा गरिन्छ । समालोचना सैद्धान्तिक र व्यावहारिक गरी मुख्यतः दुई प्रकारको हुन्छ । **नौलो राँको**मा दुवै प्रकारका समालोचनात्मक लेखहरू प्रकाशित छन् । उच्च बौद्धिकतायुक्तदेखि लिएर सामान्य खालका समालोचना, पुस्तक परिचय, पुस्तक समीक्षा जस्ता समालोचनामूलक लेखहरू प्रकाशित गरी **नौलो राँको** नेपाली समालोचनाको क्षेत्रमा पनि केही योगदान दिन सफल भएको छ ।

त्यसै गरी कुनै खास विधाअन्तर्गत समेट्न नसकिने विभिन्न प्रकारका लेखरचनाहरू पनि **नौलो राँको**मा प्रकाशित भएका छन् । साहित्यिक इतिहास, व्यक्तित्व चर्चा, अन्तको साहित्य, पाठक भेटवार्ता, पाठक प्रतिक्रिया, चिठीपत्र, आलेखहरू आदि प्रकाशित गरी **नौलो राँको** पत्रिकाले नेपाली भाषा र साहित्यको उत्थानमा उल्लेख्य प्रयास गरेको छ ।

यसरी प्रगतिशील विचारबाट प्रेरित साहित्यिक रचनाहरूको माध्यमबाट जनचेतना अभिवृद्धि र भाषा तथा साहित्यको उत्थान गर्ने कार्यमा **नौलो राँको** पत्रिका सफल भएको छ ।

## ५.४ निष्कर्ष

नेपाली साहित्यको श्रीवृद्धिमा योगदान पुऱ्याउने तथा देशका दूर दराजमा छरिएर रहेका प्रौढ तथा नवोदित प्रतिभाका रचनाहरूलाई पत्रिकाका माध्यमबाट पाठकसमक्ष

पुऱ्याउने उद्देश्यले प्रकाशन आरम्भ गरिएको **नौलो राँको** पत्रिकामा साहित्यका सबै विधाहरूले स्थान पाएका छन् । मूलतः प्रगतिवादी साहित्यलाई मलजल पुऱ्याउने उद्देश्य भएकाले यसमा प्रकाशित प्रायः सबै रचनाहरू प्रगतिवादी सिद्धान्तबाट प्रेरित छन् । **नौलो राँको**को पहिलोदेखि नवौं अङ्कसम्म साहित्यका विभिन्न विधाका जम्मा दुईसय चौबिसवटा लेखरचनाहरू प्रकाशित भई नेपाली भाषा र साहित्यको उन्नयनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । समाजमा देखापरेका सबै खालका खराबीहरूलाई डढाएर भस्म पार्ने आगोको ज्वाला वा राँको समानका आक्रामक विचारहरू सम्प्रेषण गर्ने उद्देश्यले नै यसलाई **नौलो राँको** नामकरण गरिएको यसका प्रकाशक तथा सम्पादकको भनाइ रहेको छ । जनपक्षीय साहित्यले नै जनचेतना अभिवृद्धि गरी समाजमा जागरण ल्याउन सम्भव हुने र भोकानाङ्गा जनतालाई दासता र शोषणबाट मुक्त हुन बाटो देखाउने भएकाले **नौलो राँको** आफ्नो उद्देश्य प्राप्तिमा सफल भएको छ । यसमा कविता, कथा, लेख तथा निबन्ध, समालोचना, एकाङ्की, उपन्यास जस्ता साहित्यका सबै विधाहरूलाई उचित स्थान दिएर प्रकाशित गरिएको छ । प्रगतिशील भावनाले ओतप्रोत साहित्यका यिनै विविध विधाका रचनाहरूको माध्यमबाट जनसाधारणको चेतना अभिवृद्धि गर्ने र भाषा तथा साहित्यको सेवा गर्ने दुबै कार्यमा सफलता हासिल गर्नु नै **नौलो राँको** पत्रिकाको प्राप्ति हो र नेपाली साहित्यमा यसको योगदान पनि हो ।

# परिच्छेद : छ

# उपसंहार

# परिच्छेद : छ
# उपसंहार

भाषा तथा साहित्यको विकासमा साहित्यिक पत्रपत्रिकाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली साहित्यको विकासक्रममा साहित्यिक पत्रपत्रिकाहरूले विभिन्न परिवर्तनहरू ल्याएका छन् भने कतिपय पत्रिकाले निश्चित वाद र धारा तथा प्रवृत्तिहरूको नेतृत्वसमेत गरेका छन् । यसै सन्दर्भमा वि.सं.२०२६ देखि प्रगतिशील साहित्यको विकास गर्ने उद्देश्यले चितवन जिल्लाबाट प्रकाशित हुन थालेको **नौलो राँको** पत्रिका २०६६ सालसम्म जम्मा नौ अङ्क प्रकाशित भई नेपाली भाषा र साहित्यको उत्थानमा सक्रिय रहँदै आएको छ । वि. सं. २०३० सम्म निरन्तर रूपमा पाँच अङ्कसम्म प्रकाशित भएकोमा तत्कालीन पञ्चायती प्रशासनले यसको छापाखानामा हस्तक्षेप गरी पाँचौँ अङ्कका अधिकांश प्रतिहरू जलाएर नष्ट गरिदिएपछि यसको प्रकाशनमा अवरोध हुन पुगेको यसका प्रकाशक तथा सम्पादकहरूको भनाइ रहेको छ । वि.सं. २०४६ को परिवर्तनपछि **नौलो राँको** साहित्य सङ्गम चितवनको मुखपत्रको रूपमा प्रकाशित हुँदै आएको छ । हालसम्म **नौलो राँको** पत्रिकालाई मुरारीमोहन जोशी, हरिहर खनाल, प्रभातकुमार जोशी, सोमनाथ घिमिरे, रविकिरण निर्जीव, प्रकाश चापागाईं, गुणराज लोहनी, पोषराज पौडेल, भवनाथ सडौला, होमनाथ सापकोटा, पूर्णबहादुर अधिकारी, द्वारिका नेपाल, रमेश प्रभात, देवराज पौडेल आदिले सम्पादन गरेका छन् ।

मोफसलबाट प्रकाशित भई विभिन्न स्रष्टाहरूका लेखरचनालाई पहिलो अङ्क (२०२६) देखि नवौं अङ्क (२०६६) सम्म **नौलो राँको**मा एकसय अठासी जना प्रौढ तथा नवोदित स्रष्टाहरूद्वारा रचिएका विविध विधाका जम्मा दुईसय चौबिसवटा रचनाहरू प्रकाशित भएका छन् । तीमध्ये कविता विधाअन्तर्गत एकसय बाह्रजना कविका एकसय तिसवटा कविताहरू, पाँचजना गजलकारका पाँचवटा गजलहरू दुई हाइकुकारका सातवटा हाइकुहरू, तिन गीतकारका तिनवटा गीतहरू प्रकाशित भएका छन् । बद्ध, मुक्त, गीति तथा लोक लयहरूमा रचिएका कविताहरूमा विभिन्न प्रकारका भावहरू व्यक्त भएको पाइन्छ । समग्रमा **नौलो राँको**मा प्रकाशित कविताहरूमा सबैखाले शोषण र उत्पीडनबाट उन्मुक्तिको

लडाइँमा सामन्तवाद र त्यसका अवशेषहरूमाथि विजय प्राप्त गरी समुन्नत वैज्ञानिक समाज स्थापनाको चाहनाको भाव व्यक्त भएको पाइन्छ । यसै मूल कथ्यलाई पुष्टि गर्न कविताहरूमा विभिन्न प्रकारका अलङ्कार, बिम्ब र प्रतीकहरूको प्रयोग गर्नुको साथै प्रकृतिको मानवीकरण पनि सुन्दर ढङ्गबाट गरिएको छ ।

**नौलो राँको**मा चौधजना कथाकारका जम्मा सत्रवटा कथा र लघुकथाहरू प्रकाशित छन् । मुख्यतः सामाजिक तथा राजनीतिक क्षेत्रबाट कथावस्तु लिइएका कथाहरूको माध्यमबाट नेपाली समाजका सामाजिक, राजनीतिक तथा सांस्कृतिक लगायतका क्षेत्रका विविध समस्याहरूलाई विभिन्न वर्गीय पात्रहरूको माध्यमबाट प्रकट गरिएको छ । **नौलो राँको**मा एक लघुउपन्यास पनि प्रकाशित छ । उक्त उपन्यासको माध्यमबाट नेपाली समाजमा सामाजिक विकृतिका रूपमा रहेका बालविवाह, लैङ्गिक विभेद आदिका कारण नेपाली नारीहरूले भोग्नुपरेका समस्याहरूलाई देखाइएको छ ।

**नौलो राँको**मा कवितापछि सर्वाधिक महत्त्व दिइएको विधा निबन्ध हो । यसमा चौँतिसजना निबन्धकारका बयालिसवटा लेख निबन्धहरू प्रकाशित भएका छन् । निबन्धहरू आत्मपरक तथा वस्तुपरक दुबै शैलीमा लेखिएका छन् । तिनमा सामाजिक विकृति, वर्गीय विभेद, राजनीतिक समस्या आदिलाई विषयवस्तु बनाइएको छ । निबन्धको भाषा सरल तथा सहज र सम्प्रेषणीय छ भने केहीलाई छाडेर बाँकी निबन्धहरू स्तरीय छन् ।

**नौलो राँको**मा एकजना एकाङ्कीकारका दुईवटा एकाङ्कीहरू प्रकाशित भएका छन् । सामाजिक र राजनीतिक क्षेत्रबाट कथावस्तु लिइएका एकाङ्कीहरूमा मूल रूपमा सामाजिक विकृति र राजनीतिक समस्याहरूलाई औंल्याइएको छ । एकाङ्कीमा चेलीबेटी बेचबिखन जस्तो सामाजिक समस्या सुल्झाउनु पर्ने र माओवादी द्वन्द्वकालका सबल तथा दुर्बल पक्षबारे मूल्याङ्कन गनुपर्ने विचार अघि सारिएको छ । अधिक पात्रको प्रयोग हुनु र एकोन्मुखता नहुनु जस्ता कमजोरीहरू देखिए पनि एकाङ्कीको कथावस्तु सान्दर्भिक छ भने यसको भाषा सहज तथा सरल रहेको छ ।

**नौलो राँको**मा समालोचना विधालाई पनि समावेश गरिएको छ । यसमा आठजना समालोचकका आठैवटा समालोचकीय लेखहरू प्रकाशित भएका छन् । समालोचना, समीक्षा, पुस्तक परिचयजस्ता समालोचनाधर्मी लेखहरूमा सैद्धान्तिक र व्यावहारिक दुबै किसिमले कृतिहरूको विश्लेषण गरिएको छ । यसै गरी **नौलो राँको**मा खास विधाअन्तर्गत समेट्न नसकिने कतिपय लेख रचनाहरूलाई 'विविध' शीर्षकअन्तर्गत राखेर प्रकाशित गरिएको छ ।

त्यस्ता लेखहरूमा व्यक्तित्व चर्चा, साहित्यिक इतिहास, आलेख, अन्तको साहित्य, चिट्ठी, पाठक प्रतिक्रिया आदि रहेका छन् । यस किसिमका लेख रचनाहरूका माध्यमबाट पनि विविध क्षेत्रका जानकारीहरू पाठकसमक्ष पस्कने कार्य गरी भाषा र साहित्यका क्षेत्रमा टेवा पुऱ्याउने प्रयास गरिएको छ ।

**नौलो राँको**को पाँचौं अङ्क सरकारी हस्तक्षेपद्वारा प्रकाशन गृहबाटै जफत गरी नष्ट गरिएको भन्ने भनाइ रहेको छ । हाल उक्त अङ्क कतै पनि प्राप्त नभएकोले सो बाहेकका अन्य अङ्कहरूलाई लिएर यो शोधपत्र तयार पारिएको हो । **नौलो राँको** पत्रिका र साहित्य सङ्गम चितवनका संस्थापक मदनमोहन जोशीको **नौलो राँको**को आठौं अङ्कमा *नौलो राँको र साहित्य सङ्गम चितवनको सम्बन्ध* शीर्षकको लेखमा जफत हुनुअगावै यसका करिब दुई सय प्रतिहरू सुरक्षित राख्न आफूहरू सफल भएको र उक्त पाँचौं अङ्कमा म्याक्सिम गोर्कीको एउटा कथा, कवि मञ्जुलको कविता, पाब्लो नेरुदाको एक कविता लगायतका विभिन्न सामग्रीहरू प्रकाशित भएको भनी उल्लेख गरिएको छ ।

यसरी मोफसलबाट प्रकाशित भएर विभिन्न व्यवधानहरूको सामना गर्दै **नौलो राँको**ले मूलतः स्थानीय स्रष्टाका कविता, कथा, निबन्ध, एकाङ्की, समालोचनाजस्ता साहित्यका विविध विधाका सिर्जनाहरू प्रकाशित गरी पाठकसमक्ष पुऱ्याउने कार्य गरेको छ । यसबाट नेपाली भाषा तथा साहित्यको श्रीवृद्धिमा सहयोग पुगेको छ । मूलतः नेपाली साहित्यको प्रगतिवादी धारको उत्थानमा **नौलो राँको**ले निर्वाह गरेको भूमिका उल्लेखनीय छ ।

# सन्दर्भग्रन्थ सूची

# सन्दर्भग्रन्थ सूची


अधिकारी, सरिता, **नेपाली साहित्यमा मधूलिका पत्रिकाको योगदान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६६ ।

कडेल, घनश्याम, (सम्पा.), **नेपाली समालोचना**, ललितपुर : साझा प्रकाशन, २०५५ ।

कोइराला, रामकला, **चितवन जिल्लाबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरूको विवरणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६८ ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण,** चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२ ।

जोशी, मदनमोहन, *नौलो राँको र साहित्य सङ्गम चितवनको सम्बन्ध,* **नौलो राँको**, (वर्ष ३९, अङ्क ८, २०६४) पृ.१३१-१४३ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) **नेपाली कविता भाग २**, ललितपुर : साझा प्रकाशन २०४८ ।

थापा, हिमांशु, **साहित्य परिचय**, ते. सं., ललितपुर : साझा प्रकाशन, २०४७ ।

देवकोटा, लक्ष्मीप्रसाद, *भूमिका,* **लक्ष्मी निबन्ध सङ्ग्रह**, तेस्रो सं., काठमाडौं : ने.भा.प्र.सं., २०२० ।

पराजुली, कृष्णप्रसाद, (सम्पा.) **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : ने.रा.प्र.प्र., २०४० ।

पोखरेल, डी. आर., *चितवनको साहित्यिक पत्रकारिताको सङ्क्षिप्त रूपरेखा,* **हाम्रो सिर्जना**, (वर्ष ४, पूर्णाङ्क ८ र ९, २०६६) पृ. ४-८ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर : साझा प्रकाशन, दो.सं., २०५८ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौं : ने.रा.प्र.प्र., २०६६ ।

———————— **नेपाली कवि र कविता**, काठमाडौं : विभुऋभु प्रकाशन २०५८ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको ऐतिहासिक परिचय,** ते.सं., ललितपुर : साझा प्रकाशन, २०६३ ।

श्रेष्ठ, दयाराम, (सम्पा.), **नेपाली कथा** भाग-४, दोस्रो सं., ललितपुर : साझा प्रकाशन, २०६० ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, पाँचौं सं., ललितपुर : साझा प्रकाशन, २०५६ ।

सापकोटा, निर्मलादेवी, **चितवनको साहित्यिक विकासमा साहित्य सङ्गम चितवनको योगदान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्यामपस, भरतपुर, २०६७ ।

सुवेदी, राजेन्द्रप्रसाद, **स्नातकोत्तर नेपाली निबन्ध**, ते.सं., काठमाडौँ : पाठ्यसामग्री पसल, २०५६ ।